# विजय मल्लका उपन्यासमा लैङ्गिकता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तह
तेस्रो सत्रको ६०९ र ६१० औँ पत्रको
पाठ्यांशको प्रयोजनका लागि
प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी
अनिता पुन
त्रि.वि दर्ता नं. : ३३८८०-९०
दर्शनाचार्य तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर
२०७७

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तेस्रो सत्रका विद्यार्थी श्री अनिता पुनले दर्शनाचार्य सङ्केतार्थ ६०९ र ६१० को प्रयोजनार्थ *विजय मल्लका उपन्यासमा लैङ्गिकता* शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आन्तरिक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७७/११/२४

........................

प्रा. डा. महादेव अवस्थी

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## शोधप्रबन्ध मूल्याङ्कन समितिको स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय, विभागका विद्यार्थी अनिता पुनले दर्शनाचार्य तहको पाठयांश सङ्केतार्थ ६०९ र ६१० को प्रयोजनार्थ तयार पार्नु भएको "विजय मल्लका उपन्यासमा लैङ्किकता" शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| १. प्रा. डा. कृष्णप्रसाद घिमिरे (विभागीय प्रमुख) | ........................ |
| २. प्रा. डा. महादेव अवस्थी (शोधनिर्देशक) | ........................ |
| ३. प्रा. डा. ताराकान्त पाण्डेय (आन्तरिक परीक्षक) | .......................... |
| ४. प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल (बाह्य परीक्षक) | ......................... |

मिति : २०७७/१२/०२

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह, तेस्रो सत्रको पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको 'विजय मल्लका उपन्यासमा लैङ्गिकता' शीर्षकको शोधप्रबन्ध मैले आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीको निर्देशनमा प्राज्ञिक सल्लाह तथा कुशल निर्देशनमा तयार पारेकी हुँ। प्रस्तुत शोधप्रबन्ध तयार गर्न प्राज्ञिक सल्लाह, कुशल मार्ग निर्देशन गरेर शोधकार्य सम्पन्न गर्न उत्प्रेरित गर्नुभएको छ । यसका निम्ति मेरा आदारणीय गुरु महादेव अवस्थीप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधप्रबन्ध तयार गर्ने सन्दर्भमा प्राज्ञिक सल्लाह दिँदै शोधको आन्तरिक परीक्षण गरेर विषयगत पक्षमा परिमार्जनका सुझाउ दिनु हुने र शोधप्रबन्धको बाह्य परीक्षकको भूमिकामा रही मलाई समुचित मार्गनिर्देशन दिनु हुने आदारणीय गुरुहरू प्रा.डा.ताराकान्त पाण्डेय र प्रा. डा. खगेन्द्रप्रसाद लुइटेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

त्यस्तै गरी दर्शनाचार्य अध्ययनका क्रममा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिएर सत्मार्गतर्फ प्रेरित गर्नु हुने आदारणीय गुरुहरू प्रा. डा. देवीप्रसाद गौतम प्रा. डा. रमेशप्रसाद भट्टराई र प्रा. केशवप्रसाद सुवेदीप्रति पनि कृतज्ञताज्ञापन गर्दछु। नेपाली केन्द्रीय विभागका विभागीय प्रभुख आदारणीय गुरु प्रा. डा. कृष्णप्रसाद घिमिरेप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु।

त्यसै गरी शोधप्रबन्ध तयार गर्ने क्रममा आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति र मलाई अध्ययन एवम् अनुसन्धानमा सदैव उत्प्रेरणा दिनु हुने मेरा पूजनीय माता पिता र मेरी दिज्यू रूपा रानाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु। मेरी छोरी एलिजा पुनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। त्यसै गरी सुदीप पोखरेलप्रति पनि हार्दिक आभार प्रकट गर्दछु। प्रस्तुत शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि म शोधप्रबन्ध मूल्याङ्कन समिति समक्ष पेस गर्दछु।

................................

मिति : २०७७/११/२४

अनिता पुन
क्रमाङ्क : ६/२०७४
दर्शनाचार्य तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग

# विषयसूची


**पहिलो परिच्छेद : शोधपरिचय** **१-१२**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्यकथन २

१.४ पूर्वकार्यकोसमीक्षा ३

१.५ औचित्य र महत्व ९

१.६ सीमाङ्कन ९

१.७ अध्ययन विधि १०

१.७.१ सामग्री सङ्कलन विधि १०

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा १०

१.८ शोध प्रबन्धको रुपरेखा १२

**दोस्रो परिच्छेद : विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व** **१३-३८**

२.१ विषयपरिचय १३

२.२ लैङ्गिक प्रतिनिधित्व सम्बन्धी सैद्धान्तिक मान्यता १३

२.३ *अनुराधा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व १५

२.३.१ *अनुराधा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व १५

२.३.२ *अनुराधा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व १९

२.४ *कुमारी शोभा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व २३

२.४.१ *कुमारी शोभा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व २४

२.४.२ *कुमारी शोभा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व २९

२.५ *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व ३१

२.५.१ *श्रीमती शारदा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व ३२

२.५.२ *श्रीमती शारदा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व ३५

२.५ निष्कर्ष ३८

**तेस्रो परिच्छेद : विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडन** **४१-५७**

३.१ विषयपरिचय ४१

३.२ लैङ्गिक उत्पीडन सम्बन्धी सैद्धान्तिक मान्यता ४१

३.३. *अनुराधा* उपन्यासमा लैङ्गिक उत्पीडन ४२

३.३.१ पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन ४३

३.३.२ महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन ४४

३.३.३ महिलाद्वारा महिलामाथि गरिएको उत्पीडन ४७

३.४ *कुमारी शोभा* उपन्यासमा लैङ्गिक उत्पीडन ४९

३.४.१ पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन ५०

३.४.२ महिलाद्वारा महिलामाथि गरिएको उत्पीडन ५०

३.४.३ महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन ५२

३.५ *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक उत्पीडन ५३

३.५.१ पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन ५३

३.५.२ महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन ५६

३.६ निष्कर्ष ५७

**चौथो परिच्छेद : विजय मल्लका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ६०-८२**

४.१ विषयपरिचय ६०

४.२ लैङ्गिक शक्तिसम्बन्धी सैद्धान्तिक मान्यता ६०

४.३ *अनुराधा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ६२

४.३.१ महिला र पुरुषबीचको शक्तिसम्बन्ध ६२

४.३.२ महिला र महिलाबीचको शक्तिसम्बन्ध ६६

४.४ *कुमारी शोभा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ७०

४.४.१ महिला र पुरुषबीचको शक्तिसम्बन्ध ७०

४.४.२ महिला र महिलाबीचको शक्तिसम्बन्ध ७५

४.५ *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ७७

४.५.१ महिला र पुरुषबीचको शक्तिसम्बन्ध ७७

४.५.२ महिला र महिलाबीचको शक्तिसम्बन्ध ८०

४.६ निष्कर्प ८२

**पाँचौं परिच्छेद : शारांश तथा निष्कर्ष ८५-९१**

५.१ शारांश ८५

५.२ निष्कर्ष ८६

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

विजय मल्ल (१९८२-२०५६) आधुनिक नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। उनले नेपाली साहित्यका क्षेत्रमा कविता, कथा, उपन्यास र नाटक विधामा उत्कृष्ट साहित्यिक कृतिहरू प्रदान गरेका छन्। आधुनिक नेपाली उपन्यासमा मनोवैज्ञानिक यथार्थवादी धाराबाट प्रभावित मल्लका उनका *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदा* (२०५६) गरी जम्मा तीन ओटा उपन्यासहरू प्रकाशित भएका छन्। उनले आफ्नो उपन्यासका विषयवस्तुको स्रोत समाजलाई नै बनाएका छन्। *अनुराधा* उपन्यासमा नारीले परम्परागत नाममा समाजमा चल्दै आएको गलत परिपाटीप्रति नतमस्तक भई अस्तित्वशून्य जीवन रोज्न अब कुनै पनि हालतमा तयार हुनु हुँदैन र विद्रोह नै अस्तित्व प्राप्तिको शक्ति हो भन्ने सन्दर्भमा केन्द्रित छ। *कुमारीशोभा* उपन्यासमा उपस्थित पात्रहरूको जीवन असामान्य मनोदशामा पुग्नुमा तिनीहरूले बाँचेको समाजमा व्याप्त रहेको संस्कार तथा संस्कृति एवम् रूढि परम्परामा नारीहरूले भोग्नु परेको लैंङ्गिक उत्पीडनको सन्दर्भमा केन्द्रित रहेको छ। *श्रीमती शारदा* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेको र महिलालाई शक्तिहीन बनाइएको विषयवस्तुमा केन्द्रित रहेको छ। नेपाली समाजमा प्रचलित सामाजिक तथा सांस्कृतिक संरचनाले निर्माण गरेको लैङ्गिक विभेदलाई लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन र लैंङ्गिक शक्ति सम्बन्धका दृष्टिले अध्ययनीय छन्। साहित्यशास्त्रमा प्रचलित विभिन्न सिद्धान्तका आधारमा मल्लका उपन्यासहरूको अध्ययन गरिएको भए पनि लैङ्गिकता सम्बन्धी सिद्धान्तका आधारमा भने उनका उपन्यासहरूको अध्ययन भएको छैन।

लैङ्गिक अध्ययन नारीवादी आन्दोलनले सन् १९६० को दशकपछि प्राप्त गरेको सैद्धान्तिक, वैचारिक र सत्ता विमर्शको रूप हो। लैङ्गिक अध्ययन अन्तर्गत लिङ्ग र लैङ्गिकता पर्दछ। लिङ्गले महिला र पुरुषको प्राकृतिक संरचनालाई जनाउँछ भने लैङ्गिकताले शारीरिक बनावटको भिन्नताको आधारमा महिला र पुरुषले गर्ने कामको बाँडफाँड, उनीहरू बीचको शक्तिसम्बन्ध र सामाजिक मान्यता नै लैङ्गिकता हो। लैङ्गिक अध्ययनले महिला र पुरुषको

प्राकृतिक पक्षको नभई सांस्कृतिक पक्षको अध्ययन गर्दछ । पितृसत्ताका कारण महिला र पुरुष सम्बन्धित व्यवहारमा पुरुष दमनकर्ता र महिला दमित भएको अवस्था रहेसम्म समाज, भाषा विमर्श र साहित्यका क्षेत्रमा भूमिकाको खोजी गर्दछ जसले लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन र लैङ्गिक शक्तिसम्बन्ध जस्ता सैद्धान्तिक अवधारणाका आधारमा विजय मल्लका *अनुराधा, कुमारीशोभा* र *श्रीमती शारदा* उपन्यासको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

विजय मल्लका उपन्यासमा निहित लैङ्गिकताको अध्ययन गर्नु नै प्रस्तुत अध्ययनको प्रमुख शोध्य विषय हो । उनका उपन्यासहरूको साहित्यशास्त्रीय अध्ययनका विभिन्न कोणबाट अध्ययन विश्लेषण भए पनि सांस्कृतिक अध्ययन अन्तर्गत लैङ्गिक अध्ययन नभएकाले मल्लका तीन ओटा उपन्यासहरूमा लैङ्गिक मूल विषयलाई केन्द्र बनाई अध्ययन गरिएको छ । लैङ्गिकताको अध्ययनअन्तर्गत लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन र लैङ्गिक शक्तिसम्बन्धका आधारमा विजय मल्लका उपन्यासहरूको अध्ययन विश्लेषण गर्नु यस शोधको मुख्य प्राज्ञिक समस्या हो । यसै अनुसन्धेय समस्याको समाधानका लागि निम्नलिखित शोधप्रश्नहरूसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ :

(१) विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्वको अवस्था केकस्तो गरिएको छ ?

(२) विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडनको चित्रण केकसरी गरिएको छ ?

(३) विजय मल्लका उपन्यासमा केकस्तो लैङ्गिक शक्तिसम्बन्ध देखाइएको छ ?

## १.३ शोधको उद्देश्य

माथि उल्लिखित समस्याहरूको समाधानमा केन्द्रित रही विजय मल्लका उपन्यासको लैङ्गिक अध्ययनसँग सम्बन्धित प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य यस प्रकार छन् :

(१) विजय मल्लका उपन्यासमा अभिव्यक्त लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गर्नु

(२) विजय मल्का उपन्यासमा व्यक्त लैङ्गिक उत्पीडनको विश्लेषण गर्नु र

(३) विजय मल्लका उपन्यासमा प्रकट लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विजय मल्ल आधुनिक नेपाली उपन्यासका प्रतिनिधि उपन्यासकार हुन् । उनले 'जीवनलाई बुझ्न यसलाई सुल्टोबाट मात्र हेरेर पुग्दैन, उल्टाएर हेर्नुपर्छ' भन्ने मान्यता राख्ने मल्लले उपन्यासमा त्यसरी नै उल्टाएर पढेका छन् । उनले उपन्यासमा पात्रहरूको जीवन असामान्य मनोदशामा गाँजिन पुग्नुमा तिनीहरू बाँचेको समाजमा व्याप्त कुसंस्कार, कुसंस्कृति एवं रूढि चलन-प्रचलन र त्यसप्रतिको आममान्छेहरूको अन्धमोह नै मुख्य दोषी हो भन्ने तथ्य औंल्याएको पाइन्छ । यसै क्रममा तत्कालीन नेपाली समाजमा पितृसत्तात्मक सामाजिक संरचनामा नारी र पुरुषको भूमिकाका आधारमा लैङ्गिक विभेद रहेको पाइन्छ । नेपाली साहित्यमा सांस्कृतिक अध्ययनका सन्दर्भमा लैङ्गिकताको सिद्धान्तलाई लिएर पछिल्ला समयमा केही शोधकार्य हुन थालेका छन् । प्रस्तुत शोधप्रबन्धमा लैङ्गिकताका कोणबाट विजय मल्लका उपन्यासहरूको अध्ययन गरिएको छ । विजय मल्लसँग र लैङ्गिकता सिद्धान्तसँग सम्बन्धित विभिन्न पुस्तकाकार कृतिहरू, पत्र पत्रिकाका लेखहरू, शोधपत्रहरू, शोधप्रबन्धहरूको व्यवस्थित अध्ययन गरी कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

शान्ता कार्की (२०४४) ले *उपन्यासकार विजय मल्ल* शीर्षकको शोधपत्रमा उपन्यासकार मल्लका दुई उपन्यासहरू *अनुराधा र कुमारी शोभा* को अध्ययन गरेकी छिन् । उनले यस अध्ययनमा उपन्यास तत्त्वको आधारमा अध्ययन प्रस्तुत गर्दै चरित्र चित्रणका क्रममा नारी पात्रहरूले भोग्नु परेका समस्याहरूलाई विश्लेषण गरेकी छन् । कार्कीको उक्त विश्लेषण लैङ्गिक समस्याको विषयसँग यस शोधको अध्ययनका लागि केही सङ्केत मिले पनि उनको उक्त अध्ययन लैङ्गिक प्रतिमानका अध्ययनको दृष्टिले भने गरेको होइन ।

रामप्रसाद आचार्य (२०५५) ले 'मेरो दुर्बलता त्यसकै उपज हो- फर्केर हेर्दा विजय मल्ल' शीर्षकको लेखमा राणाकालमा दरबार हाइस्कुलभित्र राणाका छोराछोरी र सर्वसाधरण जनताका छोराछोरी बीच भेदभाव गरेका कुरा प्रस्तुत गरेका छन् । आचार्यले तात्कालीन राणा शासनमा नेपाली जनताप्रति गरेको लैङ्गिक विभेदका कारण सर्वसाधारण जनताहरू उत्पीडनमा परेको उल्लेख गरेका छन् । आचार्यको उक्त विश्लेषण सांस्कृतिक अध्ययनको लैङ्गिक विश्लेषणको प्रतिमानका दृष्टिले गरेको नभए पनि यस शोधकार्यका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित सामग्री विश्लेषणका लागि उपयोगी बन्ने देखिन्छ ।

नेत्र एटम (२०६१) ले *समालोचनाको स्वरूपमा* ‘अनुराधा उपन्यासमा नारीवाद’ शीर्षकको लेखमा नारीमनोविज्ञानका अचेतन, अतृप्त आकाङ्क्षा एवम् विकृत पक्षहरूको नारीप्रसङ्गहरूलाई नारीवादको व्यवहारिक धरातलमा राखेर हेर्ने कुरा व्यक्त गरेका छन् । उनले पितृसत्तात्मक मानसिकताको प्रकटीकारण तथा नारी अस्मिता एवम् समानताको लागि लेखकद्वारा नारीपात्रमा प्रत्यारोपण गरेको कुरा व्यक्त गरेका छन् । उनले *अनुराधा* उपन्यासमा पुरुष पात्रका विकृतिमूलक रूढिग्रस्त संस्कारलाई दीर्घ अट्टाहासका साथ स्वीकृति दिनुका साथै नारीको मौन आवाज मात्रलाई छानी छानी रुग्न पारेको कुरा व्यक्त गरेका छन् भनी लेखेका छन् । एटमले *अनुराधा* उपन्यासमा पुरुष पात्रका विकृति मूलक रूढिग्रस्त संस्कारले नारीको मौन आवाजलाई छानी छानी रूग्ण पार्नु जस्ता कुराले पनि तात्कालीन नेपाली समाज लैङ्गिक शक्तिसम्बन्धको सङ्केत गरेको पाइन्छ । यसर्थ यो पूर्वकार्य शोध्य समस्यासँग सम्बन्धित रहेकाले अध्ययनीय सामग्री विश्लेषणका लागि लिइएको छ ।

रमा सिवाकोटी (२०६२) ले *उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता* शीर्षकको कृतिमा मल्लका उपन्यासहरूका मूल धरातल मनोविश्लेषणात्मक हुनुका साथै पात्रका चरित्र चित्रणका माध्यमबाट युगसापेक्ष सन्देश दिन सक्षम छन् भनेकी छन् । त्यस कृतिमा काठमाडौंको नेवारी समाजका मध्यम वर्गीय आर्थिक अवस्था भएका पात्रहरूको प्रमुखता तीन ओटै उपन्यासमा रहेको कुरा उल्लेख गरिएको छ । सिवाकोटीले मल्लका उपन्यासमा उपस्थित पात्रहरूका माध्यमबाट स्वअस्तित्व, व्यक्तिगत स्वतन्त्रचेत, विरोध, विद्रोह तथा नारीअस्मिताका कुराहरू उल्लेख गरेकी छन् । उक्त विश्लेषण लैङ्गिक समस्याको सङ्केत भए पनि लैङ्गिक अध्ययन भने होइन तर मल्लका उपन्यासमा उपस्थित पात्रहरूको भूमिका स्वअस्तित्व, व्यक्तिगत स्वतन्त्रचेत, विरोध, विद्रोह तथा नारी अस्मिताका कुरा छन् । यी कुराहरू मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व विश्लेषण सामग्रीका रूपमा लिइएइको छ ।

राजेन्द्र सुवेदी (२०६६) ले केही ‘मनोविश्लेषणीय विन्दुहरू : अनुराधा उपन्यासभित्र’ शीर्षकको लेखमा *अनुराधा* उपन्यासका पात्रहरूलाई मनोविश्लेषणात्मक दृष्टिले हेरेका छन् । उनले फ्रायडको मनोरचनाको प्रेरक तत्त्वलाई उपकरणको रूपमा लिएर पात्रहरूको मनोदशाको विश्लेषण गरेका छन् । त्यस अध्ययनमा पात्रहरूको चेतना, लैङ्गिक विषय, संवेदना, प्रतिरोध र क्षतिपूर्तिको अवस्था, स्वपीडन, परपीडनको सम्भावनाको चर्चा गरिएको

छ। सुवेदीले त्यस अध्ययनमा लैङ्गिकताको सैद्धान्तिक अवधारणाको आधारमा विश्लेषण नगरेका भए पनि पात्रहरूको चेतना, लैङ्गिक विषय, संवेदना, प्रतिरोध र क्षतिपूर्तिको अवस्था, स्वपीडन, परपीडनको कुरा भनेकाले यो पूर्वकार्य मल्लका उपन्यासमा लैङ्गिकताका अध्ययनका लागि अध्यनीय सामग्री प्रायोगिक रूपमा रहेको छ।

लीला लुइँटेल (२०६६) ले *विजय मल्ल स्मृतिग्रन्थ* मा 'सांस्कृतिक दृष्टिबाट कुमारी शोभा' उपन्यासको विश्लेषण" शीर्षकको लेखमा कुमारी शोभाको चर्चा गरेकी छन्। त्यस लेखमा जीवित देवीका रूपमा पुजिने द्यौमैजु अर्थात् कुमारी देवीको केन्द्रीयतामा मनोविश्लेषणलाई मूल विषय बनाइएको छ। लुइँटेलले प्रस्तुत लेखमा यस नैसर्गिक प्रेम र परम्पराको द्वन्द्वमा किचिन पुगेको मानसिकतालाई सहज तथा स्वाभाविक रूपमा प्रस्तुत गरेकी छन्। उक्त लेखमा मनोविश्लेषणको मूल विषय रहेको छ तर लैङ्गिक अध्ययन नभए पनि नैसर्गिक प्रेम र परम्परागत द्वन्द्वका मानसिकताले लैङ्गिक विभेदको सङ्केत पाइन्छ। यसर्थ यो पूर्वकार्य अध्ययनीय रहेको छ।

ज्ञानू पाण्डे (२०६६) ले *विजय मल्ल स्मृतिग्रन्थ* मा 'विजय मल्लको अनुराधालाई अर्को कोणबाट हेर्दा' भन्ने शीर्षकको लेखमा *अनुराधा* उपन्यासभित्र पात्रहरू बाँचिरहेको परिवेशमा नेपाली समाजको पितृसत्तात्मक स्वरूप प्रष्टसित चित्रित गरेकी छन्। पाण्डेले उपन्यासमा उपस्थित कोमलमानले परिवार तथा इष्टमित्रहरूको आग्रह र चाहनालाई पुरै बेवास्ता गर्दै आफ्नै रुचि र रोजाइको जीवन बाँच्न खोज्दा कतैबाट पनि कुनै व्यवधान खेप्नु नपरेको तर त्यस्तै स्वतन्त्र चाहना राख्ने अनुराधाले भने जीवनमा ठूलो सास्ती बेहोर्नु परेको कुरा व्यक्त गरेकी छन्। उक्त लेख लैङ्गिक अध्ययन नभए पनि लैङ्गिक विभेदको सङ्केत पाइन्छ। यसर्थ यो पूर्वकार्य प्रस्तुत अध्ययनको शोध्य समस्यासँग सम्बन्धित रहेकाले अध्ययनीय छ।

दुर्गाबहादुर घर्ती (२०६७) ले *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान* शीर्षकको कृतिमा विजय मल्लका उपन्यासहरू *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदा* (२०५६) मनेविश्लेषणात्मक विषयमा केन्द्रित रहेको कुरा व्यक्त गरेका छन्। त्यस कृतिमा मल्लका उपन्यासहरूमा पात्रहरूको मनोदशालाई कार्यकारण सम्बन्धका आधारमा विश्लेषण गरिएको छ। घर्तीले मल्लका उपन्यासहरूमा उपस्थित पात्रहरूको परिस्थिति अनुरूप सामान्यबाट असामान्य र असामान्यबाट सामान्यमा परिवर्तित भएको

कुरा व्यक्त गरेका छन्। उक्त विश्लेषण लैङ्गिक समस्याको सङ्केतक भए पनि लैङ्गिक अध्ययन भने होइन। यसर्थ मल्लका उपन्यासहरूमा उपस्थित पात्रहरूको परिस्थिति अनुरूप सामान्यबाट असामान्य र असामान्यबाट सामान्यमा परिवर्तित भएका कुराले पनि लैङ्गिक प्रतिनिधित्वको सङ्केत पाइन्छ। यो पूर्वकार्य मल्लका उपन्यासमा लैङ्गिक अध्ययन गर्नका लागि सहयोग मिलेको छ।

रमेशप्रसाद भट्टाराई (२०६८) ले 'लैङ्गिक समालोचना' लेखमा लैङ्गिक सैद्धान्तिक पक्षको विस्तृत चर्चा गरेका छन्। त्यस लेखमा वर्णित लिङ्गको सामाजिक सांस्कृतिक विश्लेषणमा जोड दिइएको पाइन्छ। भट्टराईले सामाजिक तथा सांस्कृतिक भूमिकाका आधारमा महिला र पुरुषको सम्बन्ध, पुरुष-पुरुषका बीचको सम्बन्ध, लैङ्गिक विश्लेषण तथा लैङ्गिक विषय र लैङ्गिकताको खोजी गरेको कुरा व्यक्त गरेका छन्। यसर्थ यो पूर्वकार्य विजय मल्लका उपन्यासमा लैङ्गिकताको अध्ययन गर्नका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग मिलेको छ।

दुर्गाबहादुर घर्ती (२०६८) ले *विजय मल्लका उपन्यास : सन्दर्भ र विमर्श "नारीवाद"* शीर्षकको कृतिमा मल्लका उपन्यासहरू नारी प्रधान रहेका कुरा व्यक्त गरेका छन्। त्यस कृतिमा तत्कालीन नेपाली समाजमा नारीहरूले भोग्नु परेका समस्यालाई प्रस्तुत गरिएको छ। घर्तीले प्रस्तुत कृतिमा पुरुषप्रधान समाजमा नारीलाई वासना पूर्तिको साधन ठान्ने, नारीलाई हेय दृष्टिले हेर्ने र नारीको स्वतन्त्र इच्छाको कदर नगर्ने पुरुषहरूको प्रवृत्तिको विरोधमा खुलेर लागेको कुरा बताएका छन्। उक्त विश्लेषण भने लैङ्गिक अध्ययन होइन तर यो पूर्वकार्य प्रस्तुत शोध्य समस्यासँग सम्बन्धित रहेकाले अध्ययनीय रहेको छ।

दुर्गाबहादुर घर्ती (२०६८) ले 'जीवनीगत सन्दर्भमा विजय मल्लका उपन्यास' शीर्षकको लेखमा विजय मल्लका उपन्यासहरू नारी केन्द्रित रहेको कुरा व्यक्त गरेका छन् र त्यस लेखमा समाजमा नारीहरूले भोग्नु परेको समस्या, उनीहरूको स्वतन्त्रता र अधिकार एवं नारी जागरणका बारेमा पर्याप्त बोलेका छन् भनिएको छ। घर्तीले नारी चेतनालाई २००७ साल प्रजातन्त्रको स्थापना पश्चात विजय मल्लका उपन्यासहरूलाई जागरणको अभियानमा लागेको घटनासँग दाँजेर हेर्न सकिने बताएका छन्। उनले मल्लका उपन्यासमा उपस्थित नारी पात्रहरू दमित र शोषित हुनु परेका कुरा उल्लेख गरेका छन्। उक्त विश्लेषण लैङ्गिक अध्ययन नभए पनि यो पूर्वकार्य प्रस्तुत

शोध्य समस्यासँग सम्बन्धित रहेकाले अध्ययनीय विश्लेषणको सामग्रीको रूपमा लिइएको छ ।

ज्ञानू पाण्डे (२०६९) *नेपाली उपन्यासमा लैङ्गिकता कृतिमा* 'अनुराधा उपन्यासको लैङ्गिक विश्लेषण' शीर्षक लेखमा विजय मल्लको *अनुराधा* उपन्यासमा उपस्थित पात्रहरूको जीवनमा असामान्य मनोदशामा गाँजिन पुग्नुमा तिनीहरू बाँचिरहेको समाजमा व्याप्त कुसंस्कार, कुसंस्कृति एवम् रूढि परम्परागत चलन प्रचलन रहेको बताएकी छन् । त्यस लेखमा जीवनलाई बुझ्न यसलाई सुल्टोबाट मात्र हेरेर पुग्दैन, उल्टाएर हेर्नुपर्छ भन्ने मान्यता राख्ने मल्लले आफ्ना मुख्य औपन्यासिक पात्रहरूमा व्यक्तिको जीवनलाई त्यसरी नै उल्टाएर पढेका छन् भनी व्यक्त गरेकी छिन् । उनले मल्लका उपन्यासमा मनोविश्लेषण मात्र मुख्य पक्ष हुन् भन्ने ठान्नु चाँहि सही हुन्न भनेकी छन् । उक्त विश्लेषण लैङ्गिक अध्ययन भए पनि लैङ्गिक प्रतिनिधिरत्व, लैङ्गिक उत्पीडन र लैङ्गिक शक्तिसम्बन्धमा भने विश्लेषण गरिएको छैन । यो पूर्वकार्य प्रस्तुत शोध्य समस्यासँग सम्बन्धित रहेकाले अध्ययनीय रहेको छ ।

रजनी ढकाल (२०७०) ले 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता' शीर्षक लेखमा सामाजिक संस्कार, मान्यता र जीवनशैलीका कारणले विश्वका भिन्न भिन्न समाजमा महिला र पुरुषको लैङ्गिक भूमिका फरक भएको विषय चर्चा गरेकी छन् । त्यस लेखमा पुरुष र महिला भएकै कारणबाट व्यक्तिलाई समाजले निश्चित भूमिकामा बाँधिदिने र त्यही व्यक्तिबाट समाजले तिनै भूमिका कायम गरिरहनु पर्ने अपेक्षा राख्ने गरिएको छ । ढकालले नेपाली समाज र संस्कृति अनुसार छोरीले घरायसी काममा पोख्त हुनु, लजालु, सहनशील हुनु पर्ने, धेरै बोल्न नहुने, तर छोराहरू बहादुर हुनु पर्ने, बाहिर गएर कमाएर भए पनि आफ्नो परिवार पाल्नु पर्ने जस्ता सामाजिक धारणाहरूको विकासले पनि महिला र पुरुषका बीचमा भेदभावको सिर्जना भएको कुरा व्यक्त गरेकी छन् । उक्त विश्लेषणमा समाजले अनेक प्रकारका नियमहरू बनाई लैङ्गिकता अर्थात् सामाजिक लिङ्गभेदको निर्माण गरेको सङ्केत पाइन्छ । त्यसैले यो पूर्वकार्य प्रस्तुत शोध्य समस्यासँग सम्बन्धित रहेकाले अध्ययनीय विश्लेषणका लागि उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

विज्ञान अधिकारी (२०७०) ले *विजय मल्लका उपन्यासमा नारी समस्या र विद्रोह* शीर्षकको अप्रकाशित शोधप्रबन्धमा नारी समस्याअन्तर्गत लैङ्गिक समस्याको अध्ययन विश्लेषण गर्ने क्रममा लिङ्गका आधारमा गरिने भेदभावजन्य व्यवहारबाट नारीहरू समस्यामा

परेका कुरा व्यक्त गरेका छन् । त्यस शोधप्रबन्धमा नारी पात्रहरूले नारी भएकै कारण पुरुषबाट विभिन्न खाले शोषणका सिकार हुनु परेको कुरा उल्लेख गरिएको छ तर लैङ्गिक अध्ययन भने होइन ।

रमेशप्रसाद भट्टराई (२०७७) ले *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* कृतिमा लैङ्गिक अध्ययनको विश्लेषणका दृष्टिले यसलाई लिङ्‌गीय सम्बन्ध र भूमिका तथा लैङ्गिकताका आधारमा अध्ययन गर्नु पर्छ भन्ने कुरा व्यक्त गरेका छन् । त्यस कृतिमा लिङ्गलाई कस्तो व्यवहार गर्ने र कुन भूमिका दिने भन्ने आधारमा इतिहासको समीक्षा गर्दै लिङ्‌गीय विभेदका आधारहरूका अन्त्य गर्नु लैङ्गिक अध्ययन र आन्दोलनको मूल लक्ष्य रहेको छ । भट्टराईले त्यस कृतिमा लैङ्गिक समालोचनाले पनि लिङ्गको भिन्नताजन्य अवधारणाको विश्लेषण गर्छ र साहित्यिक कार्यका मूल्याङ्‌कनमा लेखन, ग्रहण, विषयबस्तुमा तिनीहरूका भूमिकाको खोजी गर्दछ भन्ने धारणा व्यक्त गरेका छन् । यस पूर्वकार्यले विजय मल्लका उपन्यासहरूको लैङ्गिक अध्ययन गर्नका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग मिलेको छ ।

उपर्युक्त पूर्वकार्यहरूलाई सूक्ष्म रूपले नियाल्दा विभिन्न विद्वान् तथा समालोचकहरूले विजय मल्लका उपन्यासका बारेमा विभिन्न उद्देश्यले अध्ययन गरी आ-आफ्ना मत तथा दृष्टिकोण प्रस्तुत गरेका छन् । केही पूर्वकार्य विजय मल्लका प्रवृति वा विशेषता र कृति विश्लेषणसँग सम्बन्धित छन् । केही पूर्वकार्यहरू लैङ्गिकताको सैद्धान्तिक अध्ययनसँग सम्बन्धित छन् । विभिन्न कोणबाट विजय मल्लका उपन्यासहरूको अध्ययन, अनुसन्धान, समालोचना र समीक्षा गरिएको भए तापनि सांस्कृतिक अध्ययनका क्षेत्रभित्र पर्ने लैङ्गिकताका बारेमा सामान्य चर्चा गरेतापनि लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडिन र लैङ्गिक शक्तिसम्बन्धी आधारमा मल्लका उपन्यासको विस्तृत विवेचना र मूल्याङ्‌न गर्ने कार्य नभएको कुरा माथिको पूर्वकार्यहरूको समीक्षाबाट स्पष्ट हुन्छ । यसर्थ माथिका पूर्वकार्यहरूलाई आधार मानेर प्रस्तुत अध्ययन लैङ्गिकताको सिद्धान्तका आधारमा मल्लका उपन्यासहरूको अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

सांस्कृतिक अध्ययनभित्रको एउटा नवीन समालोचनात्मक सैद्धान्तिक अवधारणा लैङ्गिकता हो । समालोचनाको यस सैद्धान्तिक अवधारणाका आधारमा विजय मल्लका उपन्यासको अध्ययन विश्लेषणले ज्ञानको परम्परामा थप नयाँ र रचनात्मक कार्य गरिएकाले प्रस्तुत अध्ययन अनुसन्धानका दृष्टिले औचित्यपूर्ण छ । विजय मल्लका उपन्यासहरू आफैँमा गहन अनुसन्धेय विषय छन् । विजय मल्लका कृतिहरूका बारेमा प्रशस्त पूर्वाध्ययन भए पनि उनका उपन्यासमा लैङ्गिताका कोणबाट अध्ययन अनुसन्धान भएको पाइँदैन । मल्लले नेपाली समाजमा पुरुषले नारीलाई दमन, शोषण, अन्याय अत्याचार गरिएका कुरा आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् । पितृसत्तात्मक वर्चस्वका कारण नेपाली समाजमा नारीले भोगेका दुःख कष्ट, बेदना हिंसाजन्य व्यवहारको अभिव्यक्तिलाई खास गरी पितृसत्तात्मक सांस्कृतिक वर्चस्वले नारी जीवन र अस्मितामा पारेको प्रभावले मल्लका उपन्यास महत्त्वपूर्ण रहेका छन् । लैङ्गिक अध्ययन सम्बन्धी मान्यताका आधारमा मल्लका उपन्यासहरू *अनुराधा* ( २०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदा* (२०५६) को विश्लेषण गरिकाले यो कार्य प्राज्ञिक दृष्टिले उपयुक्त छ । मल्लका उपन्यासहरूमा पात्रहरूको भूमिकाकामा देखिएको लैङ्गिताको विश्लेषण गरी त्यसको अध्ययन विश्लेषणले पनि यस शोधकार्यको महत्त्व पुष्टि हुन्छ । यस शोधकार्यबाट लैङ्गिक अध्ययन गर्ने पद्धतिका साथै लैङ्गिक अध्ययन सम्बन्धी शोधकर्ता, जिज्ञासु पाठक, अध्येता, अनुसन्धानकर्ताहरू पनि लाभान्वित हुने हुँदा प्रस्तुत शोध औचित्यपूर्ण भएको छ ।

## १.६ शोधको सीमाङ्कन

विजय मल्लका उपन्यास लैङ्गिकताका शीर्षकको प्रस्तुत शोधकार्यमा *अनुराधा, कुमारी शोभा र श्रीमती शारदा* को लैङ्गिक दृष्टिले सन्दर्भात्मक अध्ययन गरिएको छ । यस क्रममा मल्लका उपन्यासमा रहेका अन्य कलात्मक तथा सौन्दर्य पक्षहरूको विश्लेषण प्रस्तुत अध्ययनमा गरिएको छैन । मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन र लैङ्गिक शक्ति सम्बन्धलाई लैङ्गिकताको सैद्धान्तिक मान्यताका आधारमा कृतिको विश्लेषण सान्दर्भात्मक गर्नु नै प्रस्तुत शोध प्रबन्धको सीमा हो ।

## १.७ अध्ययनविधि

प्रस्तुत शोधकार्यमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन र अध्ययनका निम्ति प्रयोग गरिएका अध्ययन विधि यस प्रकार रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य लैङ्गिकताको सैद्धान्तिक आधारमा विजय मल्लका उपन्यासहरूको अध्ययन गर्ने क्रममा आवश्यक आधारभूत तथा द्वितीयक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ। यसमा समष्टि पद्धतिका आधारमा विजय मल्लका तीन वटै उपन्यासहरू *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदा* (२०५६) प्राथमिकका रूपमा लिई तिनको विश्लेषण गरिएको छ। त्यसै गरी शोध समस्यासँग सम्बन्धित समालोचना, लेख, अध्ययन, अनुसन्धान र उनका कृतिबारे शोधपत्र जस्ता पूर्वकार्यलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। सामग्री सङ्कलनमा उपन्यास विश्लेषणको आधार निर्माणका लागि लैङ्गिकता सम्बन्धित सैद्धान्तिक पुस्तकहरू, लेखहरूबाट गरिएको छ। मल्ल र उनका उपन्यास बारेमा विभिन्न विद्वान् विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख रचना तथा स्वतन्त्र अध्ययनलाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

यस शोधकार्यको मुख्य सैंद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययन पद्धति हो। सांस्कृतिक अध्ययन पद्धतिका आधारमा लैङ्गिक अध्ययन गरिएको यस शोधकार्यमा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन, पितृसत्ता, रूढि परम्परा र मूल्य मान्यता, लैङ्गिक विचारधारालाई यहाँ विश्लेषणको आधार बनाइएको छ। प्रस्तुत शोधकार्यमा *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासको लैङ्गिक अध्ययन गर्न मुख्य तीन वटा आधार बनाइएको छ। ती हुन् : लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन र लैङ्गिक शक्तिसम्बन्ध। यिनका आधारमा कृति विश्लेषण गर्नका निम्ति सांस्कृतिक अध्ययनअन्तर्गतका विभिन्न पद्धति र प्रवृतिहरूको उपयोग गरिएको छ। पितृसत्तात्मक सामाजिक संरचनामा महिला र पुरुषको भूमिकाका आधारमा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन, रूढि परम्परा र

मूल्यमान्यता, पुरुषको सत्ता , फ्रान्सेली दार्शनिक फुकोको शक्तिसम्बन्धी मान्यतालाई मुख्य रूपमा उपयोग गरिएको छ। गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस शोधकार्यमाा उपन्यास विश्लेषणका क्रममा व्याख्यात्मक र विश्लेषणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ। प्रस्तुत शोधकार्यमा शोधप्रश्नका रूपमा उठाइएका समस्याको समाधान गर्न निम्न किसिमको ढाँचा तयार गरिएको छ :

शोधप्रश्न (१) मा उल्लिखित विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्वको अस्वथा केकस्तो गरिएको छ भन्ने प्रश्नसँग सम्बद्ध सामग्री विश्लेषणका क्रममा लैङ्गिक प्रतिनिधित्वको निम्नलिखित बुँदाहरूका आधारमा गरिएको छ :

(क) उपन्यासमा नारी पात्रको प्रतिनिधित्व

(ख) उपन्यसमा पुरुष पात्रको प्रतिनिधित्व,

शोधप्रश्न (२) मा उल्लिखित विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडनको चित्रण के कसरी गरिएको छ भन्ने प्रश्नसँग सम्बद्ध सामग्री विश्लेषणका क्रममा लैङ्गिक उत्पीडनको निम्नलिखित बुँदाहरूका आधारमा गरिएको छ : :

(क) पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडनको खोजी

(ख) महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडनको खोजी

(घ) महिलाद्वारा महिलामाथि गरिएको उत्पीडनको खोजी

शोधप्रश्न (३) उल्लिखित विजय मल्लका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध केकस्तो देखाइएको छ भन्ने प्रश्नसँग सम्बद्ध सामग्री विश्लेषणका क्रममा लैङ्गिक शक्तिसम्बन्धको निम्नलिखित बुँदाहरूका आधारमा गरिएको छ :

(क) महिला र पुरुषबीचको शक्तिसम्बन्ध

(ख) महिला र महिलाबीचको शक्तिसम्बन्ध

## १.८ शोध प्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रवन्धको संरचनात्मक सङ्गठनलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित परिच्छेदमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

तेस्रो परिच्छेद : विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडन

चौंथो परिच्छेद : विजय मल्लका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेदको अध्ययनीय विषय विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व रहेको छ। सामाजिक मनोविज्ञानको परिचय दिने समाजमा मल्लले आफ्ना उपन्यासमा आफू बाँचेको सामाजिक सांस्कृतिक संरचनाले सिर्जना गरेका विभिन्न पात्रहरूको उपस्थिति गराएका छन्। यस सन्दर्भमा सांस्कृतिक अध्ययनको लैङ्गिक प्रतिनिधित्व सम्बन्धी सैद्धान्तिक अवधारणालाई उपयोग गरी विजय मल्लका उल्लिखित *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदामा* (२०५६) उपन्यासमा लैङ्गिक दृष्टिले शोषित पीडित भएर किनाराकृत बन्न पुगेका महिला र पुरुष पात्रले के कसरी लैङ्गिक प्रतिनिधित्व कायम गरेका छन् भन्ने कुराको विश्लेषण गरिएको छ। विश्लेषणपश्चात् प्राप्त निष्कर्षलाई सामान्यीकरण गरी प्रस्तुत गरिएको छ।

## २.२ लैङ्गिक प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यता

लैङ्गिकता कुनै पनि समाजको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ (पाण्डे, २०६९, पृ.२)। जैविक भिन्नताका आधारमा नभई सामाजिक सांस्कृतिक भिन्नताका आधारमा महिला र पुरुषको सामाजिक भूमिकाले समाजमा लैङ्गिक विभेदका कारण पुरुषको तुलनामा महिला शोषित पीडित भई उत्पीडनमा परेका छन्। कुनै पनि वर्ग, धर्म, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी हो साहित्यमा प्रतिनिधित्वको खोजी पछिपरेका समुदाय (निम्न वर्ग, महिला, जनजाति, दलित आदि) अल्पसङ्ख्य समूहबाट हुन सक्छ (भट्टराई, २०७० पृ. ३३६)। प्रतिनिधित्व अन्तर्गत यसरी जैविक भिन्नता आधारमा नभई सामाजिक सांकृतिक भिन्नताका आधारमा महिला सामाजिक श्रेणीका विशेष गरी राजनीतिक र सांस्कृतिक पहिचानका बारेमा विश्लेषण गरिन्छ। साहित्यमा समाजका विविध विषयवस्तुहरूले प्रविष्ट पाएका हुन्छन्। साहित्य कृतिमा कुनै जाति, भाषा, वर्ग, लिङ्ग, समूह, भेग विशेषका पात्रहरूको

उपस्थापन गरिएको हुन्छ। ती पात्रहरू तत्कालीन विमर्शात्मक संरचनामा मूलधारसँग सम्बन्धित हुन्छन्। सांस्कृतिक अध्ययनले कृति भित्र कुन जाति, वर्ग, समूह, लिङ्गको पात्रले प्रतिनिधित्व गरेको छ। कृतिमा प्रतिनिधित्व गराइएका पात्रहरूको प्रतिनिधित्वको अवस्था शक्तिशाली वा कमजोर के कस्तो छ। कृतिमा पात्रहरूको पहिचानलाई कसरी प्रतिनिधित्व गराइएको छ। पात्रहरूको मूलधारको संस्कृतिको पक्ष पोषण गरेका छन् वा त्यसको विरुद्धमा उभिएका छन्। यसरी सांस्कृतिक अध्ययनभित्र प्रतिनिधित्वलाई मुख्य प्रश्नको रूपमा लिने गरिन्छ (भट्टराई, २०६८, पृ. ४९)। सांस्कृतिक अध्ययनमा मुख्य कुरा प्रतिनिधित्व हो। सांस्कृतिक रूपले कसको प्रतिनिधित्व गरेको छ। कसलाई कुन रूपमा प्रस्तुत गरेको छ, त्यसले कस्तो पहिचानको निर्माण गर्छ र त्यसका पछाडिको राजनीति के हो। यी मूलभूत प्रश्नको उत्तरको खोजीसँग यो पद्धति सम्बन्धित छ। यसका लागि कुनै पाठलाई सन्दर्भीकृत गरेर हेर्ने गरिन्छ (पाण्डेय, २०७०, पृ. १९१)।

प्रतिनिधि भनेको समाजिक रूपमा स्वतन्त्र हैसियत राख्ने कुनै पनि व्यक्ति, वर्ग, समुदाय वा समूह हो। उसको त्यस प्रकारको हैसियत स्वतन्त्रताको ज्ञान, स्वतन्त्र इच्छा, सिर्जनशीलता, मौलिकता, गतिविधि आदिमा हुने गर्दछ। पहिचान वा पहिचानको राजनीति पनि प्रतिनिधि सम्बन्धी यसै अवधारणासँग जोडिएको छ। ठीक यहीँनेर हरेक व्यक्ति, वर्ग, समुदाय, लिङ्ग, जाति वा जातको विचारधारा, अस्मिता वा पहिचानको कुरा आउँछ। कुनै ठोस समाजमा कुन वर्ग वा समुदाय कति उत्पीडित वा स्वतन्त्र छ भन्ने कुराबारे यसरी नै अध्ययन गरिन्छ। त्यसै गरी साहित्य र कलाका विविध विधाहरूमा हुने विचार, पहिचान, प्रतिनिधि र पात्रहरूको प्रतिनिधित्वलाई पनि यसरी नै बुझ्नु पर्दछ (चैतन्य, २०७०, पृ. १५९)। सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण अवधारणाका रूपमा प्रतिनिधित्वले समाजको निश्चित संरचना र त्यस संरचनामा जनताको प्रतिनिधित्वलाई जनाउँछ। प्रतिनिधित्वको अध्ययन पाठ मार्फत गरिन्छ। पाठमा प्रतिनिधित्वको अवस्थालाई केलाउनु सांस्कृतिक अध्ययनको मुख्य विशेषता हो।

सांस्कृतिक अध्ययनको मुख्य विषय नै लैङ्गिक प्रतिनिधित्व हो। कृतिभित्र उपस्थित पात्रहरूको भूमिकाका आधारमा अध्ययन विश्लेषण गरिएको छ। लैङ्गिक अध्ययनको क्षेत्रमा प्रतिनिधित्वको सन्दर्भमा यसको उपयोग हुन्छ। विजय मल्लका *अनुराधा, कुमारी शोभा* र

*श्रीमती शारदा* उपन्यासहरूमा उपस्थित नारी र पुरुष पात्रहरूको भूमिकाका आधारमा लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गरिएको छ ।

## २.३ *अनुराधा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*अनुराधा* उपन्यासमा लैङ्गिक दृष्टिकोणले समाजमा लैङ्गिक विभेदकारी संस्कृतिलाई बचाएर राख्ने महिला तथा पुरुष पात्रहरूको प्रतिनिधित्वको चित्रण के कसरी भएको छ भन्ने कुराको विश्लेषण विभिन्न उपशीर्षकमा गरिएको छ ।

### २.३.१ *अनुराधा* उपन्यासमा नारीपात्रको प्रतिनिधित्व

*अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधा हो । उसैलाई उपन्यासमा अधिक महत्त्व दिई उसैका नामबाट उपन्यासको नामकरण गरिएको छ । ऊ काठमाडौँको मध्य वर्गीय नेवार परिवारमा जन्मेर विदेशमा बसी अध्ययन गरेकी नारी हो । तर पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्वका कारण अनुराधाले लैङ्गिक उत्पीडित नारीको प्रतिनिधित्व गरेकी छ। उसले नारीलाई पुरुष भन्दा कमजोर ठानेकी छैन। पुरुषप्रधान समाजमा नारीलाई कमजोर, क्षुद्र, हेयका दृष्टिले हेर्नु हुँदैन भन्ने कुरालाई देखाइएको छ । पुरुषप्रधान समाजमा नारी पनि पुरुष समान हक अधिकार हुनु पर्छ। उपन्यासमा अनुराधाले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> म स्वच्छन्द स्वतन्त्र प्रकृतिको नारी हुँ अभिमानिनी । मेरो निमित्त पुरुषहरू आफैं समानका थिए, आफैं जस्ता जोसँग म कुनै कुराको पर्दा हाल्दिनथेँ । (मल्ल, २०१८ पृ. ७३)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा रूढिवादी, परम्परागत मूल्य र मान्यताका विरुद्धमा नारीका हक, अधिकार र स्वतन्त्रताप्रति सचेत भएको कुरा प्रस्तुत गरिएको छ । उसले कसैका अघि लाज र शरमले घुम्टो हालेर आफूलाई कमजोर देखाउन चाहेकी छैन । समाजमा नारी भएकै कारण लैङ्गिक हिंसा सहेर बस्नु हुँदैन र उसले समाजमा स्वतन्त्रतापूर्वक पुरुष समान व्यवहार गर्न खोजेको कुरा गरेकी छ। उसले आफ्नो नारीअस्तित्वलाई मूल्य र संरक्षण गर्न चाहन्छे । उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> एक आइमाईको सम्पूर्ण मानवीय स्वतन्त्रतामाथि आघात परिरहेको थियो । एक आइमाईको अनिच्छापूर्वक बलात्कार भइरहेको थियो, एक आइमाईको अस्तित्वलाई जबरजस्ती कुल्चेर प्राणहीन बाटो बनाउने कोशिश भइरहेको थियो । (मल्ल, २०१८, पृ.८४)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाले आफ्नो हक अधिकारप्रति सचेत देखिन्छे। उसले समाजमा लोग्ने मान्छेले बिनासर्त आफ्नो निणर्य गर्न पाउँछ। त्यसै गरी स्वास्नीमान्छेले पनि आफ्नो बारेमा निणर्य गर्न पाउँनु पर्छ भनेकी छ। उसले पुरुषप्रधान समाजमा पुरुषहरूको हैकम चलाउने र हेपाहा प्रवृतिले नारीहरूको ईच्छा विपरीत जे पनि गर्दा हुन्छ भन्ने पुरुष मानसिकताको विकास भएको ठान्छे। जसले गर्दा स्वास्नीमान्छेहरूको स्वतन्त्रतामा आघात परेको कुरा व्यक्त गरेकी छ। ऊ आफू स्वतन्त्र हुन चाहेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> म पुरानो सब कुराहरूलाई टकटक्याएर पन्छिन चाहन्छु। मिथ्या, कृतिम, विवाहिता अनुराधा नभएर म स्वयं अनुराधा मात्र हुन चाहन्छु। आफ्नो वास्तविक यथार्थ अस्तित्वलाई झुट्टो र मिथ्याको आवरणले ढाकिएर म कहिले सम्म चैन पाउँछु। म आफैँ मात्र हुन चाहन्छु तर समाज, परिवार र मनुष्यहरू मलाई मिथ्याम श्रीमती अनुराधा भन्दा बढी केही हेर्न चाहदैनन् । (मल्ल, २०१८, पृ. १३९)

प्रस्तुत माथिको उद्धरणमा अनुराधा आफू हुनुको बोध गरेकी छे। उसकी आमा र रत्नमानसिंहद्वारा षडयन्त्रपूर्वक तय गरिएको विवाहमा स्वयंबरको माला चुँडाएर हिँडेकी छ। उसले विवाहलाई बाध्यता ठान्दिन बरु त्यसमा आफ्नो स्वतन्त्र चयन हुनु पर्ने कुरामा विश्वास गर्छे। परिवार र समाजले बलपूर्वक गरिदिएको बैवाहिक सम्बन्धलाई स्वीकार गरेकी छैन। उसले आइपरेका बाध्यताहरूलाई लत्याएर जबरजस्ती गरिदिएको विवाहको बिरोध गर्दै स्वतन्त्र अस्तित्वको खोजी गरेकी छ। उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> ठीक हो जीवनको अर्थ सप्रनु मात्र पनि हैन, बिग्रनु, भत्कनु पनि त हो सुख दिनु र पाउँनु मात्र पनि त हैन, कष्ट दिनु र कष्ट पाउँनु पनि त हो । म उसैका निमित्त जन्मेकी रहिछु, बनेकी रहेछु नि यसैमा नहाँसू । (मल्ल, २०१८, पृ. ७७)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा नारीका हक, अधिकार वञ्चित गरिएको तथ्यलाई प्रस्तुत गरिएको छ। अनुराधाकी आमाले अनुराधाको इच्छा विपरीत षडयन्त्र वा जालझेल गरेर रत्नमानसिंहसँग विवाह गरी दिएका कारण अनुराधाले विद्रोह गरकी छे। उसले पितृसत्तात्मक सामाजिक संरचनाका रूढि परम्परा र मूल्य मान्यता भत्काउन खोजेकी छ । उसले नारीका नैसर्गिक हक अधिकारका लागि आफूले जतिसुकै दुःख कष्ट सहेर पनि बिद्रोह गरी समाजमा लैङ्गिक विभेदको बारेमा बोलेकी छ। ऊ पुरातन परम्परावादी संस्कार, रीतिरिवाजप्रति विद्रोही नारीको रूपमा प्रस्तुत भएकी छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> म यस अतितको लखेटाइलाई अब सहन सक्तिनँ । म पुरानो ढाँचा सब भत्काउँछु वा त्यसैबाट किचिएर ध्वस्त हुन्छु । यही एउटा उपाय बाँकी छ । (मल्ल, २०१८, पृ. १३७)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा नारीका इच्छा आकांक्षाको कुनै कदर गरिएको छैन। रत्नमानसिंहले षडयन्त्र र जालझेल गरी बिबाह गर्न खोजिएको तितो यथार्थका विरुद्धमा अनुराधा उपस्थित भएकी छ। उसले स्वयंबरको माला चुँडाएर विरोध जनाउँदा जनाउँदै रत्नमानसिंहले अनेक षडयन्त्र गरी फसाउँन खोजेको छ। अनुराधाले रत्नमानसिंहको अभिरूचि अनुसारको बिहे स्वीकार गरेकी छैन । उसले कम्मरमा छुरी बोकेर रत्नमानसिंहको घरमा बदला लिने नियतले प्रस्तुत भएकी छ। समाजमा विद्यमान रूढि परम्परा, संस्कार, रीतिरिवाजप्रति असन्तुष्टि जनाएकी छ। उसले समाजमा पुरुष मानसिकता हटाउनका लागि पुराना ढाँचा वा पितृसत्तात्मक सामाजिक संरचना भत्काउने चेतावनी दिएकी छ । यस कारण पनि नारी अस्तित्वका लागि विद्रोही नारीको प्रतिनिधित्व गरेकी छ ।

*अनुराधा* उपन्यासमा सहायक नारी पात्रको भूमिकामा अनुराधाकी आमा उपस्थित भएकी छ। उसले पुरानो विचार, रूढि परम्परा र मूल्य मान्ताको प्रतिनिधित्व गरेकी छ।

उसले तत्कालीन नेपाली समाजमा प्रचचित रीतिरिवाजपूर्वक छोरीहरूको बिहे आफ्नै इच्छा अनुसार गरिदिएकी छे। त्यसै अनुरूप उसले अनुराधाको पनि रत्नमानसिंहको सामाजिक प्रतिष्ठा, सरकारी उच्च पद र धन सम्पत्ति मात्र देखेकी छ। उसको चरित्रको कुनै मतलब नगरेर आफ्नो छोरीको बिहे गराउँन षडयन्त्र गरेकी छ। अनुराधालाई बिहेको जानकारी नै नदिएर षडयन्त्रपूर्वका बिबाह गरी दिन खोजेकी छ। अनुराधाकी आमाको भूमिकाले आफूलाई खलनायिकाको रूपमा उपस्थित गराएकी छ। उसले आफू नारी भएर पनि नारीको मर्म बुझ्न सकेकी छैन। यस कारण पनि उसले पितृसत्ताको प्रतिनिधित्व गरेकी छ। उसले पूजाको बाहना गरी अनुराधाको बिहे रत्नमानसिंहसँग गरिदिनका लागि ठूलो षडयन्त्र गरेकी छ। उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरण प्रस्तुत गरिएको छ :

> त्यस दिन आमाले मलाई पूरानो ढाँचाको सोह्र श्रंगार गर्न आग्रह गर्नु भएको थियो, दिदीहरूले जस्तै। (मल्ल, २०१८, पृ. ८०)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाकी आमाले गुह्येश्वरी मन्दिरमा रत्नमानसिंहसँग आफ्नी छोरी अनुराधाको बिहे गराउँन लागेकी छे। उसले आफ्नो पति व्यापार व्यवसाय गर्ने भएकाले घर परिवारको बागडोर सम्हालेकी छ। उसले अरू छोरीहरूलाई पनि नसोधि आफ्नो इच्छा बमोजिम बिहे गरी दिएकी छे। त्यसै गरी अनुराधालाई पनि षडयन्त्रपूर्वक बिहे गराउँन तम्सेकी छ। उसले अनुराधालाई पूजाको बाहना गरी गुह्येश्वरी मन्दिरमा पुरानो ढाँचाको सोह्र श्रृङ्गार गरेर आउनु भनेकी छ। उसले आफ्ना नातागोता, कुटुम्ब, इष्टमित्र सबैलाई निम्तो गरी धुमधामसँग समाजमा प्रचलित रूढिवादी परम्परागत संस्कार अनुसार बिहे गरिदिन खोजेकी छ। ऊ पितृसत्तात्मक सामाजिक व्यवस्थामा हुर्किएकी हुनाले उसमा त्यसै अनुरूपको स्वतन्त्रता निर्माण भएको र सामाजिक नियम पनि पक्षपात छ। व्यक्तिगत स्वतन्त्रता र नारीहितका बारेमा उसलाई सामान्य ज्ञानसम्म छैन। अनुराधाकी आमाले छोरी अनुराधाले विवाह अस्वीकार गरेपछि आफ्नो हठ पूरा गर्न नपाएकोमा बेइज्जत भएको ठानेकी छ। अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरण प्रस्तुत गरिएको छ :

> मेरी आमालाई आफ्नो कबुल, आफ्नो बाचा तोडिएकोमा चिन्ता भइरहेको थियो, उहाँ आफ्नो टेकमा अड्ने त्यस प्रकारको गर्बिली नारी हुनुहुन्छ भन्ने मलाई थाहा थियो। (मल्ल, २०१८, पृ. ९०)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा अनुराधाकी आमाले आफ्नो इच्छामुताविक दुई छोरीको बिहे गरिसकेकी छ। उसले अनुराधाको पनि सोही अनुरूप षडयन्त्रपूर्वक विवाह रच्दछे। अनुराधाले त्यस षडयन्त्रपूर्वक रचिएको विवाहमा स्वयंबरको माला चुँडाएर हिँडेपछि अनुराधाकी आमाले आफ्नो कबुल तोडिएकोमा चिन्ता गरेकी छ। उसले आफ्नो हठ पूरा गर्न नसकेकाले पुरानो रूढि परम्परा र मूल्य मान्यताको पक्षमा उपस्थित भएकी छ ।

## २.३.२ *अनुराधा* उपन्यासमा पुरुषपात्रको प्रतिनिधित्व

विजय मल्लका उपन्यासमा पुरुष पात्रहरूले सामाजिक, आर्थिक, सांस्कृतिक र लैङ्गिक भूमिका निभाएका छन् । पितृसत्तात्मक सामाजिक संरचनामा कोही पुरुष प्रभुत्वशाली रहेता पनि कोही अधिनस्थ बन्न पुगेका छन् । मल्लका उपन्यासमा उपस्थित पुरुष पात्रहरूले भूमिकाले केकस्ता सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको प्रतिनिधित्व गरेका छन् भन्ने कुराको अध्ययन गरिएको छ ।

*अनुराधा* उपन्यासमा प्रमुख पुरुष पात्रको भूमिकामा कोमलमान उपस्थित भएको छ। उसले प्रभुत्वशाली पुरुषको प्रतिनिधित्व गरेको छ। उसले आफ्नो आमाको मृत्यु पश्चात आफूलाई एक्लो अनुभव गर्छ र उसको दाई भाउजूले आफ्नी बहिनी (दाइकी साली) सँग विवाह गरिदिन खोजेको देखिन्छ। तर उसले त्यो बिहे अस्वीकृति जनाउँदै अनि आफ्नो परिवार र इष्टमित्रको इच्छा र चाहनालाई बेवास्ता गर्दै आफ्नै रूचि र रोजाइको जीवन बाँचेको देखिन्छ । उपन्यासमा कोमलमानले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> काठमाडौंबाट दाजु भाउज्युले धेरै पटक घर फर्कन लेख्नु भएतापनि म नगई गाउँमा नै बसिरहेको थिए। एक्लै सुनसानमा आफूलाई मिल्काएको थिए। म यो बिर्सन चाहन्थे म काठमाडौं शहरको बासिन्दा हुँ, म त्यहाँ हुर्केको हुँ, पालिएको पोसिएको हुँ, म शहरको शहरीयापन छ त्यस्तै अभिलाषाहरू छन् । (मल्ल, २०१८, पृ. १२ )

प्रस्तुत माथिको उद्धरणमा कोमलमानको भूमिकाले काठमाडौं सहरको उच्च वर्गीय प्रभुत्वशाली लिङ्गको प्रतिनिधित्व गरेको छ। उसले आफ्नो रूचि र रोजाईको जीवन बाँच्न

स्वतन्त्र रूपमा उपस्थित भएको छ। ऊ मधेसको मौजामा आएर जमीनदार वा मालिकको रूपमा उपस्थित भएको देखिन्छ । उपन्यासमा कोमलमानले आफू एक जमीन्दार अर्थात् मालिक हुँ भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> म यही गाउँको एक मानिस हुँ, जङ्गल किनारको जमीनको एक मालिक हुँ, अरु केही हैन। म बाँच्नलाई यहाँ रोजगार लिएर बसिरहेको छु। खेत हेर्दैछु खलियानको सम्पत्तिको थुप्रोलाई निहारिरहन्छु, भकारी भर्दछु ,किसानहरूसँग मुस्कुराउँछु, जिस्कन्छु, बाझ्छु, हुण्डा बटैया गर्दछु, खाली म यही हुँ, म केही हैन । (मल्ल, २०१८, पृ. १२)

प्रस्तुत माथिको उद्धरणमा कोमलमानको क्रियाकलापले मधेसको मौजामा आएर एक जमिनदारको सम्मानित सामाजिक जीवन बिताएको देखिन्छ। त्यहाँ उसको प्रसस्त खेत भएकाले किसानहरूलाई खेत हुन्डाबटैया गर्न दिएको छ। किसानहरूले आफ्नो मालिक ठानेका छन्। ऊ काठमाडौं सहरको सम्पन्नशाली परिवारको सदस्य भए पनि स्वतन्त्र रूपमा जिउन तराईको मौजामा पुगेको देखिन्छ। ऊ गाउँसमाजमा मालिकको रूपमा उपस्थित भएको छ। तराईमा खलियानको सम्पत्तिमा रमाएको देखिन्छ। किसानहरूलाई खेत अँधिया गर्न दिएको छ। उसले खेतमा उब्जनी भएको अन्न किसान र मालिकले आधा आधा गरी बाँडचुड गरी बसेको छ र किसानहरूसँग चित्त बुझेन भने बाझ्ने र खुशी हुँदा जिस्कने मालिकका रूपमा आफूलाई उपस्थित गराएको छ। कोमलमानको भूमिकाले समाजमा प्रभुत्वशाली लिङ्गको प्रतिनिधित्व गरेको छ। उसले जङ्गलमा सिकार खेल्नका लागि नोकरलाई साथमा लिएर स्वतन्त्ररूप घुमफिर गरेको देखिन्छ । उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> एकलै बन्दुक बोकेर एउटा नोकर हरिलाई पछि लाएर घन्टौं घन्टौं जङ्गलभित्र घुमिरहन्थेँ, यस निम्ति कि विस्तृत घनाजङ्गलका झार-झिँगर, खर, ठूला वृक्षहरूक सघनता र अलमलमा आाफैलाई विलाउ न कि कुनै जनवारको सिकार गरुँ । (मल्ल, २०१८, पृ. १४)

प्रस्तुत उपन्यासमा कोमलमान एउटा जमीनदार वा मालिकका रूपमा प्रस्तुत भएको छ। उसले आफ्नो नोकर हरिलाई बन्दुक बोकाएर वनजङ्गल घुम्नु र वन्यजन्तुको सिकार

गर्नुले पनि समाजमा उच्चवर्ग र निम्नवर्गबीचको सम्बन्धलाई देखाउँन खोजिएको छ। उसले स्वच्छन्द रूपमा वनजङ्गलमा वन्यजन्तुको सिकार गर्ने, घरमा हरि जस्ता नोकर चाकर राखी विलासिताको जीवनयापन गरेको छ। समाजमा मालिक वा जमिन्दारहरू कठोरता, निर्दयी, धुर्त्यायी, कञ्जुसी प्रवृतिका हुन्छन् तर उसले गाउँमा निम्नवर्गका मानिसहरूलाई खुल्ला हृदयले सहयोग गरेको देखिन्छ । उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> म एक भर्खरको कलिलो बेअनुभवी युवक मात्र तिनीहरूको आँखामा जँचेको थिएँ। म कर्जा लगानी माफ गरिदिन्थेँ, कसैको दुःखदायी कुरा सुन्न बित्तिकै त्यसै रूपैया फुकिदिन्थेँ। (मल्ल, २०१८, पृ. १५)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा कोमलमानको भूमिकाले प्रभुत्वशाली लिङ्गको प्रतिनिधित्व गरेको छ। कोमलमान धनी र सम्पन्न व्यक्ति भएता पनि उसको धनी मान्छेको जस्तो प्रवृति छैन। उसले आफ्ना किसानहरू, कारिन्दा, र दीनदुखी आर्थिक समस्या परेको बेलामा सहयोग गर्ने, कर्जा लगानी माफ गर्ने दयालु मालिकको रूपमा प्रस्तुत भएको छ। उसको समाजिक भूमिकाले असल, सहयोगी र युवा मालिकको प्रतिनिधित्व गरेको छ।

*अनुराधा* उपन्यासमा सहायक पुरुष पात्र भूमिकामा रत्नमानसिंह उपस्थित भएको छ। यस उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेको कुरालाई देखाइएको छ। उसले लैङ्गिक उत्पीडकको प्रतिनिधित्व गरेको छ। उसले समाजमा सरकारी उच्च पद र सम्पन्नताका आडमा स्वास्नीमान्छेलाई कुनै वस्तुको रूपमा उपयोग गर्न चाहन्छ। ऊ बाहिरबाट हेर्दा पढेलेखेको सम्पन्न, भद्र, शक्तिशाली र सभ्य देखिन्छ तर उसले स्वास्नीमान्छेका व्यक्तिगत इच्छा र स्वतन्त्रता जस्ता संबेदनशील पक्षहरूको सम्मान गर्न जान्दैन। स्वास्नीमान्छेलाई कुनै वस्तु सरह ठानेको छ। उसले अनुराधाको यौवन र सौन्दर्य उपभोग गर्न चाहन्छ। रत्नमानसिंहले जसरी भए पनि जालझेल गरी अनुराधालाई प्राप्त गर्न खोजेको देखिन्छ । उपन्यासमा अनुराधाले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> एक दिन, मैले आफ्नो टेबिलमाथि एउटा सुन्दर कार्ड देखेँ। हातमा लिएर पढी हेरे त्यसमा मेरो नाम छापिएको थियो। डाइरेक्टर रत्नमानसिंह र श्रीमती

> अनुराधादेवीद्वारा बिबाहको उपलक्ष्यमा निमन्त्रणा वितरण गरिरहेको रहेछ। म आवाक भएर त्यो कार्ड हेरिरहें। म त्यसो भए उसकी श्रीमती भइसके स्वास्नी भइसके ! यो कत्रो षडयन्त्र थियो। (मल्ल, २०१८, पृ.९२)

प्रस्तुत माथिको उद्धरणमा रत्नमानसिंहले षडयन्त्रपूर्वक रचेको विवाहमा स्वयंवरको माला चुँडाएर हिँडेपछि पनि उसले अर्को षडायन्त्र रचेको छ। उसले विवाह नै नभएकी अनुराधाको नामसँग आफ्नो नाम मिलाएर निमन्त्रणा कार्ड छापेर अनुराधाको घरमा पठाएर मानसिक कष्ट दिएको छ। उसले समाजमा आफ्नो इज्जत बचाउनका लागि लैङ्गिक हिंसा गरेको छ। उसको भूमिकाले समाजमा जालझेल गर्ने षडयन्त्रकारी व्यक्तिको प्रतिनिधित्व गरेको छ। उसले आफू जतिसुकै अपमानित भए पनि लाज पचाएर अनुराधालाई प्राप्त गर्न फेरि अर्को षडयन्त्र रचना गरेको देखिन्छ । उपन्यासमा रत्नमानसिंहले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> अहिले पनि तपाईंले अनुराधालाई पठाउनु भएन भने मेरो ईज्जतको खातिर पनि कुनै कार्य नगरी मलाई सुख नै हुने छैन। यसैले यसलाई अन्तिम पत्र सम्झनु होला र आजै घरमा पठाई दिनु होला। (मल्ल, २०१८, पृ. ९९)

प्रस्तुत माथिको उद्धरणमा रत्नमानसिंहले अनुराधालाई जसरी भए पनि प्राप्त गर्नका लागि अनुराधाकी आमालाई धम्कीपूर्ण भाषामा लेखेको चिट्ठीले अनुराधाकी आमालाई मानसिक यातना दिनु पनि लैङ्गिक हिंसाको नमुना मान्न सकिन्छ। आफू स्वयम् षडयन्त्रकारी चरित्र भएर पनि रत्नमानसिंहले विवाह नै नभएकी अनुराधालाई आफ्नो स्वास्नी हो भन्ने दाबी गरेर चिट्ठी लेख्नु पितृसत्ताको पुरुष मानसिकता हो। उसले आफ्नो धन सम्पत्ति, सरकारी उच्च पद र सामाजिक प्रतिष्ठाका लागि अनुराधा र आफ्नो बिहे भएको भन्ने समाजमा प्रमाणित गर्ने चेष्टा गरी षडयन्त्र गरेको देखिन्छ। उसले अनुराधाको सौन्दर्य मात्र देखेको र भावना बुझ्न नसकेको कुरा प्रष्ट देख्न सकिन्छ। उसले नारीलाई पुरुषको भोग्या वस्तु ठान्नु र नारी शोषण गर्नु पनि आफूलाई शक्तिशाली ठानेको छ। उसकै अगाडि अनुराधाले स्वयंवरको माला चुँडालेर हिँड्दा पनि कुनै अपमानबोध नगरी अनुराधाको परिवारमाथि पुरै अधिकार जताउन खोजेको कुरा प्रस्तुत उद्धरणले पुष्टि गर्दछ। रत्नमानसिंहको भूमिकाले पूंजीवादी समाजको सामन्ती वर्गीय पुरुष पात्रको प्रतिनिधित्व गरेको छ।

यस उपन्यासका अर्को पुरुष पात्रको भूमिकामा समुन्द्रमान उपस्थित भएको छ। उसले प्रभुत्वशाली लिङ्गको प्रतिनिधित्व गरेको छ। उपन्यासमा अनुराधाले रत्नमानसिंहमाथि शारीरिक क्षति पुऱ्याउन नसकेर मानसिक यातना दिनका लागि देवर समुन्द्रमानलाई प्रयोग गर्छे। ती देवर र भाउजू बीचको अनुचित सम्बन्धका कारण दाजु र भाइमा वैमनस्यता, आशङ्का र झगडा हुँदाहुदै मारपिट भएको देखिन्छ। समुन्द्रमानले आफूलाई सामाजिक अनैतिकताको भीषण अपराध ठानेपछि घर छोडेर मदेशमा गई बसेको छ। उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> समुन्द्रमान त्यस बखतदेखि बिराटनगर गएको फर्कँदै फर्केन। केही दिनभित्रमा ऊ नामुद रक्सीबाज भएर निस्केछ। आइमाईहरू ल्याउने, केही दिनभित्र राख्ने, फेरि घोकाइदिने त्यस प्रकारको जिन्दगी गुजरा गर्न थालेछ। (मल्ल, २०१८, पृ. १३५)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहेको देखिन्छ। समुन्द्रमानले आफ्नी भाउजू अनुराधासँग अनुचित सम्बन्ध राख्छ जुन सम्बन्धका कारण समाजले उसलाई पतित ठहराउँछ। त्यसपछि ऊ विराटनगरमा गई बस्छ। उसले त्यहाँ पनि महिलामाथि दूरव्यवहार गर्छ। उसले महिलालाई आफ्नो खेलौना वा कुनै वस्तु सरह ठानेर प्रयोग गरेको देखिन्छ। समुन्द्रमानले धन सम्पत्तिको धाक र रवाफमा नामुद रक्सीबाज हुनु र महिलालाई खेलौनाको रूपमा प्रयोग गरी केही दिन घरमा राख्ने गर्छ। उसलाई इच्छा नलागेको खण्डमा घरबाट घोकाएर निकाल्ने जस्ता क्रियाकलापले पनि चरित्रहीन पुरुषको भूमिकामा उपस्थित भएको छ।

## २.४ *कुमारी शोभा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व

*कुमारी शोभा* उपन्यासमा लैङ्गिक दृष्टिकोणले पितृसत्तात्मक सामाजिक संरचना सांस्कृतिक तथा धार्मिक अन्धविश्वासका कारण किनाराकृत बनेका महिला र पुरुष पात्रहरूको प्रतिनिधित्वको चित्रण के कसरी भएको छ भन्ने कुराको विश्लेषण उपशीर्षकमा गरिएको छ।

### २.४.१ *कुमारी शोभा* उपन्यासमा नारीपात्रको प्रतिनिधित्व

*कुमारीशोभा* उपन्यासकी प्रमुख नारी पात्रको भूमिकामा रहेकी शोभाले नेवार समुदायकी नारी कुमारी देवी अर्थात् द्योमैजुले हिन्दु संस्कार अर्थात् रूढि परम्रागत मूल्य मान्यताको प्रतिनिधित्व गरेकी छ। पुरुषप्रधान समाजमा रूढी, परम्परागत, र मूल्य मान्यताले लैङ्गिक विभेद गरेको पाइन्छ। शोभालाई निश्चित समय सम्म कुमारी देवीको स्थानमा स्थापित गराएर आफ्नो घरमा फर्काइन्छ। कुमारी देवी अर्थात् द्योमैजु भइसकेकी नारीलाई कसैले बिहे गर्नु हुँदैन यदि गरेमा उसको पहिलो पति मर्छ भन्ने धार्मिक अन्धविश्वास समाजमा व्याप्त रहेको देखिन्छ। अहिलेसम्म पनि धार्मिक अन्धविश्वासको विरुद्धमा कसैले आवाज समेत उठाएको छैन। तत्कालीन नेपाली समाजमा धार्मिक अन्धविश्वासका कारण शोभामाथि लैङ्गिक हिंसा गरेको देखिन्छ। उपन्यासमा शोभाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> के चासो चाहियो तपाईहरूलाई मेरा विषयमा यस भए नभएको कुरा गर्नुलाई ! म पोइ टोकूँ या नटोकूँ, उपेन्द्र मरोस् या बाँचोस्, तपाईलाई के को चासो ! जानोस् तपाई यहाँबाट, जानोस् भनेको। अर्काको विषयमा मनपरी कुरा गर्दा लाज लाग्दैन तपाईलाई ? (मल्ल, २०३९, पृ. ७५)

प्रस्तुत माथिको उद्धरणमा पुरुषकेन्द्री समाजमा नारीलाई निणर्य भूमिकामा स्वतन्त्रता दिइएको पाइदैन। समाजमा रूढि, परम्परा र धार्मिक अन्धविश्वासका कारण कुमारी देवीको स्थानमा स्थापित भइसकेकी कुमारीले बिहे गर्नु हुँदैन भन्ने अन्धविश्वासका विरुद्ध समाजमा शोभाले आफ्नो निजी जीवनमा कसैले टिकाटिपणी गर्न मिल्दैन भन्ने ठाडो चेतावनी दिएकी छ। समाजमा नारीका हक, अधिकार र स्वतन्त्रताप्रति बुलन्द आवाज उठिरहेकै बेलामा नारी भएर पनि मिस्रीले शोभाको जीवनमा हस्तक्षेप गर्न खोजिएको कुरालाई देखाइएको छ। उसले समाजलाई चुनौती दिँदै स्वतन्त्र रूपमा उपेन्द्रलाई प्रेम गरेकी छ। कुमारी देवी भइसकेकी नारीले बिहे गर्नु या नगर्नु कसैको चासोको विषय होइन। समाजमा मानिस बाँच्नु र मर्नु जस्ता कुरा मानिसका कावुमा रहदैन जुन कुरा समाजमा अन्धविश्वासका कारण नारीलाई कमजोर वा क्षुद्र बनाइएको छ। यसका विरुद्ध कुमारी देवी भइसकेकी शोभाले नयाँ विचारको प्रतिनिधित्व गरेकी छ।

> म साधरण नारी हुन चाहन्छु, सजिलोसँग बिहे गर्न चाहन्छु तिमीसँग । (मल्ल, २०३९, पृ. १०८ )

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा नारीको भूमिकाका आधारमा लैङ्गिक विभेद गरिएको देखाइएको छ । कुमारी देवी अर्थात् द्योमैजु भइसकेकी नारीले बिहे गर्नु हुँदैन गरेमा उसको पति मर्छ भन्ने अन्धविश्वासका विरुद्ध कुनै कदम चालिएको छैन । परापूर्वकालदेखि नै कुमारीले आजीवन बिबाह गर्न नहुने जनविश्वास रूढिवादी परम्परागत संस्कारलाई चुनौती दिएकी छ । अन्धविश्वासद्वारा ग्रसित समाज परिवर्तनका लागि नारीको नैसर्गिक हक, अधिकार र स्वतन्त्रताप्रति सचेत भएको कुरालाई प्रस्तुत गरिएको छ । शोभाले मन पराएकी उसको प्रेमीसँग बिहेको प्रस्ताव राखेकी छ । उसले समाजमा अरू नारीले जस्तै विवाह गर्न चाहेकी छ । समाजमा अन्धविश्वासका विरुद्ध कुमारी देवी अर्थात् द्योमैजुले बिबाह गर्न खोज्नु नै रूढिवादी परम्परागत सामाजिक संरचनाको मूल्य र मान्यतालाई अस्वीकार गरकी छ । यस कारण उपन्यासमा शोभाको भूमिकाको आधारमा केलाउँदा समाज परिवर्तनका लागि शोभाले नयाँ विचारको प्रतिनिधित्व गरेकी छ ।

*कुमारी शोभा* उपन्यासमा सहायक नारी पात्रको भूमिकामा मिश्री उपस्थित भएकी छ । उसले पितृसत्तात्मक सामाजिक संरचनामा प्रचलित रूढि परम्परा र मूल्य मान्यताको प्रतिनिधित्व गरेकी छ । ऊ पूजाको सामग्रीहरू बनाउने र बिक्री गर्ने पसल भएकी मध्म वर्गीय नारी पात्र हो । यस उपन्यासमा रूढि परम्परा र मूल्य मान्यता तथा पुरानो विचारको पक्षमा उपस्थित भएकी छ । उसले परम्परालाई समर्थन र संरक्षण गर्न खोजेकी छ । शोभा अर्थात् द्यौमजुलाई देउटा आएको सुनेर शोभाको घरमा पुगेकी छ । उसले शोभालाई भेट्न आफैले बाटेको धूप, जजंका, र बत्ती लिएर गएकी छ । शोभाको घरमा शोभालाई नभेटेपछि द्योमैजुको बारेमा सोधेकी छ । राजमतीले शोभालाई डाक्टरको औषधि गरेको कुरा सुनाएपछि ऊ अचम्भित भएकी छ । उपन्यासमा मिश्रीले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मिश्री एकदम अचम्म माने झैं गरी मुन्टो हल्लाउँदै भन्न थाल्छिन् । के भन्नु भा त्यस्तो, नानीले । हुन्न है, त्यस्तो हुन्न । देउता आएपछि ज्यादै ध्यान दिनुपर्छ , जे पायो उही अशुद्ध, अपवित्र, औषधि खुवाएर मनपरी गर्नु हुन्न है । त्यस्तो गर्दा

> बहुतै अनिष्ट हुने भय हुन्छ घरमा । आएका देउतालाई 'जा' भनेर किन धपाउनुपऱ्यो । (मल्ल, २०३९, पृ. ७३)

प्रस्तुत माथिको उद्धरणमा मिस्रीले पुरानो मान्यता र रूढि परम्परागत विचारलाई संरक्षण गर्न खोजेकी छ । सामाजिक तथा धार्मिक अन्धविश्वासका कारणले शोभाको मानसिक पक्ष दुर्बल भएको छ । प्राचीन कालदेखि नै कुमारी देवी अर्थात् द्योमैजुले बिहे गर्नु हुँदैन । यदी बिहे गरेमा उसको पहिलो पतिको मृत्यु हुन्छ भन्ने भनाई लोकले विश्वास गर्दै आएको कुरालाई प्रस्तुत गरिएको छ । शोभा बिरामी परेको अवस्थामा पनि औषधि उपचार गर्नु हुँदैन । उसको शुद्ध अशुद्धको ख्याल राख्नु पर्छ भन्ने विचार राखेकी छ । यसर्थ मिश्रीको भूमिकाले पुरानो रूढि, परम्परा, मूल्यमान्यता तथा धार्मिक सांस्कृतिक पक्षमा उभिएकी छ । उसले अझ पाप र धर्मका कुरा गरेर ईश्वरको सेवा गर्नु पर्छ भनेकी छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> ईश्वर स्वयं सवारी भा बेलामा झन् उहाँको सेवा सत्कार गरेर मान्नु पर्ने अवस्थामा हामीले जे पायो उही गऱ्यो भने ईश्वरलाई घोकयाएर निकाले जस्तो हुँदैन घरबाट, भन्नोस् त ? बडो ठूलो पाप लाग्छ है, ठूलो उपद्रव हुन के बेर । (मल्ल, २०३९, पृ. ७४)

प्रस्तुत माथिको उद्धरणमा मिश्रीले कुमारी देवी अर्थात् द्योमैजु भएकी शोभाले कुमारी घर छोडेर आफ्नै घरमा फर्केपछि पनि ईश्वरको सेवा गरी बस्नु पर्छ भनेकी छ । उसले आफू महिला भएर पनि एउटी महिलामाथि मानसिक कष्ट दिने काम गरेकी छ । उसले शोभालाई देउता आएको बेलामा पूजाआजा गर्नु पर्छ नत्र भने पाप लाग्छ भन्ने जस्ता धार्मिक अन्धविश्वासको कुरा गरेकी छ । उसले शोभालाई कुमारी देवी अर्थात् द्योमैजु भएकीले लोग्ने मान्छेसँग लसपस गर्नु हुँदैन र बिहे गरेमा पहिलो पोई टोक्छन् भनेकी छ । यस उपन्यासमा मिश्रीले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> के कुरा गर्नु भएको नानी पनि के मेरो कुरा नपत्याउनु भएको ! एक त द्योमैजुले बिहे गर्नु हुँदैन, गरे पनि पहिलो पोइ उनीहरूले टोक्छन्, के यस्तो भनाइ छैन के यस्तो भएको छैन अब उपेन्द्र काजीसँग यताउति गर्न लागेपछि यस्तो विघ्न त आउने नै भयो । यसैले देउता आएको हो । (मल्ल, २०३९, पृ ७४/७५)

प्रस्तुत माथिको उद्धरणमा मिश्रीले शोभाकी फुपु राजमतिसँग सामाजिक तथा धार्मिक अन्धविश्वासका कुरा गरेकी छ। उसले परम्परागत रूपमा चलि आएको सामाजिक रीतिरिवाज र संस्कारलाई आत्मसात गरेकी छ। उसले कुमारी देवी अर्थात् द्योमैजु भएकी नारीले बिहे गर्नु हुँदैन यदी गरेमा उसको पहिलो पति मर्छ भन्ने कुरालाई दर्साएकी छ। उसले कुमारी देवी अर्थात् द्योमैजुले कुनै पनि पुरुषसँग लसपस गर्नु हुँदैन थियो र शोभाले उपेन्द्रसँग प्रेम गरेका कारण शोभालाई देउता आएको हो भन्ने कुरा मिस्रीले व्यक्त गरेकी छ। यहाँ मिस्रीको उपस्थितिले पुरानो रूढि परम्परा र मूल्यमान्यतालाई जोगाई राख्नु पर्छ भन्ने कुराको प्रतिनिधित्व गरेको पाइन्छ।

*कुमारी शोभा* उपन्यासकी अर्की नारी पात्र मोहिनीले परम्परादेखि चल्दै आएको सांस्कृतिक तथा धार्मिक प्रतिनिधित्व गरेकी छ। मोहिनीले आफू सानो छदाँ झ्यालबाट लडेपछि कुमारी देवीको आशिषले बाँच्न सफल भएकी हुँ भनेकी छ। यस उपन्यासमा मोहिनीले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> यहाँ त सासूहरूसँग जात्रा हेर्न आएकी अहिले। त्यसबेला म झ्यालबाट खस्ताखेरि कुमारी देवीकी साथी नभएर कुमारीले हात नथापेकी भए म उसैबेला मरिसक्थे रे। सब जना अहिलेसम्मन् त्यसै भन्छन्। (मल्ल, २०३९ पृ. २५)

प्रस्तुत माथिको उद्धरणमा तात्कालीन नेपाली समाज अशिक्षाका कारण सांस्कृतिक तथा धार्मिक अन्धविश्वासमा रुमलिएको देखिन्छ। मोहिनी आफ्नो सासूहरूसँग कुमारी जात्रा हेर्न गएकी छ। ऊ कुमारीघरकी अजीकी नातिनी भएकीले उसको बाल्यकाल कुमारी देवी भएकी शोभासँग बिताएको देखिन्छ। त्यस बेला मोहिनी आफू झ्यालबाट खस्दा पनि मृत्यु नहुनुको कारण आफ्नी साथी कुमारी देवीको आशिष लागेको ठानेकी छ। त्यो समयमा मोहिनी झ्यालबाट खस्दा चोटपटक लागेर औषधि उपचार गर्न अस्पताल गएको कुनै सङ्केत देखिँदैन। बरू उसका बाबु आमाले छोरी मोहिनीको मृत्यु हुन्छ कि भन्ने डरले ज्योतिषकोमा चिनापत्र देखाएको देखिन्छ।

*कुमारी शोभा* उपन्यासकी प्रमुख नारी पात्र शोभाकी आमाको भूमिकामा धनमाया उपस्थित भएकी छ। उसले रुढि परम्परा र मूल्य मान्यताका साथै पितृसत्ताको प्रतिनिधित्व गरेकी छ। उसले आफ्नी छोरी कुमारी देवी भइसकेकी शोभालाई देउता आएको ठानेकी

छ। उसले शोभालाई बिरामी भएको कुरामा विश्वास नगरेको कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> खै डाक्टर जँचाउन गएका छन्, यसै भन्न सक्तिनँ। रोग लागेको हो कि देउता चढेको। तर मेरो विचारले त देउतै आएको हो जस्तो लाग्छ। तर मेरो कुरा कोही पत्याउँदैनन्। लौ भन्नोस्, एक चोटि कुमारी देवी पनि भइसकेकीलाई देउता नचढे के बोक्सी आउँछ, के रोग लाग्छ ? (मल्ल, २०३९, पृ. ४१)

प्रस्तुत माथिको उद्धरणमा धनमाया कमजोर मनस्थिति अनि शारीरिक रूपमा पनि अशक्त रहेकी छ। उसले परम्परागत रूपमा चल्दै आएको सांस्कृतिक तथा धार्मिक अन्धविश्वासप्रति आस्था राखेको देखिन्छ। ऊ कुमारी देवी भइसकेकी महिलालाई देउता आउन सक्छ भन्ने कुरामा विश्वास गर्छे। उसले छोरी शोभालाई मानसिक आघात पुगेको छ र उसलाई स्वास्थ्य उपचार गर्नु पर्छ भन्ने हेक्कासम्म राखेकी छैन।

*कुमारी शोभा* उपन्यासकी अर्की नारी पात्र अजिले रूढि परम्परा र मूल्यमान्यताको संरक्षण गरी धार्मिक तथा पितृसत्ताको प्रतिनिधित्व गरेकी छ। कुमारी घरमा अजिले कैयन् वर्षदेखिन् खाली कुमारी देवी अथात् द्योमैजु हुन आउने बच्चीहरूलाई हुर्काएर जीवनभर सेवा गर्दै आएको देखिन्छ। यस उपन्यासमा समाख्याताले भनेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> गहना उनैले झिकिदिन्थिन्, लुगा उनैले फेरिदिन्थिन्, यताउता गरे भने उनैले हप्काउँछिन्। (मल्ल, २०३९, पृ. ४)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा धार्मिक तथा सांस्कृतिक पक्षको प्रतिनिधित्व गरेकी छ। उसले कुमारी घरमा कुमारी देवी अथात् द्योमैजु हुन आउने नाबालिकाहरूको हेरचाह गर्नुका साथै गल्ती गरेमा हप्काउने प्रवृत्ति देखिन्छ। नेपालमा प्रचलित कुमारी देवी अर्थात् जीवित देवीको पूजा गर्ने चलन रहेको छ। कुमारी जात्रामा नेवार समुदायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यसर्थ अजिको भूमिकाले जातिय र लिङ्गिय प्रतिनिधित्व गरेको पनि देखिन्छ।

## २.४.२ *कुमारी शोभा* उपन्यासमा पुरुषपात्रको प्रतिनिधित्व

*कुमारीशोभा* उपन्यासमा प्रमुख पात्रको भूमिकामा उपेन्द्र उपस्थितिले काठमाडौंको नेवार समुदायको शिक्षित, बौद्धिक र आधुनिक विचारको प्रतिनिधित्व गरेको छ। यस उपन्यासकी प्रमुख नारीपात्र शोभा सामाजिक तथा धार्मिक अन्धविश्वासले ग्रसित भएकी छ। कुमारी देवी अर्थात् द्योमैजु कसकेकी नारीले बिबाह गर्नु हुँदैन गरेमा उसको पति मर्छ भन्ने कुराले आफ्नो प्रेमी उपेन्द्रको सम्भावित मृत्युको चिन्ताले अलग हुन चाहन्छे। यस कारण उपेन्द्रले समाजमा व्याप्त अन्धविश्वासलाई हटाउन तर्क र बुद्धिद्वारा पुष्टि गर्न वैज्ञानिक कारण खोज्ने व्यक्तिका रूपमा उपस्थित भएको छ। उसले शोभालाई बिहे गरेर समाजमा विद्यमान रूढिग्रस्त भ्रमलाई हटाउन चाहेको कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> शोभा, द्योमैजु देवी सुन, के यति कुरा भन्नलाई हिजोदेखिन कोशिश गरिरहेकी तिमीले ? यो त मलाई पहिले नै थाहाँ थियो, तर मैले कहिल्यै प्रवाह गरेको थिइन। के यस्तो अन्धविश्वास म पत्याउँछु भनेर भन्ठानेकी तिमीले ? यता हेर, यस्तो अन्धविश्वास निर्मूल पार्नलाई नै म जन्मेको हुँ ! (मल्ल, २०३९, पृ. ५३)

प्रस्तुत माथिको उद्धरणमा उपेन्द्रले सामाजिक तथा धार्मिक अन्धविश्वासबाट शोभालाई मुक्त गराउने प्रयास गरेको छ। उसले समाजमा कुमारी देवी भइसकेका कुमारीले विवाह गरेमा उसको पहिलो पति मर्छ भन्ने अन्धविश्वासलाई हटाउन समाजलाई चुनौती दिएको देखिन्छ। उसले शोभालाई हरतरहले सम्झाएर आफ्नो लक्ष्य प्राप्त गर्न खोजिरहेको छ। यस उपन्यासमा शोभा रूढिवादी परम्परा र अन्धविश्वासका कारण आफ्नो निणर्यमा पुग्न सक्ने क्षमता देखिदैन। उसभित्र अन्धविश्वास रूढिवादी परम्परा नउप्किने गरी टाँसिएको छ। त्यसलाई हटाउन उपेन्द्रले लामो समयदेखि निकै प्रयास गरेको देखिन्छ। सामाजिक रूढिवादी परम्परागत र अन्धविश्वासका विरुद्ध कुमारी देवी अर्थात् द्योमैजु भइसकेकी शोभासँग बिहे गर्ने निणर्यका साथ नयाँ विचार लिएर उपस्थित भएको छ। समाजमा पुराना पुस्ता र अशिक्षित मानिसहरूले परम्परादेखि चल्दै आएको संस्कार, रीतिरिवाज, परम्परा र अन्धविश्वासलाई समर्थन गरेको पाइन्छ। नयाँ पुस्ताले समाजमा व्याप्त अन्धविश्वासलाई निर्मूल पार्न खोजेको देखिन्छ । यस उपन्यासमा उपेन्द्रले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> हेर्नोस आमा, म बिहे गरिछाड्छु, छाड्छु, यो मेरो प्रतिज्ञा हो, मलाई त्यस्तो अन्धविश्वाससँग डर छैन । त्यस्तो अन्धविश्वासलाई म च्यात्चुत गरेर मिल्काइदिन्छु, यही जुत्ताले कुल्चेर निमिट्यान्न पार्न सक्छु, बुझ्नु भो । (मल्ल, २०३९, पृ. ८७)

प्रस्तुत माथिको उद्धरणमा उपेन्द्रले समाजको पुरानो रूढिवादी परम्परा र मूल्यमान्यताका संरचना भत्काउन चाहेको देखिन्छ । उसले सामाजिक धार्मिक अन्धविश्वासलाई हटाइ स्वच्छ, स्वस्थ समाज निर्माण गर्न खोजेको देखिन्छ । उसले समाजमा व्याप्त रहेको धार्मिक अन्धविश्वासको विरुद्ध समाजलाई चुनौती दिएको छ । कुमारी देवी अर्थात् द्योमैजुलाई बिहे गर्ने पहिलो पुरुषको मृत्यु हुन्छ भन्ने थाहा हुँदाहुदै पनि उपेन्द्रले शोभालाई प्रेम गर्नु, बिहे गर्न खोजेको देखिन्छ । ऊ समाजमा व्याप्त रहेको धार्मिक अन्धविश्वासका कुरामा कत्ति पनि विचलित भएको छैन ।

*कुमारी शोभा* उपन्यासको सहायका पुरुष पात्र बाबुकाजीको भूमिकाले पितृसत्ताको प्रतिनिधित्व गरेको छ । यस उपन्यासमा उसको भूमिकाले समाजमा पुरुषले जे गर्दा पनि हुन्छ भन्ने घमन्ड प्रदर्शन गरेको छ । बाबुकाजी पेसाले लरी चलाउने ड्राइभर हो । उसले आफ्नी काकी राजमतिकी भदैनी शोभाप्रति आकर्षित हुन्छ । ऊ खराब र जिद्दी चरित्रका कारणले कुमारी शोभाको मानसिक अवस्थामा भय उत्पन्न गराएर बाधा दिएको छ । पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहेको कुरा बाबुकाजीको चरित्रले देखाएको छ । उसले आफूले मन पराएकी कुमारी देवीको स्थानमा स्थापित भइसकेकी शोभालाई जसरी भए पनि हात पार्न तम्सिएको देखिन्छ । यस उपन्यासमा बाबुकाजीले व्यक्त गरेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> यो बाबुकाजीको छाती ठूलो छ, आफ्नो जीउको मासु काटेर लाम्टाका लाम्टा तिमीलाई चढाउन सक्छ यो बाबुकाजी । यो बाबुकाजी कसैसँग डराउँदैन, सर्वस्व चुटकीमा फुक्न सक्छ । (मल्ल, २०३९, पृ. ३१)

प्रस्तुत उपन्यासमा बाबुकाजीले आफ्नो काकाकी भदैनी शोभाको सौन्दर्यप्रति लालयित भएको देखिन्छ । उसले कुमारी देवी अर्थात् द्योमैजुलाई बिहे गर्नु हुँदैन भन्ने थाहा हुँदाहुदै पनि शोभालाई आफ्नो वशमा पार्न खोजेको छ । पुरुषप्रधान समाजमा पुरुषको

प्रभुत्व रहेको छ भन्ने आश्रय देखिन्छ । उसले नारीको भावनालाई कदर गर्न सकेको छैन । उसले आफूलाई शक्तिशाली ठानेको छ। उसले कुमारी देवी भएकी नारीलाई बिहे गर्ने पहिलो पुरुषको मृत्यु हुन्छ भन्ने कुरालाई स्वीकार्दैन बरू आफ्नो ज्यान नै बलिदान दिन सक्छु भन्ने अभिव्यक्ति दिएको छ। बाबुकाजी पेसाले ड्राइभर भए पनि आफुसँग धन छ र मन पनि छ भनेर घमन्ड देखाएको छ। यसर्थ बाबुकाजीले पितृसत्ताको प्रतिनिधित्व गरेको छ ।

*कुमारी शोभा* उपन्यासको अर्का पुरुषपात्रको भूमिकामा गणेश उपस्थित भएको छ । गणेशको भूमिकाले समाजमा किनाराकृत पुरुषको प्रतिनिधित्व गरेको छ। गणेश भट्टी पसलकी मालिक्नी माइलीको लोग्ने हो । ऊ शारीरिक रूपमा अशक्त र रोगी भएका कारण स्वास्नीको कमाइमा जिवीकोपार्जन गरेको देखिन्छ। उसले आफ्नी साली जुलुममाथि पनि कुदृष्टि राखेको बाबुकाजीले अभिव्यक्त गरेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> विचरी जुलुम ! दिदीसँग पनि डराउँछिन्, भिनाजुसँग पनि । उनलाई गजब लाग्छ -त्यो रोग्याहा माहिलीको पोइ गणेश ! के-के इच्छा हुदो हो कुन्नि आफ्नो साली जुलुममाथि कहिलेकाहीँ हातपात गरेर जुलुम गर्न खोज्दो रहेछ, अनि त्यो स्वास्नी माहिलीको हप्काइ खाएपछि केही दिनलाई चूपचाप लागेर शान्त हुदो रहेछ ।
> (मल्ल, २०३९, वृ. १५३)

प्रस्तुत माथिको उद्धरणमा गणेश आफू अशक्त र रोगी भएका कारण आफ्नी स्वास्नी माहिलीको कमाइमा जिवीकोपार्जन गर्न विवश रहेको देखिन्छ। माहिलीकी बहिनी जुलुमले दिदी र भिनाजुलाई सहयोग गर्न बसेकी छ। तर गणेशले आफ्नी साली जुलुममाथि कुदृष्टि लगाइ हातपात गर्न खोज्दा आफ्नी स्वास्नी माहिलीको गाली खाएको देखिन्छ ।

## २.५ ***श्रीमती शारदा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व**

*श्रीमती शारदा* उपन्यासमा पुरुषप्रधान समाजमा लैङ्गिक दृष्टिकोणले उत्पीडनमा परेका नारी पात्र र प्रभुत्वशाली तथा अधिनस्थ संस्कृतिका पुरुषहरूका प्रतिनिधित्वको चित्रण केकसरी भएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

### २.५.१ *श्रीमती शारदा* उपन्यासमा नारीपात्रको प्रतिनिधित्व

*श्रीमती शारदा* उपन्यासकी प्रमुख नारी पात्र शारदाको भूमिकाले काठमाडौँको नेवार समुदायमा सीमान्तकृत अर्थात् उत्पीडन महिलाको प्रतिनिधित्व गरेकी छ। पुरुषप्रधान समाजमा पुरुषले नारीमाथि दुर्व्यवहार गरेको कुरा यस उपन्यासमा प्रस्तुत गरिएको छ। शारदाको लोग्ने केशरबहादुरले आफ्नो साथी प्रदीप्तमानसँग स्कुलमा झगडा गर्छ। त्यसको बदला लिन प्रदीप्तमानले केशरबहादुरकी स्वास्नी शारदामाथि मानसिक तथा शारीरिक रूपमा दुर्व्यवहार गरी विक्षिप्त अवस्थामा पुराएको छ। शारदाले आफूलाई बिना कसुर रातको समयमा आफ्नै घरबाट घिसार्दै सडकमा ल्याउँदा पनि प्रतिकार समेत गर्न सकेकी छैन। उसले आफूमाथि हातपात हुँदा पनि आफ्नो लोग्ने केशरबहादुरलाई हारगुहार समेत माग्ने सम्म हिम्मत देखाएकी छैन जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> विचरी आइमाई पहिले त अकस्मात यसरी आफूलाई घिसारेको देख्दा अचम्भित हुन्छे। फुस्किएको फरियालाई सम्भाल्न खोज्दाखोज्दै घिसारिएको वेगले सम्पूर्ण फरियाका मुजाहरू भुइँमा खस्दछन्। सम्पूर्ण नाङ्गिउँला भन्ने डरले उनी पेटीकोटसम्मलाई बचाउन कोशिश गर्छिन्। यही चेष्टाले उनी अरु केही सोच्न सक्दिनन्। कराउन पनि सक्दिनन्। घिसारिर्दै कहाँ गइरहेछु उनलाई अत्तोपत्तै हुँदैन। (मल्ल, २०५६, पृ. २३)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेको देख्न सकिन्छ। केशरबहादुरसँग झगडा गरी प्रदीप्तमानले ऊसँग प्रतिकार गर्न नसकेर उसकी पत्नीसँग बदला लिएको छ। शारदाले आफ्नो कुनै कसुर नभए पनि आफूलाई हातपात गर्दा पनि आफ्नै लोग्ने केशरबहादुरलाई हारगुहार गरी सहयोग माग्न सकेकी छैन। समाजमा आफ्नो लोग्नेका इज्जतका खातिर मानसिक तथा शारीरिक यातना सहन बाध्य भएकी छ। प्रदीप्तमानले शारदालाई एउटा भट्टी पसलको कोठामा थुनेर राख्नु र फेरि भोलि पल्ट उसले शारदालाई केशरबहादुरकै घरमा फर्काउने कोशिश गरेको देखिन्छ। तर शारदाले आफूलाई रातको समयमा परपुरुषले दुर्व्यवहार गरी यातना दिई बेइज्जत गरेको महसुस गरेकी छ। यस उपन्यासमा शारदाले व्यक्त कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> तिमीले मलाई किन लेरायौ ? मेरो जिन्डकीको जवाफदेही अब तिमी नै हुनु पर्छ । तमीसँग यसको बदला नलिई छाड्ने छैन । तिमीले यसको विपरीत गऱ्यौ भने सरकारसँग गएर गुहार माग्न सक्छु । (मल्ल, २०५६, पृ. २५)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा लैङ्गिक विभेद रहेको पाइन्छ। समाजमा नारीको भूमिकालाई पुरुषले इज्जत सम्मान .गरेको देखिँदैन । समाजमा शारदाको पारिवारिक संरचना वा दाम्पत्य जीवन भङ्ग मात्र भएको छैन । उसलाई प्रदीप्तमानले बिना कसुर घरबाट घिर्सादै सडकमा पुऱ्याएको छ । शारदाले केशरबहादुरसँग सरण पर्न पनि नजाने र प्रदीप्तमानसँग बदला लिन चाहेको कुरा प्रष्ट रूपमा देख्न सकिन्छ । समाजमा नारीलाई पशुतुल्य व्यवहार गरेर मानसिक शारीरिक हिंसाका विरुद्ध चुप लागेर बस्नु हुँदैन भन्ने नारी वर्गमा आएको चेतनाले हिंसा विरुद्ध सरकारको न्यायिक ढोका ढक्ढकाउनु पर्छ भन्ने कुराको सङ्केत गरेको देखिन्छ । उपन्यासमा शारदाको भूमिकाले लैङ्गिक सीमान्तकृत महिलाको प्रतिनिधित्व गरेको माथिको वर्णनले पुष्टि गर्दछ। प्रदीप्तमानले बिना कसुर शारदालाई घिसारेर ल्याएको छ । शारदाले आफुमाथि शारीरिक तथा मानसिक रूपमा हिंसा गरी उत्पीडनमा पार्ने प्रदीप्तमानलाई कुनै पनि हालतमा क्षमा दिन नसकिने कुरा गरेकी छ । यस उपन्यासमा शारदाले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> शारदा उत्तेजित भएर भन्दछिन् - “तपाई बीचमा नबोल्नुहोस् । उहाँले क्षमा माग्दैमा के म क्षमा गर्न सक्छु ? जसले मलाई सडकमा घिसारेर नङ्ग्याएर मेरो जिन्दगीलाई नै बर्बाद तुल्याई दिइ सकेको छ। त्यस्तो मानिसलाई बर्बाद नगरिकन के क्षमा गर्न सक्छु ? म त्यस्तोसँग त बदला लिन्छु । बदला लिन्छु । आफू मर्नै परे पनि बदला लिएरै छाड्छु । (मल्ल, २०५६, पृ. २५)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषबाट नारी अन्याय र अत्याचारमा पिल्सिएका छन् । शारदाले समाजिक अन्यायको अगाडि हार मान्य पक्षमा छैन । समाजमा एक पटक हातपात गर्ने बित्तिकै त्यो स्वास्नीमान्छे नचाँहदा नचाँहदै पनि त्यसकै फन्दमा पर्नु पर्ने सामाजिक व्यवस्थाप्रति चुनौती दिएकी छ। समाजमा नारीलाई लोग्नेमान्छेको सम्पत्ति वा हक लाग्ने उपभोग्य वस्तु ठान्ने पितृसंस्कार विरुद्ध बुलन्द आवाज उठाउने प्रयत्न गरेको कुरालाई देखाएकी छ । उसको लोग्ने केशवबहादुरसँग प्रदीप्तमानको झगडा भएकै कारण उसलाई बिना कसुर घरबाट घिसारेर शारीरिक र

मानसिक हिंसा गरिएको छ । पुरुषप्रधान समाजमा पुरुषले महिलामाथि गरिने मानसिक तथा शारीरिक हिंसा गर्ने लोग्नमान्छेलाई क्षमा गर्न हुँदैन भन्ने चेतना सहित उपस्थित भएकी छ ।

*श्रीमती शारदा* उपन्यासमा सहायक नारी पात्रको भूमिकामा सुभद्रा उपस्थित भएकी छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेता पनि उसले नयाँ विचारको प्रतिनिधित्व गरेकी छ । सामाजिक रूढि, परम्परा अनुसार अन्तरजातीय विवाहलाई स्वीकार्न सकेको देखिँदैन भन्ने कुरालाई देखाएकी छ । उसले आफ्नो छोराले जो पायो त्यही आइमाई ल्यायो भने घरमा हुल्दिनँ भने पनि समय र परिस्थितिले मानिसका विचारमा परिवर्तन ल्याएको देखिन्छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> हेर प्रदीप्त तैले साँची त्यो स्कूलको केटीलाई ल्याएको हो । त्यसलाई लिएर बाहिर बसेको हो, अहिले नै भन ? तेरो बालाई सुनाई-सुनाई मनाउँनु पर्छ । (मल्ल, २०५६, पृ. ३७)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा प्रचलित रूढि, परम्परा अनुसार काठमाडौंको नेवार परिवारमा अन्तर जातीय बिबाहलाई स्वीकार्न नसकेको यथार्थ कुरालाई देखाएकी छ । उसले परिवारको एक्लो छोरा प्रदीप्तमानको बिहे धुमधामसँग गर्ने इच्छा प्रकट गरेकी छ । तर ऊ आफ्नो छोराले मन पराएर बिहे गरेमा आफ्नो लोग्नेलाई सम्झाउन सक्ने आँट गरेकी छ जुन कुराले सामाजिक परम्परा, रीतिरिवाज, संस्कारभित्र नेवार समुदायमा जातीय भेदभाव, छुवाछुट जस्ता कुराको विरुद्ध उसले कदम चालेकी छ । समाजमा जातीय विभेदको विरुद्ध नेवार परिवारभित्रबाट उसले जातीय प्रतिनिधित्व पनि गरेकी छ । उसले सामाजिक रुढि, परम्परामा पुरानो पुस्ताले अन्तर जातीय विवाहलाई स्वीकार नगरेको अवस्थामा सुभद्राले समाजलाई चुनैती दिएको कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मेरो छोराले मन पराएर विवाह गरेर ल्याएपछि कुन बाबु आमाले बुहारीलाई घरभित्र नहुली चुप लागेर बस्न सक्लान् ! विवाह गरेर ल्याए पनि उसैका निमित्त न हो । यसैले तिमीले चिन्ता गर्नु पर्दैन । हाम्रा आफन्त नातागोताहरूले औंला ठड्याए भने त्यसको जवाफ पनि मैले दिन जानेकी छु । (मल्ल, २०५६, पृ. ४०)

प्रस्तुत माथिको उद्धरणमा सुभद्राले आफ्नो छोराले मन पराएर बिहे गरी ल्याएपछि घरमा भित्त्याउनका लागि परिवारमा समन्वय गरेकी छ। समाजमा जसको छोराले अन्तर जातीय केटीलाई मन पराएर बिहे गरी ल्याउँछ र घरमा भित्त्याएन वा स्वीकार गरिएन भने परिवारमा समस्या सिर्जना गर्छ, परिवार बिखण्ड हुन जान्छ। नेवार परिवारमा अर्को जातकी आइमाईलााई दुलही बनाएर घरभित्र हुँलेपछि टोल समाजमा कुरा काट्ने चलन छ। यसको कुनै प्रवाह नगर्नु भन्दै नयाँ बुहारीलाई सम्भाएकी छ। उसका आफन्त नातागोताले कुनै प्रश्न गरेमा उसले नै जवाफ दिने कुरा व्यक्त गरेकी छ। समाजमा विद्यमान रहेको जातीय विभेदलाई उन्मूलन गर्न समाजलाई चुनौती दिएकी छ। समाज परिवर्तन गर्नका लागि आफ्नै घर परिवारभित्र नयाँ सोच र विचारमा परिवर्तन गर्नु पर्छ भन्ने नयाँ विचार सहित उस्थित भएकी छे।

## २.५.२ *श्रीमती शारदा* उपन्यासमा पुरुषपात्रको प्रतिनिधित्व

*श्रीमती शारदा* उपन्यासमा प्रमुख पुरुष पात्रको भूमिकामा प्रदीप्तमान उपस्थित भएको छ। ऊ काठमाडौंको मध्यमवर्गीय नेवार परिवारबाट बी. ए. सम्म अध्ययन गरेर स्कुलमा शिक्षकको भूमिकामा उपस्थित भएको छ। प्रदीप्तमान आफू बौद्धिक पात्र भएर पनि स्वनिणर्य गर्न नसक्ने कमजोर मानसिकता भएका पुरुषको प्रतिनिधित्व गरेको छ। ऊ राजनैतिक रूपमा सचेत र राणातन्त्रको विरोध गर्नका लागि भित्रभित्र सक्रिय रूपमा लागिरहेको छ। त्यसै सर्न्दभमा उसको सहकर्मी केशरबहादुरले उसलाई प्रतिमा श्रेष्ठसँग अनुचित सम्बन्ध राखेर स्कुलको प्रतिष्ठामा धक्का पुऱ्याएको झुट्टा आरोप लगाएर उसलाई स्कूलबाट निष्काशन गर्ने प्रस्ताव राख्छ। उसले आफूलाई लगाएको झुट्टा आरोपको सामना गर्न नसकेर रक्सीको सहारा लिन्छ। ऊ रक्सीले अर्धचेत अवस्थामा पुगेपछि केशरबहादुरसँग बदला लिने नियतले राति केशरबहादुरको घरमा पुग्छ। तर केशरबहादुरसँग कुनै कुरा नगरेर ढोका खोल्न आएकी उसकी स्वास्नी शारदालाई घिसारेर ल्याएको समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> विचरी आइमाई पहिले त अकस्मात यसरी आफूलाई समाएर घिसारेको दैख्दा अचम्भित हुन्छे। फूस्किएको फरियालाई सम्भाल्न खोज्दाखोज्दै घिसारिएको वेगले सम्पूर्ण फरियाका मुजाहरू लत्रँदै भुइँमा खस्छन्। सम्पूर्ण नाङ्गिउला भन्ने डरले उनी पटीकोटसम्मलाई बचाउन कोशिश गर्छिन्। यही चेष्टामा उनी अरू केही

> सोच्न सक्दिनन् । कराउन पनि सक्दिनन् । घिसारिँदै कहाँ गइरहेछु उनलाई अत्तोपत्तै हुँदैन । (मल्ल, २०५६, पृ. २३)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा नारीलाई शारीरिक तथा मानसिक हिंसा गरिएको कुरालाई देखाउन खोजिएको छ । प्रदीप्तमानले राजनैतिक रूपमा सचेत र राणातन्त्रको विरोध गरे तापनि समाजमा नारीको स्वतन्त्र हक र अधिकारप्रति सचेत देखिँदैन । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेकाले नेपाली समाजमा लैङ्गिग विभेद रहेको छ । उसको प्रतिस्पर्दी केशरबहादुरले आफू भन्दा निकृष्ट देखाउनका लागि स्कुलकी शिक्षिका प्रतिमासँगको अनैतिक सम्बन्धका कारण स्कुलको प्रतिष्ठामा धक्का पुऱ्याएको झुट्टो आरोप लगाउँछ । उसले केशरबहादुरसँग बदला लिने नियतले केशरबहादुरको घरमा पुग्छ र ढोका खोल्न आएकी उसकी स्वास्नीलाई बिना कसुर घिसारेर एउटा भट्टीको कोठामा थुनेर राख्छ । यसरी समाजमा पुरुषले नारीमाथि अन्याय अत्याचार गरी लैङ्गिक हिंसा गरेको यथार्थ कुरालाई देखाइएको छ । पुरुषप्रधान समाजमा प्रदीप्तमानको भूमिकाले समाजमा रहेका कमजोर मनस्थिति वा निर्णय गर्न नसक्ने पुरुषको प्रतिनिधित्व गरेको कुरा प्रस्ट देख्न सकिन्छ ।

*श्रीमती शारदा* उपन्यासमा सहायक पुरुष पात्रको भूमिकामा केशरबहादुर उपस्थित भएको छ । उसले पुरुषप्रधान समाजमा प्रभुत्वशाली लिङ्गको प्रतिनिधित्व गरेको छ । उसले एउटै विद्यालयमा पढाउने आफ्नै सहकर्मी प्रदीप्तमानको पक्षमा सबै जसो शिक्षकहरू भएको देख्छ । उसले तत्कालीन राणा सरकारको समर्थन गर्दै प्रदीप्तमानलाई स्कुलबाट हटाउनका लागि सोही स्कुलकी शिक्षिका प्रतिमा श्रेष्ठसँग अनुचित सम्बन्ध रहेको झुट्टो आरोप लगाएको देखिन्छ । यस उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> स्कूलको मिटिङमा केशरबहादुरले उसलाई प्रतिमा श्रेष्ठसँग अनुचित सम्बन्ध राखी स्कूलको प्रतिष्ठामा धक्का पुऱ्याएको आरोप लगाउँदै स्कूलले निष्काशनको कारवाही गर्नु पर्छ भन्ने प्रस्ताव पारित गर्न कोशिश गरेको थियो ।
> (मल्ल, २०५६, पृ. २२)

प्रस्तुत माथिको उद्धरणमा केशरबहादुरले प्रदीप्तमानको ईर्ष्या डाहा गर्नुका साथै उसले विद्यालयको शिक्षकहरूका बीचमा एकलौटी हक अधिकार जमाउँन खोजेको छ। उसले विद्यालयका धेरै शिक्षकहरू आफ्नै साथी प्रदीप्तमानका पक्षमा रहेको देख्छ। त्यस कारण प्रदीप्तमानलाई स्कुलबाट हटाउनका लागि सोही स्कुलकी शिक्षिका प्रतिमा श्रेष्ठसँग अनुचित सम्बन्धको झुट्टो आरोप लगाउँछ। उसले आफ्नै साथी प्रदीप्तमानलाई झुट्टो लाञ्छना लगाई बदनाम गर्न चाहेको देखिन्छ । उसले आफ्नो साथीहरूलाई राणा विरोधी आन्दोलनमा सक्रिय भएको देख्छ । त्यस समयमा उसले पदम शम्शेरले ल्याएको विधानको समर्थनमा कार्यक्रम गरेर राणाको पक्षमा देखिने स्वार्थ प्रवृतिको व्यक्ति हो । त्यसैले केन्द्रीय प्रभुत्वशाली संस्कृतिको आडमा एउटा वर्गले समवर्गप्रति उपेक्षा गरेको देखिन्छ। केशरबहादुरले आफ्नी स्वास्नीलाई समेत माध्यम बनाएर स्वार्थ पूर्ति गर्न सक्छ भनेर समाख्याताले भनेका करा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> केशरबहादुरले आफ्नी श्रीमती हराएको उजुरी अहिले सम्म थानामा जरुरै गरिसकेको हुनुपर्छ किन भने ऊ षडयन्त्रकारी व्यक्ति हो। उसको दोषारोपण कसैमाथि लगाएर मानसिक सन्तुष्टि लिने र आफ्नो बदनामीबाट जोगिने केशरबहादुर जस्ता व्यक्तिले जे पनि गर्न सक्छन् । (मल्ल, २०५६, पृ. २८)

प्रस्तुत माथिको उद्धरणमा केशरबहादुरले आफ्नै स्वास्नीलाई अर्काले भगाएर लैजाँदा पनि वास्ता नगर्ने, त्यसकै आधारमा प्रतिद्वन्द्वीको बेइज्जत भएको देख्न चाहने र आफू बदनाम हुनबाट जोगिन खोज्ने स्वार्थी र षडयन्त्रकारी धूर्त व्यक्तिको प्रतिनिधित्व गरेको छ । यस्ता षडयन्त्रकारीले अनेकौ जालझेल गरेर आफ्नो राजनैतिक स्वार्थ पूर्ति गर्न खोजिरहेको पाइन्छ। समाजमा केशरबहादुरले आफ्नी श्रीमती घरबाट राति हराउँदा पनि आफ्नो बेइज्जति होला भन्ने डरले थानामा पनि उजुरी नगरी चुपचाप बसेको हुनुपर्छ भनेर प्रदीप्तमानको साथी ईन्द्रप्रसादले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> केशरबहादुर जस्तो षडयन्त्रकारी व्यक्ति त्यसै चुप लागेर बस्न सक्दैन । कुनै चाल चल्दै गरेको होला ? मलाई लाग्छ त्यसले थानामा उजुरी गर्न सक्दैन । थानामा उजुरी गर्नेबित्तिकै उसको राजनैतिक संगठनमा एकलौटे नेतृत्व गर्ने चाहमा ब्रेक लाग्न सक्छ । (मल्ल, २०५६, पृ. ३०)

प्रस्तुत माथिको उद्धरणमा केशरबहादुर सधैं आफ्नो स्वार्थसिद्धिका लागि क्रियाशील रहने कार्यमा लागेको छ । केशरबहादुरले आफ्नी श्रीमती हराउँदा पनि कतै खबर समेत गरेको देखिँदैन । उसले ससुराली र थानामा उजुरी गरेको खण्डमा राजनैतिक सङ्गठमा आफ्नो नेतृत्व गर्ने क्रममा बाधा उत्पन्न हुन सक्छ भनेर कतै उजुरी वा खबर समेत नगरी बसेको छ । उसले केन्द्रीय शक्तिको आडमा विद्यालयमा आफ्नो नेतृत्व कायम राख्ने चेष्टा गरेको पाइन्छ । समाजमा केशरबहादुरको भूमिकाले स्वार्थी र षडयन्त्रकारी व्यक्तिको प्रतिनिधित्व गरेको छ ।

## २.६ निष्कर्ष

विजय मल्लद्वारा रचित उपन्यासहरू *अनुराधा, कुमारीशोभा* र *श्रीमती शारदा* लैङ्गिक रूपमा उत्पीडित र उत्पीडक नारी तथा पुरुष पात्रहरूको प्रतिनिधित्व गराइएको छ । मल्लका उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा तत्कालीन नेपाली समाजको लैङ्गिक यथार्थ चित्रण गरिएको छ । पुरुषप्रधान समाजमा पुरुषले महिलामाथि परम्पराका नाममा चल्दै आएको संस्कृतिकप्रति नतमस्तक भई अपनाउनु पर्छ भन्ने सोचबाट महिला शक्तिहीन बन्न पुगेको देखिन्छ । तर *अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधाले परम्पराका नाममा चल्दे आएको संस्कृतिको गलत परिपाटीलाई स्वीकार्नु हुँदैन भन्ने विद्रोही नारीको रूप उपस्थित भएकी छ । पितृसत्ताको आडमा संस्कृति तथा धर्म र अन्धविश्वास कारण महिलाद्वारा महिलामाथि मानसिक कष्ट पुऱ्याई पुरानो विचार रूढि परम्परा र मूल्यमान्यता सहित पितृसत्ताको प्रतिनिधित्व गरेको पाइन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनामा आधारित संस्कृति रहेकाले पुरानो पुस्ताले पुरानो विचार, रूढि परम्परा र मूल्य मान्यतालाई आत्मासात गरेको देखिन्छ भने समय परिस्थिति अनुरुप शिक्षित वर्गका नारी तथा पुरुष पात्रहरूले नयाँ विचारको प्रतिनिधित्व गरेको देखिन्छ । मल्लका *अनुराधा, कुमारीशोभा* र *श्रीमती शारदा* उपन्यासमा उपस्थित नारी पात्रहरू अनुराधा, अनुराधाकी आमा, शोभा, मिस्री, शारदा र सुभद्रा रहेका छन् । यी नारी पात्रहरूले विविध प्रकारको लैङ्गिक प्रतिनिधित्व छन् भने मल्लका तिनै वटा उपन्यासहरूमा उपस्थित पुरुष पात्रहरू कोमलमान, रत्नमानसिंह, समुन्द्रमान, उपेन्द्रकाजी, बाबुकाजी, प्रदीप्तमान र केशरबहादुर रहेका छन् । यी पुरुष पात्रहरूले पनि एउटै किसिमको प्रतिनिधित्व गरेका छैनन् ।

*अनुराधा* उपन्यासकी प्रमुख नारी पात्रको भूमिकामा अनुराधाले पितृसत्तात्मक समाजिक संरचनामा पुरुषको प्रभुत्वका कारण बिहे नै नभए पनि रत्नमानसिंहको पत्नी हुन बाध्य भएकी छ । त्यसैले लैङ्गिक उत्पीडनको प्रतिनिधित्व गरेकी छ भने सहायक नारी पात्रको भूमिकामा अनुराधाकी आमाले पुरानो विचार, रूढि परम्परा र मूल्यमान्यताको प्रतिनिधित्व गरेकी छ । *कुमारीशोभा* उपन्यासकी प्रमुख नारी पात्रको भूमिकामा शोभाले आफू कुमारी देवी भए पनि स्वअस्तित्व बोध गरी उपेन्द्रकाजीसँग प्रेम गरेकी छ । तर धार्मिक अन्धविश्वासका कारण बिहे गर्न सकेकी छैन । यसर्थ शोभाले सामाजिक, सांस्कृतिक, धार्मिक पक्षको प्रतिनिधित्व गरेकी छ भने सहायक नारी पात्रको भूमिकामा मिस्रीले धार्मिक अन्धविश्वासका कारण नबुझेरै पितृसत्ताको प्रतिनिधित्व गरेकी छ । *श्रीमती शारदा* उपन्यासकी प्रमुख नारीपात्रको भूमिकामा शारदाले पुरुषप्रधान समाजमा पुरुषको ज्यादती अर्थात् मानसिक तथा शारीरिक हिंसा सहेर बाँच्न विवश देखिन्छे । यसर्थ उसले नेवार समुदायकी सीमान्तकृत नारीको प्रतिनिधित्व गरेकी छ भने सहायक नारी पात्रको भूमिकामा सुभद्राले पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको वर्चस्व रहेतापनि आफ्नो छोराले अर्काकी स्वास्नी बिहे गरेको कुरालाई स्वीकार गरेकी छ । उसले नयाँ विचारको प्रतिनिधित्व गरेकी छ ।

*अनुराधा* उपन्यासमा प्रमुख पुरुष पात्रको भूमिकामा कोमलमानले पुरुषप्रधान समाजमा प्रभुत्वशाली लिङ्गको प्रतिनिधित्व गरेको छ भने सहायक पुरुष पात्र रत्नमानसिंह र समुन्द्रमानले नारीलाई उपभोग्य वस्तु सरह पशुतुल्य दुर्व्यवहार गरेका छन् । यी दुबैले पुँजीवादी समाजको सामन्ती प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । *कुमारीशोभा* उपन्यासमा प्रमुख पुरुष पात्रको भूमिकामा उपेन्द्रकाजीले नेवार समुदायको शिक्षित, बौद्धिक र आधुनिक विचारको प्रतिनिधित्व गरेको छ भने सहायक पुरुष पात्र बाबुकाजीले पुरुषप्रधान समाजमा पुरुषको हैकम वा प्रभुत्व देखाउनुले पनि पितृसत्ताको प्रतिनिधित्व गरेको छ । *श्रीमती शारदा* उपन्यासमा प्रमुख पुरुष पात्रको भूमिकामा प्रदीप्तमानले आफू बौद्धिक पात्र भएर पनि स्वनिणर्य गर्न नसक्ने कमजोर मानसिकता भएका कारण कुनै कुराको पनि प्रतिकार गर्न सकेको छैन । उसले अधीनस्थ वा शक्तिहीन पुरुषको प्रतिनिधित्व गरेको छ भने सहायक पुरुष पात्रको भूमिकामा केशर बहादुरले राणा सरकारको समर्थन गर्नुका साथै समाजमा प्रतिद्वन्द्वीको बेइज्जत देख्न चाहने परपीडक मानसिकताले ग्रस्त तथा परम्परागत रूपमा पुरुष अहम्ले युक्त मानसिक चेत देखिन्छ ।

समग्रमा विजय मल्लका तीनै वटा उपन्यासमा पुरुषकै प्रभुत्व रहेको छ। मल्लका उपन्यासमा प्रमुख तथा सहायक नारी तथा पुरुष पात्रहरूको भूमिकामा रहेको छ। पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषले नारीमाथि शोषण र प्रपीडनमा केन्द्रित भएकाले नारी अस्तित्व र समानतालाई स्वीकार गर्न सकेको अवस्था छैन। पुरुषले नारीका हक, अधिकार र इज्जतको कदर नगरेर नारीको शरीरलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गर्न खोजेको देखिन्छ। मल्लका उपन्यासमा लैङ्गिक विभेदका कारण सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, प्रवृति, पुरानो विचार र नयाँ विचारको प्रतिनिधित्व गरेको देखिन्छ।

# तेस्रो परिच्छेद

# विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडन

## ३.१ विषय परिचय

प्रस्तुत शोध प्रबन्धको यस परिच्छेदमा विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडनको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा लैङ्गिक उत्पीडन सम्बन्धी सैद्धान्तिक चिनारी दिनुका साथै विजय मल्लका उपन्यासहरू *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदा* (२०५६) मा उपस्थित पात्रहरूको भूमिकाको आधारलाई लिएर लैङ्गिक उत्पीडनको अध्ययन विश्लेषण गरिएको छ ।

## ३.२ लैङ्गिक उत्पीडनसम्बन्धी सैद्धान्तिक मान्यता

कुनै व्यक्ति महिला, पुरुष वा तेस्रो लिङ्ग भएकै कारण उसलाई शारीरिक तथा मानसिक रूपमा आघात पुग्ने गरी गरिएको हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ (पोखेल, २०७१, पृ. २८) । लैङ्गिक उत्पीडनको सिकार महिला वा पुरुष वा तेस्रो लिङ्ग जो पनि हुन सक्छ मूलतः पुरुषको तुलनामा महिला उत्पीडनमा परेको देखिन्छ । कतिपय समाजमा पुरुषले महिलामाथि मात्र होइन महिलाले पुरुषमाथि समेत हिंसा र अधीनस्थता कायम गरेका हुन्छन् (भट्टराई, २०७७, पृ. १३८) । साहित्य कृतिभित्र उपस्थित पात्रहरूको भूमिकाका आधारमा पुरुषद्वारा महिलामाथि, महिलाद्वारा पुरुषमाथि, महिलाद्वारा महिलामाथि र पुरुषद्वारा पुरुषमाथि गरिएका शारीरिक तथा मानसिक हिंसालाई केन्द्रमा राखेर महिला वा पुरुष को उत्पीडनमा परेको छ भन्ने कुराको अध्ययन विश्लेषण लैङ्गिक उत्पीडनअन्तर्गत पर्दछ ।

मानव सभ्यता र समाजका इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि लैङ्गिक उत्पीडनको सिकार पुरुषको तुलनामा महिला बढी भएको देखिन्छ । महिलाको पहिचानलाई पुरुष आधारित बनाइएको र पुरुषका यौनसुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन बनाइनुका साथै सीमान्तकृत अवस्थामा पुऱ्याइएको पाइन्छ । ज्ञान र शक्तिदेखि वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तुझैं उपभोग्य वस्तु बन्न पुगे ( पाण्डेय, २०७३, पृ. ९९) । पितृसत्तात्मक सामन्ती समाजमा यौनहिंसाका विभिन्न घटनाक्रमले पनि महिलामाथि भएका लैङ्गिक उत्पीडनलाई पुष्टि गर्दछ भने अरु दृष्टिले

उपेक्षित र सीमान्तकृत बनाइएका महिलाहरूलाई बेचबिखन र जवर्जस्ती देहव्यापारमा संलग्न गराइनुको अर्को उत्पीडन पनि महिलाहरूले नै खप्नु परेको छ । समाजमा महिलाहरू पुरुषद्वारा मात्र होइन स्वयम् महिलाद्वारा नै उत्पीडनमा परेका छन् । यसलाई लैङ्गिक अध्ययनमा समलिङ्गी उत्पीडन भनिन्छ (गुरागाई, २०७०, पृ. ६४) । पितृसत्तात्मक समाजमा नारीहरू आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक संरचनामा कहाँ छन्, उनीहरू कसरी उत्पीडित छन् र त्यस विरुद्धको प्रतिवाद कस्तो छ भन्ने कुराको अध्ययन नारीवाद गर्छ । नारीवादले लैङ्गिक विभेद र उत्पीडनका विविध रुपमा हेर्छ । यसभित्र यौन हिंसा र उत्पीडनका विविध रूपहरू पनि पर्छन् ।

नारीवादले यौनलाई जैविक रुपमा हेर्छ भने लिंङ्गीय अवधारणा, विभेद र उत्पीडनलाई सामाजिक रूपमा संरचित ठान्छ । यौनलाई जैविक रूपमा हेरे पनि नारीवादले यौन असमानता र उत्पीडनलाई जैविक आधारमा नहेरेर सांस्कृतिक सन्दर्भमा हेर्छ (गिरी, २०७०,पृ. ४१) । पितृसत्तात्मक समाजमा महिलाहरू पुरुषद्वारा मात्र नभई पुरुषहरू पनि नारीद्वारा उत्पीडनमा परेका छन् । पितृसत्तात्मक समाजमा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक संरचनामा उत्पीडनमा परेका देखिन्छन् । मल्लका उपन्यासमा पनि महिला र पुरुषमा हुने यस किसिमका लैङ्गिक उत्पीडनको अभिव्यक्ति पाइन्छ ।

लैङ्गिक दमन र शोषण दुबै राजनीतिक र आर्थिक अवधारणा हुन् । शोषणको आधार आर्थिक सम्बन्ध हो भने त्यसकै आधारमा दमनको अधिरचना तयार हुन्छ । दमन र शोषण एउटा वर्चस्वशाली समूहले अर्को समूहमाथि गर्ने आर्थिक, सांस्कृतिक र राजनीतिक नियन्त्रण हुन् । यसमा कुनै उत्पीडित समूह अर्को दमनकारी समूहका अधीनमा रहन्छ (भट्टराई, २०७७, पृ. १३६) । लैङ्गिक अध्ययनमा पितृसत्ता, सामाजिक, आर्थिक, धार्मिक संरचनाद्वारा उत्पीडनमा परेका नारी तथा पुरुष पात्रहरूको भूमिकाका आधारमा विजय मल्लका उपन्यासहरूलाई पुरुषद्वारा महिलामाथि, महिलाद्वारा पुरुषमाथि र महिलाद्वारा महिलामाथि र गरिएको उत्पीडनको अध्ययन गरिएको छ ।

## ३.३. *अनुराधा* उपन्यासमा लैङ्गिक उत्पीडन

*अनुराधा* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा लैङ्गिक दृष्टिकोणले उत्पीडनमा परेका नारी तथा पुरुष पात्रहरूको भूमिकाका आधारमा उत्पीडनको चित्रण के

कसरी भएको छ भन्ने कुराको विश्लेषण उपशीर्षक पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन, महिलद्वारा पुरुषमाथि गरिएको उत्पीडन र महिलाद्वारा महिलामाथि गरिएको लैङ्गिक उत्पीडनको विश्लेषण गरिएको छ ।

## ३.३.१. पुरुषद्वारा माहिलामाथि गरिएको उत्पीडन

पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषद्वारा महिलाका इच्छा विपरीत हुने मानसिक तथा शारीरिक हिँसालाई उत्पीडन भनिन्छ । समाजमा पुरुषले महिलालाई सडकमा एक्लै हिँड्दा होस् या समूहमा हिँड्दा होस् जिस्काउने, घुरेर हेर्ने र बाटो ढुकेर बस्ने जस्ता अभद्र व्यवहार गरी कष्ट दिएर उत्पीडनमा पारिएको देखिन्छ । महिलालाई जालझेल गरी फसाउनु, बेचबिखन गर्नु र बलात्कार गर्नु जस्ता घटनाहरू घटाउनुले पनि समाजमा पुरुषद्वारा महिला माथि हिंसात्मक कार्य भए गरेका तथ्यहरू दिनहुँ समाचार बनेका छन् । पुरुषप्रधान समाजमा महिला भएकै कारण पुरुष सत्ताको उपेक्षा झेल्नु पर्ने र आफ्नो इच्छा आकांक्षाहरूलाई बलिदान गर्नु पर्ने बाध्यतामा परेर उत्पीडन भोगिरहेका छन् । *अनुराधा* उपन्यासमा तत्कालीन समाजमा पुरुषद्वारा महिलामाथि मानसिक हिंसा गरी लैङ्गिक उत्पीडनमा पारेको कुरालाई प्रस्ट देख्न सकिन्छ । यस उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> लोग्ने मानिसहरूले त्यही भूल गरे । मेरो रूप र लावण्यलाई उनीहरूले देखे, म प्रति आकर्षित भए र मेरो निकटता पाउन क्षुब्ध भए । कसै कसैले मलाई बाटोमा कुरी हेरे, कसैले पछ्याउँदै आए, कसैले भोकाएका आँखाले मलाई निल्न कोशिश गरे । (मल्ल, २०१८, पृ. ७३)

प्रस्तुत माथिको उद्धरणमा पुरुषहरूले एउटी महिलामाथि मानसिक हिंसा गरेको भेटिन्छ । उनीहरूले अनुराधाको इच्छा विपरीत यौवनको रूप र सौन्दर्य भोग्न खोजिएको खोजिएको पाइन्छ । महिलालाई बाटोमा ढुकेर बस्ने र पछ्याउँदै यौनको प्यास मेटाउन खोज्नुले पनि महिलालाई मानसिक कष्ट दिएको माथिका उद्धरणले पुष्टि गर्छ । पुरुषप्रधान समाजमा पुरुषको हैकमवादी क्रियाकलाप देखिन्छ। यहाँ रत्नमानसिंहले अनुराधाकी आमालाई धम्कीपूर्ण पत्र लेखेको देखिन्छ । उसले व्यक्त गरेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> अहिले पनि तपाईंले अनुराधालाई पठाउनु भएन भने मेरो इज्जतको खातिर पनि कुनै कार्य नगरी मलाई सुख हुने छैन । त्यसैले यसलाई अन्तिम पत्र सम्झनु होला र आजै घरमा पठाइदिनु होला । (मल्ल, २०१८, पृ. ९९)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषले महिलामाथि ज्यादती गरेको वा अन्याय अत्याचार गरी मानसिक हिंसा गरेको देखिन्छ । षडयन्त्रपूर्वक रचिएको विवाहमा अनुराधाले स्वयंवरको माला चुँडाएर फ्याँकेपछि विवाह हुन सकेको छैन । तर रत्नमानसिंहले विवाह नै नभएकी अनुराधालाई घरमा पठाइदिनु भनेर कठोर भाषामा अनुराधाकी आमालाई पत्र लेख्नुले पनि मानसिक कष्ट दिएको देखिन्छ । रत्नमानसिंहले अनुराधाकी आमालाई डर धम्की देखाएर समाजमा महिलाको अपमान र बेइज्जत गरेको छ । पुरुषले महिलालाई अबला, भोग्या ठानेर मानसिक तथा शारीरिक हिंसा गरी लैङ्गिक उत्पीडनमा पारेको माथिको उद्धरणले पुष्टि गर्छ ।

## ३.३.२ महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन

*अनुराधा* उपन्यासमा महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडनको भूमिकामा उपस्थित पात्रहरू अनुराधा, रत्नमानसिंह र समुन्द्रमान रहेका छन् । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाले पुरुषमाथि मानसिक तथा शारीरिक हिंसा गरेर लैङ्गिक उत्पीडनमा पारेका छन् । यस उपन्यासमा अनुराधाले रत्नमानसिंहको हत्या गरेर बदला लिनका लागि उसको घरमा गएकी छ । तर उसले रत्नमानसिंहमा शारीरिक क्षति पुऱ्याउन नसकेपछि मानसिक कष्ट वा पीडा दिनका लागि उसकै भाई समुन्द्रमानलाई प्रयोग गरेकी छ । अनुराधाले आफ्नै देवर समुन्द्रमानसँग हाँस्ने, जिस्कने, सँगै सिनेमा हेर्न जाने, घुम्न जाने तथा उससँग प्रेम गरेको जस्तो अभिनय गर्नुले पनि महिलाद्वारा पुरुषमाथि मानसिक कष्ट पुऱ्याएको देखिन्छ । यस्तो क्रियाकलापबाट रत्नमानसिंह विचलित भएको छ । यहाँ अनुराधाले भनेका कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> म रत्नमानको सामुन्ने पनि उसको भाईलाई बढ्ता ख्याल राखेझैं गरी दिलचस्पी देखाउन थालें, उसले नदेख्ने गरी तर उसैलाई देखाउने मनसायले नै समुन्द्रमानलाई देख्नबित्तिकै मुसुक्क हाँसिदिन्थे र आँखाको इशारा र हाउभाउ

गरिदिन्थे ताकी उसको मनमा शंङ्का बढोस् । त्यसैमा छट्पटाइरहोस् । (मल्ल, २०१८, पृ. १२२)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाले रत्नमानसिंहलाई मानसिक कष्ट दिनका लागि उसकै भाइ समुन्द्रमानलाई प्रयोग गरेकी छ । अनुराधाले समुन्द्रमानसँग गरेका क्रियाकलाप नदेखेझैं गरे पनि रत्नमानसिंहको अनुहार शंङ्काले तडफडाएको छ । यसरी अनुराधाले रत्नमानसिंहलाई मानसिक कष्ट वा यातना दिई लैङ्गिक उत्पीडनमा पारेकी छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> साँझ पख बिस्तारै बगैंचामा टहल्न जान थालें, समुन्द्रमालाई साथमा लिएर । ऊसँग हाँसी ठट्टा गरिदिन्थें, ठूलो ठूलो स्वरले कुरा गरेर खित्का पनि छोडिरहन्थें । मलाई थाहाँ थियो, त्यस बखत रत्नमानसिंह आफ्नो कोठाको पर्दा चियाएर चेवा लिइरहन्थ्यो र छट्पटाइरहन्थ्यो । (मल्ल, १०१८, पृ. १२२)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाले समुन्द्रमानलाई लिएर बगैंचामा घुम्न, हाँसी ठट्टा गरेर रत्नमानसिंहलाई मानसिक कष्ट दिएकी छ । अनुराधाले आफ्नो बिहे रत्नमानसिंहसँग नभएको र उसको इज्जत जोगाई दिन रत्नमानसिंहको घरमा पुगेर स्वास्नीझैं बसे पनि रत्नमानसिंहसँग बदला लिनका लागि मानसिक यातना दिएर लैङ्गिक उत्पीडनमा पारेको कुरालाई प्रष्ट देख्न सकिन्छ । उसले रत्नमानसिंहको सत्य कुरा खोलेर बदनामी गर्न सक्तिन भन्दै समुन्द्रमानलाई अझ उत्साहित गराएको कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मैले उसलाई सधैं ताकेर घुमाउन लिएर हिँडे र एउटा नराम्रो हिन्दी फिल्म हेर्न गएँ । ...म किसिम किसिमका व्यवहार गर्दै गईरहेकी थिएँ । समुन्द्रमानप्रति यथार्थमा झुकेको हुँ भनी देखाउन भान्सामा काकीहरूसँग समुन्द्रमानलाई दूध किन राखिदिनु भएन, फुल तारेर राखी दिनोस् भनेको हैन ? (मल्ल, २०१८, पृ. १२४)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाले रत्नमानसिंहलाई मानसिक यातना दिनका लागि समुन्द्रमानलाई लिएर फिल्म हेर्न जानु, घरपरिवारमा आफ्नो देवरप्रति हिमचिम बढेको छ भन्ने अभिनय गर्नुले पनि देवरसँगको लसपसले रत्नमानसिंहलाई मानसिक रूपमा

बिच्छिप्त बनाई मानसिक हिंसा गरी लैङ्गिक उत्पीडनमा पारेकी छ। अनुराधाले रत्नमानसिंहलाई अझ थप मानसिक रूपमा तनाव दिनका लागि उसले समुन्द्रमानको सरसफाईमा ध्यान दिएको कुरालाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> समुन्द्रमानको कोठालाई सफा-सुग्घर गरिदिनु, उसका लुगाफाटा टकटकाएर सफासँग थन्क्याइदिनु, बिछ्यौनाको तन्ना मिलाइदिनु, स्वीटर, तन्नामा बट्टा काढ्नु, आफ्नो नामले भरिदिनु 'आइलभ् यु' भन्ने अङ्ग्रजीमा धागोद्वारा बुनिदिनु आदि क्रियाहरू पनि देखाउन थालें। आफ्नो एउटा तस्वीर लगेर समुन्द्रमानको कोठामा झुन्डयाइ पनि दिएँ। यसरी समुन्द्रमानको त्यस्तो विध्न मैले ख्याल राख्न थालेपछि स्वभावतः रत्नमानसिंहको ईर्ष्या चड्किने नै भयो। ऊ बराबर रिसाउन र झोक्किन थाल्यो, म उसको आन्तरिक छटपटाहट र यातना देखेर मस्तसँग उफ्रिन थाले। (मल्ल, २०१८, पृ. १२५)

प्रस्तुत माथिको उद्धरणमा रत्नमानसिंहसँगको विवाह अस्वीकार गर्दागर्दै पनि उसको पत्नी बन्न बाध्य पारिएपछि अनुराधाले बदला लिने नियतले आफ्नै देवर समुन्द्रमानलाई प्रयोग गरेको पाइन्छ। अनुराधाले कथित लोग्ने रत्नमानसिंहको हत्या गर्न नसकेर मानसिक कष्ट वा यातना दिनका लागि समुन्द्रमानको बढी ख्याल गरेझैं गरी कोठामा आफ्नो तस्विर लगेर झुन्डाइ दिनु, लुगाफाटा मिलाइ दिनु अनि अङ्ग्रजीमा आइलभ यु धागोद्वारा बुनिदिएकी छ। जुन कुराले रत्नमानसिंहको मनमा आशंका पैदा गराई मानसिक हिंसाले लैङ्गिक उत्पीडनमा पारेकी छ। अनुराधाले रत्नमानसिंहसँगको विवाह अस्वीकार गर्दागर्दै पनि उसको पत्नी बन्न सहृदय भावले स्वीकार गरेकी छैन जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मैले अस्तिनै समुन्द्रमानलाई भनी पठाएकी थिएँ। याद नभए अझ सुन्नुहोस् मलाई मेरो कोठामा तपाईं पस्नु भएको मन पर्दैन। म यहाँ बस्न आएकी छु- तपाईं र मेरो यत्तिकै सम्बन्ध रहन्छ। मान्नु भएन भने म आजै हिँडिदिन्छु। बुझ्नु भो। (मल्ल, २०१८, पृ. १११)

प्रस्तुत माथिको उद्धरणमा रत्नमानसिंहले अनुराधालाई जालझेल गरेर जबरजस्ती पत्नी बन्न बाध्य पारेको देखिन्छ। यस कारण पनि अनुराधाले आफ्नो कथित लोग्ने

रत्नमानसिंहकै घरमा बसेर पनि पति पत्नीको व्यवहार अस्वीकार गरेकी छ। आफ्नो कोठामा पस्न नदिने भनी ठाडो चेतावनी दिनुका साथै नमानेमा घर छोडेर हिँड्ने धम्की दिएकी छ। जहाँ आफ्नै घरमा पत्नीको रूपमा आएकी महिलाले अपमान गरी मानसिक कष्ट दिएको देखिन्छ। रत्नमानसिंहको कथित स्वास्नी बनेर अनुराधाले आफ्नो कोखाबाट चमचमाउँदो छुरी झिकेर हान्न तम्सिएकको कुरा उपन्यासको अंश तल प्रस्तुत गरिएको छ :

> एक पाइला अगाडि बढ्नुभो तपाईं मर्नु भो। म उसलाई त्यस बखत साँच्चिकै मार्न तम्सेकी थिएँ। (मल्ल, २०१८, पृ. १२९)

प्रस्तुत माथिको अंशमा अनुराधाले रत्नमानसिंहमाथि दुर्व्यवहार गरेकी छ। उसले रत्नमानसिंहलाई घृणाको भावले हेर्नु र हतियार झिकेर हिंसात्मक व्यवहार गरिएको पाइन्छ। आफ्नै घरभित्र महिलाबाट पुरुषहरू शारीरिक तथा मानसिक हिंसा परेर लैङ्गिक उत्पीडन सहनु परेका कुरालाई प्रस्तुत गरिएको छ।

### ३.३.३ महिलाद्वारा महिलामाथि गरिएको उत्पीडन

पुरुषप्रधान समाजमा घरपरिवारभित्र महिलाद्वारा महिला हिंसामा परेका कुरा भेटिन्छ। *अनुराधा* उपन्यासमा अनुराधाकी आमा दिदीहरूले रत्नमानसिंहको धन सम्पत्ति, सामाजिक, प्रतिष्ठा देखेर जबरजस्ती विवाह गराउँन चाहेका छन् जुन कुरा अनुराधाको व्यक्तिगत स्वतन्त्रतामाथि आँच आउने कार्य गरी मानसिक कष्ट पुऱ्याएको पाइन्छ। जसका विरुद्धमा अनुराधाले आफ्नो घरपरिवारभित्र मानसिक हिंसा सहेर बाँच्न विवश भएकी छ। अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मलाई आमा र दिदीहरूको अनुहार सम्म हेर्न घीन लागिरहेको थियो। यी सबै तिनीहरूकै षडयन्त्र र जालझेल थियो। त्यति निम्न स्तरसम्म त्यति पतितावस्था सम्म यिनीहरू पुगी सकेका थिए। म एउटीलाई तहसनहस गर्न त्यत्रो चक्तव्यूह रचिएको रहेछ। त्यो कार्ड पनि मैले नै देखोस् भनेर मेरो सानीले मेरो टेबुलमा ल्याएर थपक्क राखिदिएकी रहिछन्। उनीहरूले त्यसैमा के सन्तोष पाए कुन्नि। (मल्ल, २०१८, पृ.९२)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाकी आमा र दिदीहरूले जालझेलपूर्ण ढङ्गले रत्नमानसिंहसँग विवाह गराउँन चाहेका छन्। उनीहरूले अनुराधालाई रत्नमानसिंहसँग षडयन्त्रपूर्ण जालझेल गरी विवाह गराउन खोजेका छन्। त्यस विवाहको कार्यक्रममा अनुराधाले स्वयंवरको माला चुँडाए घरतिर फर्किएकी छ। अनुराधाकी आमा र दिदीहरूले रत्नमानसिंहलाई पति स्वीकारोस् भन्ने हेतुले रत्नमानसिंह र अनुराधा देवीको नाममा छापिएको निमन्त्रणा कार्ड अनुराधाको कोठामा लगेर राखिदिएका छन्। यसरी बिहे नै नभएकी अनुराधामाथि आफ्नै आमा र दिदीहरूले मानसिक यातना दिई हिंसा गरेका छन्। अनुराधाकी आमा र दिदीहरू महिला भएर पनि महिलामाथि मानसिक हिंसा गरी लैङ्गिक उत्पीडनमा पारिएको कुरा माथिको उद्धरणले पुष्टि गरेको छ। विदेशमा अध्ययन गरी रहेकी अनराधालाई उसकी आमाले आफू बिरामी भएको झुट्टो खबर पठाई अनुराधालाई घरमा बोलाएर षडयन्त्रपूर्वक रत्नमानसिंहसँग बिहे गरिदिन आँटेकी छ। अनुराधाले आफ्नी आमाबाट दुरर्व्यवहार सहनु परेको अवस्था देखिन्छ । उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> भेडाबाखा झैं म बिकी हुन आँटेकी थिएँ, मेरी आमाको त्यस्तो बिध्न कठोर शासन अन्यायपूर्ण व्यवहारले सर्बप्रथम मैले त्यसरी शिकार बन्नु परिरहेको थियो । (मल्ल, २०१८, :पृ. ८३)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाकी आमाले आफ्नी छोरी अनुराधामाथि दुर्व्यवहार गरेकी छ। उसले आफ्नो पति घर बाहिर बस्ने भएकाले घरको बागडोर सम्मालेर बसेकी छ। उसले समाजमा रत्नमानसिंहको सरकारी उच्च पद, धन सम्पत्ति र सामाजिक प्रतिष्ठा मात्र देख्नुका साथै उसको चरित्र बारे केही नबुझेर अनुराधालाई षडयन्त्रपूर्वक विवाह गराउन खोज्नुले पनि पशुतुल्य व्यवहार गरी लैङ्गिक उत्पीडनमा पारेको देखिन्छ। अनुराधाकी आमा र दिदीहरूले अनुराधालाई रत्नमानसिंहको पत्नी बनोस् भन्ने चाहन्छन् र उनीहरूले आफ्ना नाता कुटुम्बका महिलालाई प्रयोग गरी अनुराधालाई मानसिक कष्ट दिएको देखिन्छ। उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरणमा गरिएको छ :

> तपाईलाई घरबाट बाहिर निस्कनु भयो भने डाइरेक्टरले सडकमा घिसारेर बेइज्जती गरेर लानेछ रे। केही तलमाथि मैले गरे भने, सरकारी शक्ति प्रयोग गरेर पनि उसले मलाई र मेरो घरलाई आपद-विपद पारिदिन्छ रे, ...जे भयो

> नानी, त्यस्तो लोग्नेमानिससँग हाम्रो केही लाग्दैन, जतातते पैसाले गुन्डाहरू किनेर छरिराखेको छ, टोलभरि पहरै पहरा गराएका छन् । (मल्ल, २०१८, पृ. ९५)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाले जबरजस्तीको विवाह अस्वीकार गर्दागर्दै पनि अनुराधाकी आमा र दिदीहरूले आफ्ना छिमेकी र कुटुम्बका महिलाहरूलाई प्रयोग गरी डर धम्की दिने कार्य गरी थप मानसिक कष्ट दिएको देखिन्छ । उसकी आमा र दिदीहरूले अनुराधालाई आत्मसमर्पण गराई रत्नमानसिंहलाई पति स्वीकारोस् भन्ने चाहना देखाइएका छन् । अनुराधालाई आफ्नै घरभित्र पनि आमा र दिदीहरूले छेडछाड गर्ने, विचित्र नेत्रले हेर्ने जस्ता दुर्व्यवहार गरी मानसिक हिंसा गरेको देखिन्छ । उपन्यासमा अनुराधाकी आमाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> ए त्यो मीम साहेबलाई बोलान, घिच्न आ भन्न । के त्यसको होटेल हो, मीम साहेब सुकुला । त्यस्तालाई मीमनी बनाउन पठाएको कुन साइतमा मैले पाइछु । अब त्यसको निम्ति म जेल गइरहुँला मीमनी जानोस्न मीमनी । (मल्ल, २०१८, पृ.९७)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाकी आमाले आफ्नै छोरी अनुराधालाई सडकमा मागेर खाने मान्छेलाई जस्तो दुर्व्यवहार गरेकी छ । उसले आफ्नी छोरीमाथि हरबखत तिरस्कार र छेड हान्ने काम गरेको कुरालाई देखाइएको छ । उसले अनुराधालाई जन्माउनु नै व्यर्थ थियो भन्नेसम्मको अभिव्यक्ति दिई एउटी महिलाले अर्की महिलामाथि मानसिक हिंसा गरी उत्पीडनमा पारेको कुरालाई माथिको उद्धरणले पुष्टि गर्छ ।

## ३.४ *कुमारी शोभा* उपन्यासमा लैङ्गिक उत्पीडन

पितृसत्तात्मक सामाजिक संरचनामा महिला र पुरुष के कसरी लैङ्गिक उत्पीडनमा परेका छन् भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ । उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाका आधारमा पुरुषद्वारा महिलामाथि, महिलाद्वारा पुरुषमाथि र महिलाद्वारा महिलामाथि गरिएका मानसिक तथा शारीरिक हिंसाले उपन्यासभित्रका पात्रहरू के कसरी लैङ्गिक उत्पीडनमा परेका छन् भन्ने कुराको विश्लेषण गरिएको छ ।

### ३.४.१ पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन

पुरुषप्रधान समाजमा महिलामाथि पुरुषले प्रभुत्व जमाएको देखिन्छ। यस उपन्यासको सहायक पुरुष पात्रको भूमिकामा बाबुकाजी उपस्थित भएको छ । उसले आफ्नी काकी राजमतीको घरबाट कुमारी देवीको जात्रा हेर्न आएकी शोभालाई जबरजस्ती खान र बस्नका लागि आग्रह गर्छ । शोभाले बाबुकाजीको आग्रहलाई अस्वीकार गर्छे । त्यसपछि बाबुकाजीले शोभालाई जबरजस्ती भए पनि कोठामा थुनेर राख्ने कुरा व्यक्त गरेको छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> देखिनौ, तिमीलाई मैले यो कोठामा थुनेपछि, तिमीलाई बिहे गरेको भएन ? कुनै आइमाईलाई एक दिन मात्र कोठामा थुनेर राखेपछि, तिमीलाई कसले बिहे गर्छ मैले बाहेक, लौ भन ! मैले बिहे गरिसके तिमीलाई। उपेन्द्रले अब मेरी स्वास्नीलाई छुन आयो भने, म त्यसको हत्या गर्छु । (मल्ल, २०३९, पृ. ११७)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा महिलामाथि मानसिक तथा शारीरिक हिंसा गरेको कुरालाई देखाइएको छ । समाजमा पुरुषले महिलालाई अवला, भोग्या र कमजोर ठानेर दुर्व्यवहार गरेको देखिन्छ । बाबुकाजीले कुमारी शोभा र उपेन्द्र बीचको प्रेम सम्बन्धमाथि कुदृष्टि लगाउँनुका साथै शोभालाई जबरजस्ती बिहे गर्न चाहन्छ । उसले शोभालाई कोठामा थुनेर राख्ने जस्ता कुराले पनि समाजमा महिलाको इज्जत पुरुषको अधिनमा रहेको भन्ने कुरालाई देखाइएको छ। यसरी तत्कालीन समाजमा पुरुषले महिलामाथि मानसिक हिंसा गरेको पाइन्छ । पुरुषप्रधान समाजमा महिलालाई कमजोर ठानेर मानसिक हिंसा गरी लैङ्गिक उत्पीडनमा पारेको कुरालाई माथिको उद्धरणले पुष्टि गर्छ ।

### ३.४.२ महिलाद्वारा महिलामाथि गरिएको उत्पीडन

*कुमारी शोभा* उपन्यासको लैङ्गिक विश्लेषण गर्दा महिलाद्वारा महिलामाथि गरिएको लैङ्गिक उत्पीडनको विश्लेषण गर्न सकिन्छ । यस उपन्यासकी प्रमुख नारी पात्र शोभा स्वयम् कुमारी घरकी अजीद्वारा पीडित देखिन्छे । शोभा कुमारी देवी अर्थात् जीवीत देवीको स्थानमा स्थापित भएकी छ भने अजीले कुमारी घरमा कुमारी हुन आउने बालिकाहरूको हेरचाह गरेर बसेकी छ । अजीले कुमारी देवी हुन आउने बालिकाहरूलाई हुर्काएर सेवा गर्दै आए पनि कुमारी घरभित्र मानसिक हिंसा गरेकी छ । उपन्यासमा शोभाले कुमारी घरको नियम

पालना गर्नु पर्दथ्यो । अजीले भनेका कुरा नमानेको खण्डमा गाली गर्नु हप्काउनु जस्ता कार्य गरी आफ्नो कुराको आज्ञा पालना नगरेमा शोभाले दुर्व्यवहार सहनु परेको देखिन्छ । उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> बाहिरका केटाकेटीहरूसँग चोकमा गएर खेल्न निषेध थियो । पवित्रता र शुद्धताको अत्यन्त ख्याल राखिन्थ्यो । जे पायो उही खानदेखिन् लिएर पर्व पर्वमा निराहार बस्न विवश हुनु पर्दथ्यो । भोक लागे पनि असमयमा जे पायो उही खान मनाही थियो । अजी रिसाएपछि कसैलाई बाँकी राख्तिनथिन् अजी नै उनलाई आमा जस्ती लागेकी थिइन् । उनैसँग डराउँथिन् । उनको सानो कुरा पनि आज्ञा पालना नगर्दा उनको दुर्वचनकाो शिकार हुनु पर्थ्यो । (मल्ल, २०३९, पृ. ४/५)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा धार्मिक अन्धविश्वासका कारण अजीले नबुझेर पनि पितृसत्ताको जगेर्ना गर्न खोजेकी छ। उसले कुमारी घरमा कुमारी देवी अर्थात् जिवीत देवीको स्थानमा स्थापित भएकी शोभामाथि आफ्नो नियम लादेकी छ। अजीले भनेका साना साना कुरामा पनि आज्ञा पालना नगरेमा दुर्व्यवहार गरेको देखिन्छ। अजीले कुमारी घरको बाहिर खेल्न जान नदिनु, भोक लागेको समयमा खान नदिनु र पर्वमा निराहार बस्न लगाउँनु जस्ता क्रियाकलापले पनि शोभामाथि अन्याय अत्याचार गरेकी छ। यसर्थ कुमारी घरकी अजी पीडक र शोभा पिडीति भएको माथिको उद्धरणले पुस्टि गर्छ।

पितृसत्तात्मक सामाजिक संरचनामा रूढी परम्परा मूल्य मान्यताका कारण समाजमा महिलाहरू पनि पुरुषसत्ताकै पक्षमा उभिएको देखिन्छ। उपन्यासमा उपस्थित नारीपात्रहरूको भूमिकामा महिलाहरू अशिक्षित भएकाले समाजमा परम्परागत रूढि र अन्धविश्वासले प्रश्रय पाएको कुरालाई देखाइएको छ। प्राचिन कालदेखि नै काठमाडौँमा कुमारी देवी अर्थात् द्योमैजु जिवीत देवीको स्थानमा सानी अबोध बालिकालाई घरपरिवारबाट अलक गरी कुमारीघरमा राख्ने प्रचलन रहेको छ जुन महिला कुमारी देवी अर्थात् द्योमैजु भएकी नारीले आजीवन विवाह गर्न नहुने जनविश्वास रहेको छ। कुमारीले विवाह गर्नु हुँदैन, यदी गरेमा उसको पहिलो पति मर्छ भन्ने धार्मिक अन्धविश्वासका कारण समाजमा एउटी महिला ठगिएकी छे। यही समाजबाट पीडित भएकी कुमारी शोभालाई अझ पीडित बनाउन

महिलाहरू सक्रिय भएको देखिन्छ । उपन्यासमा मिश्रीले शोभाका बारेमा राजमतीसँग गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मिश्री आश्चर्य मानेझैं गरी तैपनि भन्दछिन्- के कुरा गर्नुहुन्छ नानी पनि के मेरो कुरा नपत्याउनु भएको ! हेर्नुहोस्, एक त द्योमैजुले बिहे गर्नै हुँदैन, गरे पनि पहिलो पोइ उनीहरूले टोक्छन् - टोक्छन् के यस्तो भनाई छैन ? के यस्तो भएको छैन ? अब उपेन्द्र काजीसँग यताउति गर्न लागेपछि यस्तो विध्न त आउने नै भयो । यसैले देउता आएको हो उनलाई भाउजू ! उपेन्द्र काजीलाई उसमा हानि हुन्छ - हुन्छ, कतै उनको अन्त्य पनि नहोस् । कतै द्योमैजुलाई पनि केही भइदेला, बुझ्नुभो । (मल्ल, २०३९, पृ. ७४/७५)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाज नै अशिक्षित भएकाले मानिसहरू परम्परागत रूढि र अन्धविश्वासमा रुमलिएका छन् । समाजमा पुरुष र महिलाको भूमिकाका आधारमा लैंङ्गिक विभेद गरी उत्पीडनमा पारेको देखिन्छ । एउटी बालिकालाई सानो उमेरमा बाबु र आमाबाट छुटाएर कुमारी देवीको स्थानमा स्थापित गरी जिवीत देवीको रूपमा पूजा गर्ने प्रचलन रही आएको छ। कुमारी देवी अर्थात् द्योमैजु भएकी महिलालाई निश्चित समयसम्म कुमारी देवीको स्थानमा स्थापित गरापछि फेरि आफ्नो घरपरिवारमा फर्काउने प्रचलन रहेको छ । यसर्थ तत्कालीन नेपाली समाजमा कुमारीले बिहे गर्नु हुँदैन भन्ने धार्मिक अन्धविश्वासका कारण उपेन्द्रकाजीसँगको प्रेम सम्बन्ध कारण शोभालाई देउता आएको भन्ने कुरा मिस्रीले गरेकी छ । उपन्यासमा एउटी महिलालाई मानसिक रूपमा आघात पुऱ्याउने कार्य भएको कुरालाई देखाइएको छ। यसर्थ तत्कालीन नेपाली समाजमा महिलाद्वारा महिलामाथि मानसिक कष्ट दिई लैङ्गिक उत्पीडनमा पारिएको कुरालाई प्रस्तुत गरिएको छ ।

## ३.४.३ महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन

*कुमारी शोभा* उपन्यासमा महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडनमा पार्ने पात्रहरूको भूमिकामा राजमती र शारदा रहेका छन् । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व भए तापनि महिलाले पुरुषमाथि मानसिक हिंसा गरेर उत्पीडनमा पारेको देखिन्छ । राजमतीले शोभासँग बाबुकाजीले बिहेको सपना मात्र देखेर हुँदैन अनि उपेन्द्रकाजी

जस्तो पढे लेखेको र धनी व्यक्तिले त बिहेको आँट समेत गर्न सकेको छैन भनेकी छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> अब बुझ्यौ बाबुकाजी, शोभाको कुरा ! तिमी नै भन, तिमी जस्तोले उनीसँग बिहे गर्छु भनेर नै आँट्नु के फजुल होइन ? के तिमी उनको खुट्टामा हाल्न पनि सुहाउँछौ उपेन्द्र काजी जस्तो त उनीसँग हार खाएको छ, तिमी त के । (मल्ल, २०३९, पृ. १३५)

प्रस्तुत माथिको उद्धरणमा कुमारी देवी भइसकेकी शोभा राजमतीकी भदैनी हो भने उता बाबुकाजी पनि भतिजो हो। बाबु काजी पेसाले ट्रक ड्राइभर हो। त्यसैले बाबुकाजीलाई राजमतीले कुमारी शोभालाई बिहे गर्ने तिम्रो हैसियत छैन भन्दै उसलाई तुच्छ व्यक्तिको दर्जा दिएकी छ। उसले बाबुकाजीलाई शोभाको खुट्टामा राखे पनि सुहाउँदैन अनि ड्राइभरले कुमारी देवी अर्थात् द्योमैजुसँग बिहे गर्नु नचाँहिदो फजुल कुरा हो भनेकी छ। यहाँ उपेन्द्रकाजी जस्तो पढे लेखेको र धन सम्पति भएका व्यक्तिले बिहेको आँट गर्न सकेको छैन भनी राजमतिले भतिजो बाबुकाजीलाई छुद्र सम्झेर कुनै अर्को व्यक्तिसँग तुलना गरी मानसिक तनाव दिई उत्पीडनमा पारेको कुरालाई माथिको उद्धरणले पुष्टि गर्छ।

## ३.५ *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक उत्पीडन

पितृसत्तात्मक सामाजिक संरचनामा महिला र पुरुष के कसरी उत्पीडनमा परेका छन् भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ। उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाका आधारमा पुरुषद्वारा महिलामाथि, महिलाद्वारा पुरुषमाथि, महिलाद्वारा महिलामाथि र पुरुषद्वारा पुरुषमाथि गरिएका मानसिक तथा शारीरिक हिंसाले उपन्यासभित्रका पात्रहरूले के कसरी लैङ्गिक उत्पीडनमा परेका छन् भन्ने कुराको विश्लेषण गरिएको छ।

### ३.५.१ पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन

*श्रीमती शारदा* उपन्यासमा केशरबहादुरले स्कुलका शिक्षकहरूको बीच फुट ल्याएर आफ्नो प्रभुत्व जमाउनका लागि आफ्नै साथी प्रदीप्तमानलाई प्रतिमा श्रेष्ठसँगको अनुचित सम्बन्ध रहेको आरोप लगाएको छ। केशरबहादुरले प्रदीप्तमानलाई स्कुलको प्रतिष्ठामा आँच आउने कार्य गरेको आरोप लगाइएको कुरालाई देखाइएको छ। केशरबहादुरले बिना कसुर

प्रदीप्तमानसँग प्रतिमा श्रेष्ठलाई जोडेर इज्जतमा धक्का पुऱ्याउने कुचेष्टा गरेका छ। उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> अधिकांश मास्टरहरू प्रदीप्तमानको नेतृत्वमा छन् भन्ने कुराको बिरोधमा यस्तो दोषारोपण गरेर उसलाई एक्लो पार्न खाजिएको थियो केशरबहादुर। यसमा बिचरी प्रतिमा मुछेर उनको इज्जतमा धक्का लगाउने कुचेष्टा गरिएको थियो। त्यसकै फलस्वरुप प्रतिमाले त्यस दिन साँझ इनारमा हामफाली आत्म हत्या समेत गर्ने चेष्टा गरेकी थिई। (मल्ल, २०५६ : २२)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहेको देखिन्छ। केशरबहादुरले आफ्नै सहकर्मी प्रदीप्तमानको नेतृत्वमा अधिकांश शिक्षकहरू रहेकाले उनीहरूको बीचमा फुट ल्याएर एक्लौटी नेतृत्व गर्नका लागि एउटी महिलाको इज्जतमाथि खेलवाड गरेको छ। केशरबहादुरले आफ्नो स्वार्थपूर्तिका लागि प्रदीप्तमान र प्रतिमा श्रेष्ठ बीच रहेको अनुचित सम्बन्धले विद्यालयको प्रतिष्ठामा आँच पुऱ्याएको भन्ने झुट्टो आरोप लगाउँछ जुन कुराले प्रतिमा श्रेष्ठको सामाजिक प्रतिष्ठामाथि आघात पुऱ्याएको देखिन्छ। त्यसै कारणले प्रतिमा श्रेष्ठले इनारमा हाम फालेर आत्म हत्याको बाटो रोज्न समेत बाध्य पारेको कुरालाई माथिको तथ्यले पुष्टि गर्छ। प्रदीप्तमानले आफूमाथि लागेको झुट्टो आरोप सहन नसकेर भट्टी पसलमा गई रक्सी पिएर मध्यरातमा केशरबहादुरसँग बदला लिने नियतले उसको घरमा पुग्छ। केशरबहादुरकी पत्नी शारदाले ढोका खोल्न साथ सडकमा घिसार्दै लगेको कुरालाई उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> विचरी आइमाई पहिले त अकस्मात यसरी आफुलाई समाएर घिसारेको देख्दा अचम्भित हुन्छे। फुस्किएको फरियालाई सम्हाल्न खोज्दै घिसारिएको बेगले सम्पूर्ण मुजाहरू लत्रँदै खस्दछन्। सम्पूर्ण नाङ्गिउला भन्ने डरले उनी पेटीकोट सम्मलाई बचाउन कोशिश गर्छिन्। (मल्ल, २०५६, पृ. २३)

प्रस्तुत माथिको उद्धरणमा प्रदीप्तमानले केशरबहादुरसँग बदला लिने नियतले एउटी महिलामाथि शारीरिक तथा मानसिक हिंसा गरी उत्पीडनमा पारेको कुरालाई देखाइएको छ। केशरबहादुरले प्रदीप्तमानलाई प्रतिमा श्रेष्ठसँगको अनुचित सम्बन्ध रहेको झुट्टो आरोप

लगाउँछ। प्रदीप्तमानले झगडा गरेको रिसको झोकमा बिना कसुर गरेकी महिलामाथि शारीरिक तथा मानसिक हिंसा गरेर लैङ्गिक उत्पीडनमा पारेको कुरालाई प्रस्तुत तथ्य पुष्टि गर्छ। समाजमा पुरुषले आफ्नो स्वार्थपूर्तिका लागि महिलामाथि पशुजन्य व्यवहार गर्ने र महिलाप्रति अभद्र व्यवहार गरी महिलाको घरबार बिगारेको कुरा देखाइएको छ। पुरुषप्रधान समाजमा पुरुषले एक आपसमा प्रतिशोधको भावनाले महिलालाई दुःख कष्ट दिएको यथार्थ चित्रण गरिएको छ जुन कुरा उपन्यासमा सानोभाइले प्रदीप्तमानलाई भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> तपाईले एउटी आइमाईलाई घिसार्दै लेर आउनु भएको थियो र मैले यहाँ हल्लाखल्ला नमच्चियोस् भनेर तपाईले भन्नु भएको जस्तो ताल्चा मारेर एउटा कोठामा थुनेर राखेको छु। (मल्ल, २०५६, पृ. २१)

प्रस्तुत माथिको उद्धरणमा प्रदीप्तमानले एउटी महिलालाई बिना कसुर सडकमा घिसार्दै लिएर एउटा भट्टी पसलको कोठामा ताल्चा लगाएर थुन्नुले पनि तत्कालीन नेपाली समाजमा पुरुषद्वारा महिलामाथि मानसिक तथा शारीरिक हिंसा सहेर बाँच्न विवश महिला लैङ्गिक उत्पीडनमा परेको कुरालाई प्रस्ट देख्न सकिन्छ। हर्षमानले आफ्नी धर्मपत्नी सुभद्रलाई भान्साकोठामा नेदेखेपछि चिच्याएर बोलाउँछ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> तैले मलाई पहिले किन कुरा लुकाएको ? सोझै भनेको भए हुन्थेन। तेरो छोराले अर्काकी स्वास्नी भगाएर ल्याएको रहेछ। आफ्नै साथीकी स्वास्नीलाई यदि उजुर गरेको भए हामीले थानामा गएर हाजिर हुन जानु पर्दथ्यो । (मल्ल, २०५६, पृ. ४३)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पुरुषले महिलामाथि अन्याय अत्याचार र दमन गरेको देखिन्छ। हर्षमानले आफ्नी स्वास्नीलाई छोरा प्रदीप्तमानले अर्काको स्वास्नी भगाएर ल्याएको भन्ने कुरा लुकाएको आरोप लगाएको छ। उसले अर्काकी स्वास्नी हो भन्ने थाहा पाएको भए बुहारी अस्वीकार गर्ने अभिव्यक्तिले पनि तत्कालीन नेपाली समाजमा घरपरिवारभित्र पतिद्वारा पत्नीमाथि मानसिक हिंसा सहेर बाँच्न विवश महिला उत्पीडनमा परेको कुरालाई माथिको तथ्यले पुष्टि गर्छ। पुरुषबाट एउटी महिलालाई कसरी

घर परिवारमा शोषित पीडित भई उत्पीडन सहन बाध्य पारिएको छ भन्ने कुरा उपन्यासमा हर्षमानले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> हर्षमान उठ्दै च्याठिएर भन्छ, म गर्छु आगप्रको कुरा तँ गर्छेस गागप्रको कुरा। बुहारीलाई सिका तँ आफैले। प्रदीप्तको टुप्पी समाएर तह लगा भनेर। (मल्ल, २०५६, पृ. ४३)

प्रस्तुत माथिको उद्धरणमा हर्षमानले आफ्नो छोराको गल्ती भए पनि आफ्नी स्वास्नी सुभद्रामाथि रिस पोख्नुका साथै हर्षमान राणा सरकारको सुब्बा पदको जागिर खाएका कारण आफ्नो छोरो प्रदीप्तमानले राणा सरकारको विरुद्धमा संगठित भएर लागेको थाहा पाएपछि आफ्नी पत्नी सुभद्रामाथि अझ थप मानसिक पीडा दिएको कुरालाई देखाइएको छ। हर्षमानले आफ्नो छोरा प्रदीप्तमानलाई जरसाहेबको दर्शनभेट गराउन नसकेपछि घरमा आएर आफ्नी स्वास्नीमाथि रिस पोखेको कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> तेरो छोरो गतिलो भए पो। अर्काकी स्वास्नी भगाएर नयाँ विवाह गरेर ल्याएको छ। तिनीहरूको सामुन्य त नाक ठाडो राख्न गतिलो जागिर खाएर फूर्ति त देखाउँनर पर्छ। ल त्यसको साटो लोखर्के भएर पुच्छर लुकाउदै भागेर पो हिँड्छ। (मल्ल, २०५६, पृ. ४६)

प्रस्तुत माथिको उद्धरणमा हर्षमानले आफ्नो छोराले अर्काकी स्वास्नी भगाएर ल्याएको रिस उसकी स्वास्नी माथि खन्याउँछ। उसले राणा सरकारको चाकडी गरेर भए पनि छोरालाई जागिर लगाउँन खोजेको छ तर प्रदीप्तमानले बाबुलाई केही नभनेर जरसाहेवसँग भेट नगरी फर्किका कारण हर्षमानले प्रदीप्तमानलाई केही नभनेर आफ्नी पत्नी सुभद्रालाई तेरो छोरो गतिलो छैन भन्दै पत्नी सुभद्रमाथि मानसिक कष्ट पुऱ्याएको देखिन्छ। यसर्थ घरपरिवारभित्र महिलामाथि हिंसा गरी लैङ्गिक उत्पीडनमा पारेको कुरालाई माथिको तथ्यले पुष्टि गर्छ।

## ३.५.२ महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन

*श्रीमती शारदा* उपन्यासमा महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडनमा पर्ने र पार्ने पात्रहरूको भूमिकामा शारदा र प्रदीप्तमान रहेका छन्। पितृसत्तात्मक सामाजिक संरचनामा

पुरुषको हालीमुहाली भए तापनि महिलाद्वारा पुरुषमाथि मानसिक तथा शारीरिक हिंसा गरेर उत्पीडनमा पारेको पाइन्छ। यहाँ प्रदीप्तमानले आफ्नै साथी केशरबहादुरकी स्वास्नीलाई लछ्रार पछ्रार गर्दै एउटा भट्टीपसलमा थुनिनु परेका कारण प्रदीप्तमानसँग बदला लिनका लागि शारदाले प्रदीप्तमानलाई मानसिक यातना दिएकी छ जुन कुरा उपन्यासमा शारदाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्गरिएको छ :

> मैले भनिहालेँ नि म शत्रुको रूपमा हत्याराको रूपमा घातकीको रूपमा उहाँको घरमा जान सक्छु के विश्वास छैन ममाथि ? म परित्यक्ता भइसकेपछि जुनसकै मुकुन्डो लगाएर पनि उहाँको घरमा पस्न सक्छु। (मल्ल, २०५६, पृ. ३९)

प्रस्तुत उपन्यासमा प्रदीप्तमानले आफ्नै साथी केशरबहादुरको स्वास्नी शारदालाई रातको समयमा सडकमा घिसार्दै भट्टी पसलको एउटा कोठामा थुनेर राख्छ। यसरी मानसिक तथा शारीरिक यातना दिएका कारण उसले बदला लिएर छोड्ने अठोट गरेकी छ। प्रदीप्तमानले रिसको आवेगमा अघिल्लो दिन घिसारेर ल्याएको आइमाईलाई फेरि उसकै घरमा फर्काउने निधो गर्छ। शारदाले आफूलाई बिना कसुर घिसार्दै ल्याउने प्रदीप्तमानसँग बदला लिने टेक लिएकी छ। यसर्थ ऊ आफ्नो लोग्ने केशरबहादुरको घरमा फर्कन चाहेकी छैन। र उसले प्रदीप्तमानको घरमा शत्रु या हत्याराको रूपमा जसरी भए पनि जान तयार भएको कुरालाई देखाइएको छ। यसरी शारदाले प्रदीप्तमानलाई मानसिक यातना दिई उत्पीडनमा पारेकी छ। प्रदीप्तमानले शारदालाई आफ्नो घरमा भित्त्याएपछि झन् पीडा बोध गरेको अवस्था रहेको छ। शारदाको बदला लिने कुराले प्रदीप्तमान चिन्ताग्रस्त भएको देखिन्छ।

## ३.६ निष्कर्ष

विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडनका आधारमा विश्लेषण गर्दा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषद्वारा महिलामाथि गरिएको उत्पीडन, महिलाद्वारा पुरुषमाथि गरिएको उत्पीडन, महिलाद्वारा महिलामाथि गरिएको उत्पीडन र पुरुषद्वारा पुरुषमाथि गरिएको उत्पीडनको बारेमा चर्चा गरिएको छ। मल्लका उपन्यासलाई लैङ्गिक उत्पीडन सम्बन्धी मान्यताका आधारमा विश्लेषण गर्दा तत्कालीन पितृसत्तात्मक समाजमा

महिला र पुरुष पात्रको भूमिकाका आधारमा के कसरी मानसिक तथा शारीरिक रूपमा हिंसा गरी उत्पीडनमा पारिएको छ ।

*अनुराधा* उपन्यासमा पुरुष पात्र भूमिकामा रत्नमानसिंहले अनुराधाको इच्छा विपरीत षडयन्त्रपूर्वक विवाह गर्न खोजेको छ । अनुराधाले त्यस विवाहमा स्वयंवरको माला चुँडाएर फ्याँकी विवाह अस्वीकार गरेकी छ । रत्नमानसिंहले विवाह नै नभएकी अनुराधालाई आफ्नी स्वास्नी भएको दावी गर्दै घरमा पठाइदिनु भनी अनुराधाकी आमालाई धम्कीपूर्ण चिठ्ठी पठाएर मानसिक कष्ट दिएको छ । रत्नमानसिंहले विवाह नै नभएकी अनुराधालाई पति स्वीकारोस् भन्न चाहेको छ । नारी पात्रको भूमिकामा अनुराधाले रत्नमानसिंहसँग बदला लिने नियतले उसको घरमा गएकी छ । त्यहाँ रत्नमानसिंहको भाई समुन्द्रमानसँग अनुचित सम्बन्ध कायम राखी कठित पति रत्नमानसिंहलाई मानसिक कष्ट दिएकी छ । नारी पात्रका भूमिकामा उपस्थित अनुराधाकी आमा र दिदीहरूले षडयन्त्रपूर्वक तय गरिएको विवाह अनुराधाले अस्वीकार गरेपछि घरमा दुर्व्यवहार गरी मानसिक यातना दिएका छन् भने यस उपन्यासमा रत्नमानसिंहले अनुराधा र समुन्द्रमानको अनुचित सम्बन्ध रहेको शङ्का गर्छ ।

*कुमारी शोभा* उपन्यासमा पुरुषप्रधान समाजमा धार्मिक, सांस्कृतिक, अन्धविश्वासका कारण मानसिक तथा शारीरिक हिंसा गरेर उत्पीडनमा पारिएको छ । पुरुष पात्रको भूमिकामा बाबुकाजीले कुमारी देवीको स्थानमा स्थापित भइसकेकी शोभालाई जबरजस्ती बिहे गर्न खोज्नु, बाटो छेक्नु जस्ता दुर्व्यवहार गरेर मानसिक कष्ट दिएको छ भने नारी पात्रको भूमिकामा उपस्थित राजमतिले आफ्नो भदिनी शोभाको खुट्टामा बाँधे पनि सुहाउँदैन र ड्राइभरले शोभासँग बिहेको सपना देख्न पनि सुहाउँदैन भनेर आफ्नै भतिजो बाबुकाजीप्रति दुर्व्यवहार गरी मानसिक कष्ट दिएकी छ । महिला पात्रको भूमिकामा उपस्थित मिस्रीले एक पटक कुमारी देवी अर्थात् द्योमैजु भइसकेकी महिलाले बिहे गरेमा उसको पहिलो पतिको मृत्यु हुन्छ भन्ने अभिव्यक्ति दिएकी छ । जुन कुरा आधारहीन अथवा तथ्य नभएका कुराले शोभालाई मानसिक कष्ट पुऱ्याएर उत्पीडनमा पारेकी छ भने पुरुष पात्रको भूमिकामा उपस्थित किलिनर कान्छामाथि बिना कसुर बाबुकाजीले शारीरिक तथा मानसिक हिंसा गरेर उत्पीडनमा पारेको कुरालाई प्रस्तुत गरिएको छ ।

*श्रीमती शारदा* उपन्यासमा पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहेको छ । यस उपन्यासमा पुरुष पात्रको भूमिकामा केशरबहादुरले स्कुलमा आफ्नो प्रभुत्व जमाउनका लागि

आफ्नै सहकर्मी प्रदीप्तमानमाथि झुट्टा आरोप लगाई मानसिक हिंसा गरेको पाइन्छ । उसले आफ्नो स्वार्थका लागि प्रदीप्तमान र प्रतिमा श्रेष्ठ बीचको अनुचित सम्बन्ध रहेका कारण स्कुलको प्रतिष्ठामा आँच पुऱ्याएको भन्ने झुट्टो आरोप लगाएको छ जुन कुराले प्रतिमा श्रेष्ठलाई आत्महत्या गर्ने सोचसम्म पुग्न बाध्य पारी लैङ्गिक उत्पीडनमा पारिएको छ । केशरबहादुरसँग बदला लिने नियतले प्रदीप्तमानले केशर बहादुरकी स्वास्नी शारदालाई घिसार्दै एउटा भट्टीको पसलको कोठामा थुनेर राख्नुले पनि मानसिक तथा शारीरिक हिंसा गरेर उत्पीडनमा पारेको देखिन्छ भने शारदाले प्रदीप्तमानसँग बदला लिने नियतले मानसिक यातना दिई उत्पीडनमा पारेकी छ भने यस उपन्यासमा महिलाद्वारा महिलाप्रति हिंसा गरिएको छैन ।

समग्रमा विजय मल्लका उपन्यासमा लैंङ्गिक उत्पीडन रहेको छ । उनका उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा तत्कालीन समाजमा महिला र पुरुष पात्रहरूको भूमिकामा उपस्थित पात्रहरूले मानसिक तथा शारीरिक हिंसा गरी उत्पीडनमा पारेका छन् । मल्लका उपन्यासमा वर्णित वा चित्रित महिला तथा पुरुष पात्रहरूको भूमिकाले मानसिक तथा शारीरिक हिंसा गरेर उत्पीडनमा पारेका कुराको चिरफार गरी समाजमा लैङ्गिक हिंसा गर्नु हुँदैन भन्ने सामाजिक सन्देश दिएको छ ।

*अनुराधा, कुमारी शोभा र श्रीमती शारदा* उपन्यासमा उपस्थित महिला तथा पुरुष पात्रहरूको भूमिकाले पितृसत्तात्मक सामाजिक संरचनामा तत्कालीन समाजमा रूढि परम्परागत, मूल्य मान्यता, सामाजिक, धार्मिक, सांस्कृतिक र अन्धविश्वासका कारण उत्पीडनमा परेको देखिन्छ ।

# चौथो परिच्छेद

# विजय मल्लका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

## ४.१ विषयपरिचय

प्रस्तुत शोध प्रबन्धको यस परिच्छेदमा विजय मल्लका *अनुराधा* (२०१८), *कुमारी शोभा* (२०३९) र *श्रीमती शारदा* (२०५६)मा उपस्थित पात्रहरूको भूमिकाको आधारमा लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा लैङ्गिक सम्बन्धसँग सम्बन्धित सैंद्धान्तिक मान्यताका आधारमा महिला र पुरुष र महिला र महिला बीचको पारिवारिक, सामाजिक र आर्थिक पक्षको अध्ययन गरी शक्तिकेन्द्रमा को कसरी रहेको छ र परिधिको केन्द्रमा को कसरी रहेको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

## ४.२ लैङ्गिक प्रभुत्व र शक्तिसम्बन्धी सैद्धान्तिक मान्यता

फ्रान्सेली चिन्तक मिसेल फुको (सन् १९२६-१९८४) को शक्तिसम्बन्धी मान्यतालाई आधार मानेर सांस्कृतिक अध्ययनमा त्यसको उपयोग गरिन्छ। लैङ्गिक अध्ययन पनि सांस्कृतिक अध्ययनको एक पाटो हो। त्यसैले लैङ्गिक अध्ययनमा पनि शक्तिको व्याख्या विश्लेषण गर्न सकिन्छ। शक्तिको अभ्यास युद्ध वा राजनीतिमा मात्र हुँदैन। अफिस, स्कुल, वा पारिवारिक एकाइभित्र पनि हुन्छ। पुरुषप्रधान समाजमा प्राय : गरी पिता अर्थआर्जन गर्ने शक्ति भएकाले परिवारभित्रको 'आर्थिक' र 'राजनैतिक' शक्तिको बागडोर पनि प्रायः गरी घरको मुख्य मूली अर्थात् पितासँगै हुन्छ (उप्रेती, २०६९ , पृ. ४२)। त्यसैले पुरुषप्रधान समाजमा परिवारभित्र पुरुषको प्रभुत्व रहेको देखिन्छ। सांस्कृतिक अध्ययनमा कुनै पाठले कस्तो अर्थ उत्पादन गर्छ, कस्तो ज्ञान/सूचना दिन्छ, मानिसको पहिचानलाई कसरी प्रस्तुत गर्छ, के कस्तो शक्ति सम्बन्धलाई अभिव्यक्ति गर्छ भन्ने जस्ता जिज्ञासाहरूको उत्तर खोज्ने काम त्यस्तो अध्ययनमा गरिन्छ तर यी प्रश्नको उत्तर ऐतिहासिक भौतिकवादी कोणबाट होइन, विमर्शात्मक निर्माणको विशिष्टताका कोणबाट गरिन्छ। जहाँ उत्पीडनकारी सत्तामा मात्र होइन, परिधीय समुदाय पनि शक्तिशाली देखिन सक्छ (पाण्डेय, २०७०, पृ. १८५)। शक्तिले नै सत्यको निमार्ण गर्छ भने ज्ञान नै शक्ति बन्छ। पुरुषप्रधान समाजमा शक्तिको

केन्द्रमा पुरुष भएका कारण महिलाको पहिचान त्यसरी बनेको हुन्छ। सत्ताको निर्मितिमा सङ्कथन-शक्तिको भूमिका महत्त्वपूर्ण हुने कुरा बताएका छन्।

फुकोको दृष्टिमा सत्ताको सम्बन्ध दमन, निषेध वा प्रत्यक्ष नियन्त्रणसँग मात्र नभई संस्थागतता तथा परम्परामा प्रचलित रहेको रहेको पाइन्छ। सत्ता शक्तिसम्बन्धमा आधारित हुन्छ। सत्ताको सम्बन्ध नियन्त्रणसँग हुने हुँदा सत्ता शासक र शासित सम्बन्ध त हुँदै हो। यसबाहेक भौतिक र जीववैज्ञानिक सम्बन्धमा दृष्टिले पनि सत्तालाई अर्थ्याउन सकिन्छ। पुरुष, महिला, जाति, जनजाति, उच्च वर्ग, निम्न वर्ग र दलितका बीचमा शक्तिसम्बन्ध देखिन्छ। जीववैज्ञानिक रूपमा मानिस समान हुने भए पनि राजनीतिक, सांस्कृतिक र सामाजिक विभेदका कारण मानिस-मानिसमा भिन्नता उत्पन्न हुन्छ। यस्तो प्रक्रिया व्यक्ति, परिवार, समाज हुँदै राज्यसम्म विस्तार हुन्छ (भट्टराई, २०७० : ३३८)। सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व कत्तिको उसको शक्ति हो (गुरागाई, २०७० : २६)। समाजमा महिला वा पुरुषले आफ्नो कत्तिको अस्तित्व कायम गर्न सक्छ भन्ने कुरा त्यो नै शक्ति हो।

सांस्कृतिक अध्ययनमा शक्तिलाई मानिसहरूलाई एक आपसमा मिलाएर राख्ने कडी वा बल प्रयोगका माध्यमबाट सँगसँगै रहन बाध्य गर्ने आधारका रूपमा लिइँदैन। शक्तिको एउटा पक्ष यो भए पनि सांस्कृतिक अध्ययनले सामाजिक संरचनाका विविध स्तरमा गरिने सामाजिक क्रियाकलाप, गतिविधि, त्यसले निर्माण गर्ने भूमिका, प्रभाव आदि सबैलाई पनि शक्तिभित्रै राखेर अध्ययन गर्छ। सांस्कृतिक अध्ययनले सामान्यतः शक्तिलाई आम सन्दर्भमा हेरे पनि विशेषःयसले पछाडि परेको वर्ग,जाति, लिङ्ग, राष्ट्र आदिका बारेमा अध्ययन गर्छ। सम्बन्धित पक्षहरू शक्ति संरचनाका दृष्टिले कहाँकहाँ छन् भनेर हेर्नु र व्याख्या गर्नु यसको उद्देश्य रहेको देखिन्छ (गिरी, २०७०, पृ. २९)। यसले सांस्कृतिक अध्ययनमा शक्तिलाई राजनीतिक सत्ताको सन्दर्भबाट मात्र नहेरेर सामाजिक संचरनाका विभिन्न स्तरहरू हेर्नु पर्छ भन्ने कुराको खोजी गरिन्छ। मल्लका उपन्यासहरूमा पनि विपरीत लिङ्गका बीचमा शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ।

विजय मल्लका उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ। लैङ्गिक शक्ति अध्ययनअर्न्तगत महिला र पुरुष र महिला र महिलाबीचको शक्तिसम्बन्धको अध्ययन गर्न सकिने हुँदा पितृसत्ताको वर्चस्व रहेको सामाजिक

संरचनाभित्रको शक्तिसम्बन्ध अध्ययन गरिएको छ। मल्लका उपन्यासमा उपस्थित पात्रहरूको भूमिका माध्यमबाट तत्कालीन समाजमा को कसरी शक्तिको केन्द्रमा रहेको छ र को कसरी शक्तिको परिधिमा पारिएको छ भन्ने कुरा खोजी गरिएको छ। उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाका आधारमा कसको निर्णय भूमिका प्रभावकारी छ। त्यस्तै मूलधार रहेको व्यक्ति र परिधिमा रहेको व्यक्ति बीचको शक्तिसम्बन्ध कसरी निर्माण भएको छ र पितृसत्ताको वर्चस्वले को कसरी शक्ति केन्द्रमा आएको छ भन्ने कुराको विवेचना यस परिच्छेदमा गरिएको छ।

## ४.३ *अनुराधा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

*अनुराधा* उपन्यासभित्र उपस्थित पात्रहरूको भूमिकाले तत्कालीन नेपाली समाजमा पितृसत्ताको वर्चस्व रहेको कुरालाई प्रस्ट रूपमा देख्न सकिन्छ। उपन्यासमा पात्रको भूमिकाका आधारमा लैङ्गिक शक्तिसम्बन्धको अध्ययन गरिएको छ। उपन्यासमा उपस्थित पात्रहरू को कसरी शक्तिकेन्द्रमा रहेको छ र को कसरी शक्तिको परिधिमा रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ। शक्तिसम्बन्धलाई हेर्दा यहाँ महिला र पुरुष, महिला र महिलाबीचको शक्ति सम्बन्धको चर्चा गरिएको छ।

### ४.३.१ महिला र पुरुषबीचको शक्तिसम्बन्ध

पितृसत्तात्मक सामाजिक संरचनामा महिला र पुरुष वीचको सामाजिक सम्बन्ध स्थापित भएको हुन्छ। उपन्यासमा पात्रहरूको भूमिकाको आधारलाई लिएर शक्तिसम्बन्धको अध्ययन गरिन्छ। शक्तिसम्बन्धमा महिला वा पुरुषबीचमा को कसरी शक्ति केन्द्रमा रहेको छ र को कसरी शक्तिको परिधिमा रहेको छ भन्ने कुराको अध्ययन लैङ्गिक शक्तिसम्बन्धले गर्दछ। *अनुराधा* उपन्यासमा महिला र पुरुष बीचको लैङ्गिक शक्तिसम्बन्धको अध्ययन गर्ने क्रममा रत्नमानसिंह र अनुराधाबीचको शक्तिसम्बन्धको अध्ययन गरिएको छ।

*अनुराधा* उपन्यासमा प्रमुख पुरुष पात्र रत्नमानसिंहले मध्ययुगीन पितृसत्तात्मक मानसिकता बोकेको देखिन्छ। उसले अनुराधाको सौन्दर्य मात्र देखेको छ। महिलाको भावनाको कदर गर्न खोज्दैन। जुनसुकै सर्तमा भए पनि उसले अनुराधालाई उपभोग गर्न चाहन्छ। उसको विवाहको प्रस्तावलाई अनुराधाले पहिले नै अस्वीकार गरिसकेकी भए पनि त्यसको वास्ता नराखेर अनेक जाल, झेल, षड्यन्त्रद्वारा उसले हत्याउन खोजेको देखिन्छ। पितृसत्तात्मक

सामाजिक संरचना महिलाहरूप्रति विभेदपूर्ण रहेको छ। पितृसत्ताको वर्चस्वले समाजमा महिलालाई कुनै पनि कुराको निणर्य गर्ने अधिकारबाट वञ्चित गरेको पाइन्छ। यस उपन्यासमा अनुराधाको स्वतन्त्र चाहनाप्रति कसैले पनि चासो दिएको देखिँदैन । पुरुषप्रधान समाजमा महिलाको आवाज भन्दा पुरुषको आवाजलाई सुन्ने गरिन्छ। उपन्यासमा अनुराधाको स्वीकृति-अस्वीकृति र रूचि-अरूचिको कुनै प्रवाह गरेको देखिँदैन । उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> यस्तै सामूहिक प्रचारले, म एक्ली आइमाईलाई यिनीहरूले निमोठेर, त्यही बनाउने चेष्टा गरिरहेका थिए, जो म थिइनँ। समाजलाई एक्लो व्यक्तिको विरोधको कुनै चासो थिएन ? मेरो एक्लो अस्तित्वको चिच्याहट कसले सुनिदेओस् ! आखिर मेरो स्वीकृति - अस्वीकृतिको रुचि - अरुचिको, प्रेम - घृणाको कसैले वास्तै गरेनन्, मानौं म चेतनशील प्राणी नै थिइनँ, म त्यस्तो बाँदर्नी थिए, जसले चटकेले जे नाच नचायो, त्यही नाच्तछु। (मल्ल, २०१८ : ९३)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको नै वर्चस्व रहेको छ। रत्नमानसिंहले आफूले मन पराएकी अनुराधालाई जसरी भए पनि प्राप्त गर्न खोजेको देखिन्छ। पितृसत्ताको वर्चस्वले अनुराधाकी आमाले रत्नमानसिंहको सामाजिक प्रतिष्ठा, उच्च पद र धन सम्पत्ति मात्र देखेकी छ। रत्नमानसिंहले अनुराधाकी आमासँग मिलेर अनुराधालाई जानकारी नै नदिएर गुहेश्वरी मन्दिरमा विवाहको योजना तय गरेको छ। षड्यन्त्रपूर्वक तय गरिएको विवाहमा अनुराधाको इच्छा विपरीत कार्य भएको देखिन्छ। पुरुषप्रधान समाजमा महिलाको अस्तित्वको ख्याल समेत नगरेको देखिन्छ। जहाँ अनुराधाको चाहनालाई बेवास्ता गर्दै स्वीकृति अस्वीकृति, रूचि अरुचिको र प्रेम घृणाको कसैले वास्ता गरेको पाइदैन। समाजमा पुरुषले महिलालाई कुनै वस्तु वा पशु जस्तै चेतनहीन व्यवहार गरेको अनुराधाले महसुस गरेकी छ। पुरुषप्रधान समाजमा महिलाको स्वतन्त्र हक अधिकारप्रति कसैले चासो देखाएको पाइँदैन। यस उपन्यासकी नारी पात्र अनुराधाले आफ्नै जिन्दगीको विषयमा निणर्य भूमिकाबाट वञ्चित भएकी छ। रत्नमानसिंहले आफ्नो उच्च पद र सम्पन्ताको आडमा स्वास्नी मान्छेलाई वस्तुको रूपमा उपभोग गर्न चाहन्छ। बाहिरबाट हेर्दा रत्नमानसिंह पढेलेखेको, सम्पन्न, शक्तिशाली तथा सभ्य देखिन्छ तर आन्तरिक रूपमा उसको पाशविक प्रवृत्ति भेटिन्छ। उपन्यासमा रत्नमानसिंहले स्वास्नीमान्छेलाई पुरुषको

भोग्य वस्तु ठानेको छ । उसले चाहेको वस्तु बल प्रयोग गरेर भए पनि प्राप्त गर्न चाहन्छ । यसर्थ लैङ्गिक शक्तिकेन्द्रमा रत्नमानसिंह रहेको छ भने शक्तिको परिधिमा अनुराधा रहेकी छ । पुरुषप्रधान समाजमा महिलाको जीवनमाथि पुरै अधिकार जताउन खोजेको देखिन्छ । उपन्यासमा रत्नमानसिंहले अनुराधाकी आमालाई धम्कीपूर्ण भाषामा व्यक्त कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> अहिले पनि तपाईले अनुराधालाई पठाउनु भएन भने मेरो इज्जतको खातिर पनि कुनै कार्य नगरी मलाई सुख नै हुने छैन । यसैले यसलाई अन्तिम पत्र सम्भनु होला र आजै घरमा पठाईदिनु होला । (मल्ल, २०१८ : ९९)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पुरुषले महिलाको इज्जत र भावनाको कदर नगरेर प्रभुत्व प्रदर्शन गरेको देखिनछ । रत्नमानसिंहले अनुराधाकी आमालाई धम्कीपूर्ण भाषामा अनुराधालाई आफ्नो घर पठाउनु होइन भने जे पनि गर्न सक्ने अभिव्यक्ति दिएको देखिन्छ । अनुराधाले रत्नमानसिंहकै अगाडि स्वयंबरको माला चुँडालेर हिँडेकी छ । रत्नमानसिंहले अनुराधाको सौन्दर्य मात्र देख्यो, अनुराधाको स्वभाव चिन्ने प्रयास गरेको देखिँदैन । उसले आफू जतिसुकै अपमानित भए पनि त्यसलाई पचाएर अनुराधालाई प्राप्त गर्न षडयन्त्रमा लागि रहेको देखिन्छ । रत्नमानसिंहले आफ्नो अनुराधासँग विवाह भइसकेको भन्ने झुट्टा प्रचार गर्नका लागि आफ्नो र अनुराधाको नाममा निमन्त्रणा पत्र छापेर वितरण गरेको देखिन्छ । उसले आफ्नो र अनुराधाको प्रेम विवाह भएको हल्ला गर्नु र आफ्ना साथीहरूलाई बोलाएर भोज खुवाउनु अनि समाजमा विवाहको रीतिरिवाज पूरा गरेको नाटक गरेको देखिन्छ । त्यतिले पनि पुगेर विवाह नै नगरेकी अनुराधालाई आफ्नो घरमा पठाइदिनु भनी धम्कीपूर्ण पत्र पठाउँछ । उसले विवाह नै नगरेकी अनुराधालाई आफ्नो स्वास्नी भन्ने दावा गरेर यस्तो धम्कीपूर्ण चिठ्ठी लेखेर महिलाको बेइज्जती र अपमान गरेको देखिन्छ । रत्नमानसिंहले जसरी भए पनि जित्न चाहन्छ । यो सामन्ती समाजको पुरुष मानसिकता हो । पितृसत्ताको वर्चस्वका कारण रत्नमानसिंह लैङ्गिक शक्तिकेन्द्रमा रहेको छ भन्ने कुरा माथिको उद्धरणले पुष्टि गर्दछ । रत्नमानसिंह र अनुराधाका बीचमा पनि शक्ति सङ्घर्षको अवस्था देखिन्छ । उपन्यासमा रत्नमानसिंहले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

तिमीलाई थाहा छ, यो घर मेरो हो । यहाँ मेरो हुकुम चल्छ । म जे भन्छु, त्यसै हुन्छ । तिमी मन पर्दो यहाँ गर्न पाउन्नौ । मसँग नसोधी यो ढोकाबाट बाहिर पनि पाइला हाल्न पाउन्नौ । तिमी कसैसँग घुम्न, सिनेमा हेर्न जान पाउन्नौं बुझ्यौ । (मल्ल, २०१८ : १२९)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाले रत्नमानसिंहसँग बदला लिने नियतले रत्नमासिंहको घरमा गएको कुरालाई प्रस्तुत गरिएको छ । रत्नमानसिंहलाई मानसिक पीडा दिनका लागि उसकै भाइ समुन्द्रमानलाई प्रयोग गर्छे । समुन्द्रमानसँग हाँस्ने, जिस्कने, सँगै सिनेमा हेर्न जाने र उससँग प्रेमको नाटक गरेको जस्तो अभिनय गर्छे । यसबाट रत्नमानसिंह साह्रै विचलित भएको देखिन्छ । यस कारण उसले आफ्नो घरमा प्रभुत्व स्थापना गरिरहेझैं आफ्नो शक्तिप्रदर्शन गरिरहेको देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषले महिलामाथि शोषण दमन गरी घरपरिवारभित्र एउटा शासकले जस्तो हुकुम चलाउन खोज्नु नै पुरुष मानसिकताको उपज हो । महिलाको स्वतन्त्र हक अधिकारप्रति ख्यालसमेत गरेको देखिँदैन । पुरुषप्रधान समाजमा अनुराधामाथि रत्नमानसिंहले आफ्नो अधिकार जताउन खोजेको छ । यसरी अनुराधाको आवाजलाई दबाएर राख्न खोजेको छ । पितृसत्तात्मक सामाजिक संरचनामा लैङ्गिक शक्तिकेन्द्रमा पुरुष रहेको छ र महिला शक्तिको परिधिमा रहेको कुरा माथिको उद्धरणले पुष्टि गर्छ ।

*अनुराधा* उपन्यासमा उपस्थित अर्को पुरुष पात्र समुन्द्रमानको भूमिकाको आधारलाई हेर्दा आफ्नो दाजु रत्नमानसिंहसँग झगडा गरेर आफ्नै रूचि र रोजाइको जीवन बाँच्न खोजेको देखिन्छ । उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

समुन्द्रमान त्यस बखतदेखि विराटनगर गएको फर्कंदै फर्केन । केही दिनभित्रमा ऊ नामुद रक्सीवाज भएर निस्केछ । आइमाईहरू ल्याउने, केही दिनभित्र राख्ने, फेरि घोकाइदिने, यस प्रकारको चरित्रले प्रसिद्ध भएको छ । तैपनि आफ्नो सम्पत्तिलाई उसले नोक्सान पुऱ्याएको रहेनछ । मिल कम्पनीहरूमा काम गरिरहेको हुनाले व्यापारी पनि बनिसकेको रहेछ । (मल्ल, २०१८ : १३५)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको वर्चस्व रहेको कुरा प्रस्ट रूपमा देख्न सकिन्छ। समुन्द्रमानले आफ्नो दाजु रत्नमानसिंहसँग झगडा गर्नु र भाउजू अनुराधासँगको अनुचित सम्बन्धलाई पनि समाजले पतित ठहऱ्याएपछि विराटनगरमा गएर प्रभुत्व जमाएर बसेको देखिन्छ। उसले पनि महिलालाई कुनै वस्तुभन्दा फरक केही देख्दैन। उसले यौनको भोक मेटाउनका लागि महिलामाथि शोषण, दमन र अत्याचार गरेको देखिन्छ। उसले पनि दाजु रत्नमानसिंहले जस्तै महिलाप्रति दुर्व्यवहार गरेको देखिन्छ। उसले धन सम्पत्तिको आडमा महिलालाई उपयोग गरी समाजमा शक्तिप्रदर्शन गरेको कुरालाई प्रस्तुत गरिएको छ। पुरुषप्रधान समाजमा पुरुष नै शक्तिकेन्द्रमा रहेको छ भने महिलालाई शोषण दमन गरी शक्तिको परिधिमा पारिएको कुरा माथिको उद्धरणले पुष्टि गर्दछ।

## ४.३.२ महिला र महिलाबीचको शक्तिसम्बन्ध

*अनुराधा* उपन्यासलाई महिला र महिलाबीचको शक्तिसम्बन्धको आधारमा विश्लेषण गर्न सकिन्छ। शक्तिसम्बन्धको अध्ययन गर्दा पितृसत्ताको वर्चस्वले महिला कसरी शक्तिकेन्द्रमा रहेका छन् र महिला नै कसरी शक्तिको परिधिमा रहेका छन् भन्ने कुराको खोजी गरिएको छ। यहाँ अनुराधा र अनुराधाकी आमाबीचको शक्तिसम्बन्धको चर्चा गरिएको छ। *अनुराधा* उपन्यासमा अनुराधाकी आमाले विदेशमा बसेर अध्ययन गरिरहेकी छोरी अनुराधालाई थाहा नै नदिएर षडयन्त्रपूर्वक रत्नमानसिंहसँग स्वयंवरको आयोजना गरिदिन्छे। तत्कालीन नेपाली समाजमा छोरा छोरीको बिहे बाबु आमाको चयनमा गर्ने प्रचलन थियो। उसले अरु छोरीहरूको बिहे पनि आफ्नै निणर्यमा गरिदिएकी छ। उसको पति व्यापारी भएकाले घरको सम्पूर्ण बागडोर नै सम्हालेकी देखिन्छे। तर अनुराधाको जीवनमा उसको इच्छा र स्वीकृति बिना विवाहका नाममा जबरजस्तीसित पितृसत्तात्मक मूल्यमान्यता लाद्न खोजिएको देखिन्छ। उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल प्रस्तुत गरिएको छ :

> मेरी आमासँग घरमा सब जना तर्सन्थेँ, दिदीहरू बोल्न सम्म सक्तैनथेँ। म एउटी थिए, जो विदेशमा पढ्न बसेकी हुनाले, उहाँको कठोर शासनमा परेकी थिइनँ। यसैले उहाँसँग डराउनु तर्सनु पर्ने मलाई कुनै आवश्कता नै परेको थिएन। तर

> मेरी आमा अत्यन्त कठोर रिसाहा, हठी, अभिमानिनी हुनुहुन्छ भन्ने मलाई थाहा थियो । (मल्ल, २०१८ : ८३)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष मात्र शक्तिकेन्द्रमा नभएर महिला पनि शक्तिकेन्द्रमा रहेको कुरालाई प्रस्तुत गरिएको छ। यहा अनुराधाको बाबु घरदेखि बाहिर व्यापार व्यवसाय गर्ने भएकाले उसकी आमाले घरपरिवारको सम्पूर्ण जिम्मेवारी बहन गरेकी छ। उसले आर्थिक सामाजिक निणर्यको भूमिकामा उभिएकी छ। तत्कालीन नेपाली समाजमा छोरा छोरीको बिहे बाबु आमाको चयनमा गरिदिने प्रचलन थियो । उसले अरु छोरीहरूको बिहे पनि त्यसरी नै गरिदिएकी छ । उसले छोरीहरूलाई आफ्नो अधिनमा राख्ने र पितृसत्ताको मूल्यमान्यता लाद्न खोज्ने पुरुष मानसिकता बोकेकी छ। उसले आफ्नो घरमा कठोर शासन या शक्तिप्रदर्शन गरेकी छ। त्यसैले अनुराधाकी आमा लैङ्गिक शक्तिकेन्द्रमा रहेकी छ भने उसकी छोरीहरू शक्तिको परिधिमा रहेको कुरा माथिको उद्धरणले पुष्टि गर्दछ। पितृसत्तात्मक समाजिक संरचनामा पुरुषले मात्र महिलालाई अन्याय अत्याचार गर्छन् भन्ने हुँदैन । महिलाले महिलामाथि पनि अन्याय र अत्याचार गरेको देखिन्छ। उपन्यासमा अनुराधाले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> दोष म त्यही पुरुषमाथि मात्र थोपार्न चाहन्नँ । सब भन्दा बढी दोष मेरै आमाको हो जसले म माथि एक जघन्य अपराध गर्नु भएको थियो । आफ्नै बच्चालाई तुहाएर मारे जत्तिकै भ्रूण-हत्या । अरु यस भन्दा पनि बढी जिउँदै आफ्नै बच्चालााई दूध चुस्दाखेरि घाँटी अँठायार मारेजत्तिकै । तर म मर्न चाँहि मरिनँ । तर यसरी जली जली भस्म हुन लागेको छु । (मल्ल, (२०१८ : ८५)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा रत्नमानसिंह शिक्षित र डाइरेक्टर जस्तो उच्च पद र धन सम्पत्तिका आडमा आफूले मन पराएकी केटीलाई सके मागेर नभए षडयन्त्र गरेर भए पनि हात पार्न उद्यत भएको देखिन्छ। उसले एउटी महिलाको स्वतन्त्र अस्तित्वलाई बुझ्न नसक्नु पनि ठूलो दोष हो। अनुराधाकी आमाले रत्नमानसिंहको धन सम्पत्ति, सरकारी उच्च पद र सामाजिक प्रतिष्ठा मात्र देखेकी छ। त्यसैले अनुराधाकी आमाले अनुराधालाई थाहै नदिएर षडयन्त्रपूर्वक गुह्येश्वरी मन्दिरमा स्वयंवरको कार्यक्रम तय गरेको देखिन्छ। यसरी घर परिवारभित्र अनुराधाकी आमा निणर्य

शक्तिकेन्द्रमा रहेकी छ। तर उसले छोरी अनुराधालाई जबरजस्ती रत्नमानसिंहसँग विवाह गराउन खोजे पनि त्यो विवाह सम्पन्न हुन सकेको अवस्था देखिँदैन। अनुराधाकी आमाले षडायन्त्रपूर्वक तय गरेको विवाहको कार्यक्रममा छोरी अनुराधाले स्वयंबरको माला चुँडाएर फ्याँकी हिँडेकी छ। अनुराधाले आफ्नी आमाको कठोर स्वभाव थाहा पाए पनि विद्रोह गरी शक्ति प्रदर्शन गरेकी छ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> मेरी आमालाई आफ्नो कबुल, आफ्नो बाचा तोडिएकोमा चिन्ता भइरहेको थियो, उहाँ आफ्नो टेकमा अड्ने वाचा त्यस प्रकारको गर्विली नानी हुनु हुन्छ भन्ने मलाई थाहा थियो। तर उहाँले सोच्तै नसोचको मबाट आशै नगरेको विद्रोह पूर्ण घटना घटिसकेको थियो। यसले उहाँलाई छटपटि भइरहेको थियो। यस्तो भएर पनि उनीहरूले फेरि मलाई चिनेन्। अर्को जालमा फसाउने कुप्रयत्न गरे। (मल्ल, २०१८ : ९०)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाकी आमाले आफ्नी छोरी अनुराधाको बिहे रत्नमानसिंहसँग गरिदिन आँटेको देखिन्छ। अनुराधाले बिहेको दिनमा स्वयंवरको माला चुँडाएर हिँडेपछि त्यो विवाह सम्पन्न हुन सकेको छैन। यस कारण अनुराधाकी आमाले समाजमा आफ्नो बेइज्जत भएको महसुस गरेकी छ। अनुराधाले अस्थायी रूपमा विद्रोह गरेकी हो केही समयपछि आत्मसमर्पण गर्छे भन्ने विचारले अनेक षडयन्त्र गरेर भए पनि रत्नमानसिंलाई लोग्ने स्वीकारोस् भन्ने चाहन्छे। उसले आफ्नी छोरी अनुराधालाई पनि आफू जस्तै ठान्नु सामाजिक संस्कारको प्रतिफल हो। उसले अनुराधालाई अर्कै परिवेशमा हुर्केकी, पढेलेखेकी र स्वतन्त्र चाहना राख्ने महिलाको रूपमा देखेकी छैन। यसर्थ शक्तिको केन्द्रमा अनुराधा रहेकी छ भने शक्तिकेन्द्रको परिधिमा अनुराधाकी आमा रहेकी छ। पितृसत्तात्मक सामाजिक संरचनामा महिलाले नबुझेरै पनि पितृसत्ताको संरक्षण गरेको देखिन्छ भन्ने अनुराधाको अभिव्यक्तिलाई तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> आमा र दिदीहरू मेरो विरुद्धमा षडयन्त्र रचिरहेका थिए। उनीहरू मेरो विपक्षमा किन थिए, किन मेरो दूर्दशा हेर्न चाहन्थे, यसको मूलभूत कारण उनीहरूलाई नै पत्तो थिएन होला। (मल्ल, २०१८ : ९१)

प्रस्तुत माथिको उद्धरणमा अनुराधाकी आमा र दिदीहरू पितृसत्तात्मक सामाजिक संरचनालाई संरक्षण गरेको देखिन्छ। उनीहरूले सामाजिक संस्कारको समर्थन गरेर अनुराधालाई इच्छा विपरीतको जीवन बाँच्न बाध्य गराएको देखिन्छ। उनीहरूले धनी र ठूला मान्छेसँग सम्बन्ध गाँसेर समाजमा आफ्नो इज्जत बढेको ठानेका छन् । रत्नमानसिंहले अनुराधाकी आमा र दिदीहरूको मिलेमतोमा षडयन्त्र गरी जसरी भए पनि अनुराधालाई हात पार्न खोजेको देखिन्छ । यसमा अनुराधाकी आमा र दिदीहरूले सघाएको देखिन्छ । तत्कालीन नेपाली समाजमा महिलाका स्वतन्त्र हक अधिकारप्रति कुनै सचेतना देखिदैन । अनुराधाकी आमा र दिदीहरूले शिक्षित अनुराधाप्रति रूढि परम्पराको मूल्यमान्यता लाद्न खोजिएको देखिन्छ। अनुराधाकी आमाले ुरछोरी अनुराधाको बिहे स्वनिणर्यमा गराउन सकेकी छैन । त्यसैले अनुराधाकी आमाले अनुराधालाई जन्माएकोमा खेद प्रकट गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> ए त्यो मीम साहेबलाई बोलान, घिच्न आ भन्न । के त्यसको होटल हो, मीम साहेब सुकुला । त्यस्तालाई मीमनी बनाउन पठाएको कुन साइतमा मैले पाइछु । अब त्यसको निम्ति म जेल गइरहँला, मीमनी नै जाओस्न मीमनी । यो बाहेक मैले केही सुनिनँ । (मल्ल, २०१८ : ९७)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा अनुराधाकी आमाले अनुराधाको अस्तित्व चेतनालाई बोध गर्न सकेकी छैन । उसले केवल छोरी भएर जन्मेका कारण उसको मुख्य दोष ठानेकी छ। उसले अनुराधालाई कुनै जानकारी नदिएर रत्नमानसँग षडयरन्त्रपूर्वक बिहे गरिदिन लागेकी छ । त्यस समयमा अनुराधाले स्वयंवरको माला चुँडाएर विवाह असफल पारेका कारण आफ्नै आमाबाट दुर्वचन सुन्नु परेको देखिन्छ । यसरी अनुराधाले आफ्नी आमा र दिदीहरूबाट जीवनमा अनेक सास्ती बेहोर्नु परेको देखिन्छ। तर उसले जस्तोसुकै परिस्थितिमा पनि हार मानेकी छैन। उसको सहोदर दिदीहरूले समेत उसको मर्मलाई बुझ्न नखोजेको वा नचाहेको स्थिति देखिन्छ। उसकी आमाले उसको जन्मलाई धिकार्दै ‘कुन साइतमा मैले पाइछु’ भन्नुले पनि अनुराधाले घरभित्र आमाको कडा शासन तोडेर आफूले स्वनिणर्य गरेको देखिन्छ। अनुराधाले रत्नमानसिंहलाई पति नस्वीकारेका कारण अनुराधाकी आमाले हार स्वीकार गरेको देखिन्छ। यसर्थ पनि

अनुराधा शक्तिकेन्द्रमा रहेकी छ भने अनुराधाकी आमा र दिदीहरू शक्तिकेन्द्रको परिधिमा रहेका छन् ।

## ४.४. *कुमारी शोभा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

*कुमारी शोभा* उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाले तत्कालीन नेपाली समाजमा पितृसत्तामा पुरुषको वर्चस्व रहेको पाइन्छ। उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाका आधारमा शक्तिसम्बन्धको अध्ययन गरिन्छ। उपन्यासमा को कसरी शक्तिकेन्द्रमा रहेको छ र को कसरी शक्तिकेन्द्रको परिधिमा रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ। लैङ्गिक शक्तिसम्बन्धलाई हेर्दा यहाँ महिला र पुरुष र महिला र महिला बीचको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ।

### ४.४.१ महिला र पुरुषबीचको शक्तिसम्बन्ध

पितृसत्तात्मक सामाजिक संरचनामा महिला र पुरुष बीचको सामाजिक सम्बन्ध स्थापित भएको हुन्छ। उपन्यासमा पात्रहरूको भूमिकाको आधारलाई लिएर शक्तिसम्बन्धको अध्ययन गरिन्छ। शक्तिसम्बन्धमा महिला र पुरुषबीचमा को कसरी शक्तिको केन्द्रमा रहेको छ र को कसरी शक्ति केन्द्रको परिधिमा रहेको छ भन्ने कुराको अध्ययन लैङ्गिक शक्तिसम्बन्धले गर्दछ। *कुमारी शोभा* उपन्यासमा महिला र पुरुषबीचको शक्तिसम्बन्धको अध्ययन गर्ने क्रममा बाबुकाजी र शोभा, उपेन्द्र र शोभा, शारदा र माइला नोकर, भट्टिवाली माहिली र उसको लोग्ने गणेश र शारदा र उसको लोग्नेबीचको शक्तिसम्बन्धको अध्ययन गरिएको छ। पितृसत्ताको वर्चस्वले समाजमा पुरुष नै शक्तिकेन्द्रमा रहेको देखिन्छ। यहाँ बाबुकाजी पेसाले ड्राइभर भए पनि समाजमा प्रभुत्व प्रदर्शन गरेको देखिन्छ। उपन्यासमा उसले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> हेर मैले भनिसकेपछि काइकुइ गर्न पाइदैन। म त मापाको बदमास पो छु। घरको ढोकै थुनेर तिमीहरूलाई यहाँबाट निस्कनै दिन्नँ। अब ढोकै थुनेपछि कसरी निस्कन सक्छौं। (मल्ल, २०३९ : २८)

प्रस्तुत माथिको उद्धरणमा कुमारी देवी अर्थात् द्योमैजु भएकी शोभा र उषालाई शोभाकी फुपु राजमतीको घरमा जात्रा हेर्न गएको बेलामा बाबुकाजीले जबरजस्ती राख्न

खोजको देखिन्छ । उसले शोभाको यौवन र सौन्दर्य मात्र देखेको छ । उसले महिलालाई कुनै वस्तु भन्दा फरक देख्दैन । आफुले मन पराएको चिज जसरी भए पनि प्राप्त गर्न खोजेको देखिन्छ । उसले उषा र शोभालाई जबरजस्ती हातपात गर्न खोज्नु नै शक्तिप्रदर्शन गर्नु हो । समाजमा बाबुकाजीको भूमिकाले महिलालाई डर धम्की देखाएर महिलाको इज्जतमाथि खेलवाड गरेको देखिन्छ । उसले गरेको दुर्व्यवारप्रति उषा र शोभाले कुनै पनि प्रतिरोध गरेका छैनन् । यसरी पुरुषप्रधान समाजमा महिलामाथि दमन शोषण गरेर महिलालाई कमजोर बनाएको पाइन्छ । त्यसैले यहाँ शक्तिकेन्द्रमा बाबुकाजी रहेको छ भने शक्तिको परिधिमा शोभा र उषा रहेका.छन् भन्ने कुरा माथिको उद्धरणले पुष्टि गर्दछ । पितृसत्ताको वर्चस्वले समाजमा महिलाको भूमिकाका आधारमा मूल्याङ्कन गरी महिलालाई कमजोर वा शक्तिहीन बनाएको देखिन्छ । उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> शोभा भन्छिन्- मलाई तपाईलाई जस्तो विश्वास भइदिए कस्तो हाइसञ्चो हुन्थ्यो ! किन हुन्न, म यो केही बुझ्न सक्तिन । किन मानिसहरू त्यसो भन्छन्- पहिलो पोइ टोक्छे भनेर । (मल्ल, २०३९ : ६७)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा रूढि परम्परा र धार्मिक अन्धविश्वासले प्रश्रय पाएको देखिन्छ । प्राचिन कालदेखि नै नेवार समुदायकी बालिकालाई कुमारी देवीको रूपमा स्थापना गरेर पूजा गर्ने परम्परा रही आएको छ । निश्चित समयसम्म उनीहरू कुमारी देवीको स्थानमा स्थापित हुन्छन् । त्यसपछि फेरि आफ्नै घरपरिवारमा फर्काइन्छन् । प्राचीन कालदेखि नै 'कुमारीले विवाह गर्नु हुँदैन, गरेमा उसको पहिलो पति मर्छ' भन्ने धार्मिक अन्धविश्वास रहेको छ । शोभाले उपेन्द्रसँग प्रेम गर्छे र उसलाई प्राप्त गर्न चाहन्छे । पुरुषप्रधान समाजमा माहिलाको इच्छाशक्तिलाई दमन गरी धार्मिक अन्धविश्वासले प्रश्रय पाएको देखिन्छ । शोभाले आफ्नो प्रेमी उपेन्द्रसँग बिहे गर्न चाहे पनि पहिलो पोइ टोक्छे भन्ने कुराले आफूलाई कमजोर ठानेकी छ । तर उपेन्द्रले धार्मिक अन्धविश्वासलाई तोडेर शोभालाई बिहे गर्न चाहन्छ । पितृसत्ताको वर्चस्वले समाजमा शोभाको इच्छाशक्तिलाई दमन गरेर शक्तिकेन्द्रमा पुरुष रहेको छ भने महिला शक्तिको परिधिमा रहेको देखिन्छ । पितृसत्ताको वर्चस्वले महिला पनि पुरुष मानसिकता

बोकेका हुन्छन् । उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> उनी घरभरि हाहाकार मच्चाउँछिन्, सब जनालाई यो सम्बन्ध रोक्न कटिबद्ध गराउँछिन्, रिसाउँछिन् उपेन्द्रको बाबुलाई हर कोशिश गर्न उचाल्छिन्, र उपेन्द्रलाई त्यस द्योमैजु शोभाबाट छुटाउन आकाश पाताल एक गर्छिन् । कहाँ चुप लागेर बस्छिन् उनी । हेरुँ, कसरी बिहे गर्दो रहेछ । (मल्ल, २०३८ : १३८)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरूले पनि पितृसत्तालाई पोषित गर्ने पुरुष मानसिकतामा उपेन्द्रकी आमा शारदाले सङ्केत गरेकी छ । कुमारी शोभा अर्थात् द्योमैजुसँग आफ्नो छोरा उपेन्द्रको विवाह गराउन चाहेकी छैन । शारदले कुमारी देवी भएका महिलाले बिहे गरे भने उसको पहिलो पति मर्छ भन्ने जुन भ्रमले उपेन्द्र र शोभाबीचको हार्दिक प्रेम सम्बन्ध छुटाउन हर कोसिस गरेकी छ । उसले घरपरिवारमा आफ्नो प्रभुत्व प्रदर्शन गरेकी छ । शारदाले आफ्नो लोग्नेलाई छोरा उपेन्द्र र शोभाको बिहे रोक्नका लागि दबाव दिएकी छ र उसले आफ्नो स्वीकृति बिना उपेन्द्रले कसरी बिहे गर्दो रहेछ शोभासँग भन्दै चुनौती दिएकी छ । शारदाले घरपरिवारभित्र आफ्नो शासन चलाएकी छ । उसको पतिले कुनै पनि कुराको निणर्यमा आवाज समेत उठाएको देखिँदैन । उसले घरपरिवार आफ्नो निणर्यमा चल्नु पर्छ भन्ने मान्यता राखेकी छ । त्यसैले पितृसत्ता संरक्षण गर्न महिला नै अग्रसर भएको देखिन्छ । यसर्थ शक्तिकेन्द्रमा शारदा रहेकी छ भने शक्तिकेन्द्रको परिधिमा शारदाको पति रहेको देखिन्छ । शारदाले घरभरि खैलाबैला मच्चाउदै माइलाचा नोकरलाई देख्ने बित्तिकै हप्काउदै प्रभुत्व वा शक्ति प्रदर्शन गरेकी छ । शारदाले नोकर माइलाचालाई भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> त्यसरी ठाँटिएर तँ कहाँ निस्कन लागेको हँ ? तँलाई अघि नै भनेको हैन मैले, भान्छामा चाहिने सामानहरू किनेर ले भनेर खै ल्याएको मसला, खै दूध र चिनी ? खै कहाँ सवारी भो उपेन्द्रकाजी थाहा छ तँलाई । (मल्ल, २०३९, पृ. १३८)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पनि निणर्य शक्तिको स्थानमा पुरुष रहने भए तापनि यहाँ उपेन्द्रकी आमा शारदा निणार्यक शक्तिकेन्द्रमा रहेकी छ । उसले आफ्नो छोरा उपेन्द्र र शोभाबीचको प्रेम सम्बन्धलाई राम्रो मानेकी छैन । उसले कुमारी देवी

भइसकेकी शोभासँग छोरा उपेन्द्रको बिहे भएको खण्डमा छोराको मृत्यु हुन्छ भन्ने भयले मानसिक तनावमा देखिन्छे। उसले आफ्नो घरमा काम गरेर जीविकोपार्जन नोकर माइलाचामाथि छोरा उपेन्द्रको रिस खन्याउँछे। शारदाले आफू घरकी मूली मान्छे हुँ भन्ने देखाएकी छ। उसको लोग्नेले छोरा उपेन्द्र शोभासँग बिहे गरोस् या नगरोस् कुनै चासो समेत देखाएको देखिँदैन। यसर्थ लैङ्गिक शक्तिका केन्द्रमा महिला रहेकी छ भने शक्तिको परिधिमा पुरुष रहेको छ। पितृसत्तात्मक सामाजिक संरचनामा महिलाले पनि घरपरिवारमा शक्ति नियन्त्रण गरेको देखिन्छ उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> त्यो रोग्याहा माहिलीको पोइ गणेश ! के के इच्छा हुदो हो कुन्नि आफ्नी साली जुलुममाथि कहिलेकाही हातपात जुलुम गर्न खोज्दो रहेछ, अनि त्यो स्वास्नी माहिलीको हप्काई खाएपछि केही दिनलाई चूपचाप लागेर शान्त हुदोरहेछ। (मल्ल, २०३९, पृ. १५३)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहेको पाइन्छ। घर परिवारभित्र घरमूलीको स्थानमा पुरुष हुने गरे तापनि यहाँ माहिलीको लोग्ने गणेश रोगी भएका कारण स्वास्नीको कमाइमा जीविकोपार्जन गरेको देखिन्छ। गणेशले आफ्नी स्वास्नी माइलीको कमाइ र खतनमा बस्नु परेको अवस्थालाई प्रस्तुत गरिएको छ। यसर्थ पुरुषप्रधान समाजमा गणेश शारीरिक अशक्त भई स्वास्नीको कमाइमा बाँच्नु परेकोले कमजोर वा शक्तिहीन देखिन्छ। गणेशकी स्वास्नी माइलीले परिवारको जिम्मेवारी बहन गर्नुका साथै आर्थिक र पारिवारिक निणर्य भूमिकामा उपस्थित भएकी छ।

लैङ्गिक शक्तिकेन्द्रमा माइली अर्थात् महिला रहेकी छ भने उसको लोग्ने गणेश रोगी भएर माइलीको कमाईमा बाँच्न विवश भएकाले शक्तिकेन्द्रको परिधिमा पुरुष रहेको छ। माइलीको लोग्ने गणेशले केही काम गर्न सक्दैन। माहिलीकै परिश्रममा बाँच्नु परेको अवस्था छ। त्यही पनि उसले पुरुषोत्व देखाउन खोजेको देखिन्छ। गणेशले आफ्नी साली जुलुमलाई अनैतिक सम्बन्ध राख्न हातपात गर्न खोज्छ। माहिलीले लोग्नेको व्यवहारदेखि हार नमानी हप्काइ दब्काइ राखेकी छ। पुरुषप्रधान समाजमा पनि माहिली लैङ्गिक शक्तिकेन्द्रमा रहेकी छ। पितृसत्तावादी मानसिकताको कारण माहिलीको पोइ गणेश चरित्रहीन र अशक्त भएकाले पनि शक्तिकेन्द्रको परिधिमा रहेको छ।

पितृसत्तात्मक सामाजिक संरचना सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक क्षेत्रमा प्रायः पुरुष नै शक्तिकेन्द्रमा रहेको देखिन्छन् । पुरुषप्रधान समाजमा पुरुषले नारीलाई कमजोर र भोग्या वस्तुको रुपमा हेरेको देखिन्छ। उपन्यासमा शोभाले व्यक्त कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> यस्तै हुन्छ कैयन् आइमाइहरूलाई खेलाएर बसेका यिनीहरूले हामीहरूलाई उस्तै ठान्छन् । यिनीहरूका निमित्त हामी खेलिने वस्तुहरू मात्र हौं, जे भने पनि हुने, जे गरे पनि हुने असभ्य । (मल्ल, २०३९, पृ. ३१)

प्रस्तुत माथिको उद्धरणमा पुरुषप्रधान समाजमा पुरुष नै शक्तिको केन्द्रमा रहेको देखिन्छ । बाबुकाजीले आफ्नी काकी राजमतीको घरमा शोभा र उषालाई जबरजस्ती राख्न खोजेको छ । उसले उषा र शोभालाई खाना खुवाएर पठाउनका लागि जिद्दी गर्छ । उसले शोभालाई मन पराएको बाहना गरी मन जित्न खोजेको देखिन्छ। समाजमा पुरुषले महिलालाई खेलौना, भोग्या, कमजोर र उपभोग्य वस्तु सरह प्रयोग गरेको देखिन्छ। बाबुकाजीले शोभा र उषाको यौवन र सौन्दर्य मात्र देखेको छ। उसले नारीको इज्जतको कदर गर्न सकेको छैन भने शोभा र उषाले बाबुकाजीले गरेको दुर्व्यवहारप्रति कुनै प्रतिरोध गर्न सकेका छैनन् । यसर्थ शक्तिको केन्द्रमा पुरुष रहेको छ भने शक्तिको परिधिमा महिला रहेको छ ।

*कुमारी शोभा* उपन्यासमा उपस्थित पात्रहरूको भूमिकामा धनमाया र मोतीबीच आमा र छोराको सम्बन्ध स्थापित भएको छ । धनमायाले आफ्नो लोग्ने मृत्युपछि परिवारको सम्पूर्ण जिम्मेवारी बहन गर्नु परेको देखिन्छ। उसलाई सधै छोरी शोभाको विहे गरिदिने चिन्ताले सताएको छ। उसको आम्दानीको कुनै पनि स्रोत नभएकाले साना साना छोरा छोरी हुर्काउन ठूलै सास्ती खेप्नु परेको देखिन्छ। धनमायाले छोरा मोतीको कमाइमा जिवीकोपार्जन गरेको देखिन्छ। उपन्यासमा समाख्याताले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> आफ्नो लोग्ने मरेदेखिन् उनकै थाप्लोमा त आइपरेको छ घरको सबै थोक । साना साना केटाकेटीहरूलाई हुर्काउँदा पनि कम दुःख पाएकी छैन । अब मोती ठूलो भयो, कमाउन पनि थाल्यो । मूर्तिहरू बनाउँछ र त्यसको व्यापार पनि गर्छ,

> रूपैयाँ पैसाको अब तकलीफ छैन, कसैसँग सरसापट लिइरहन पर्दैन । (मल्ल, २०३९ : ७०)

प्रस्तुत माथिको उद्धरणमा धनमायाको लोग्नेले आर्थिक र पारिवारिक निणर्य भूमिका निभाएको बुझिन्छ । परिवारमा आर्थिक र निणार्यक भूमिकामा घरमूली लोग्ने मान्छे हुन्छ । जब धनमायाको पतिको मृत्युपछि उसलाई छोराछारी हुर्काउन लागि आयस्रोत नभएकाले अरूसँग पैसा सरसापट गर्नु परेकाले पनि आर्थिक अवस्था कमजोर देखिन्छ । धनमायाको छोरा मोती ठूलो भएर मूर्तिहरू बनाउँने र बिक्री गर्ने काम गरिरहेको कुरालाई देखाइएको छ । पितृसत्ताको वर्चस्वका कारण पनि समाजमा पारिवारिक आर्थिक र निणार्यक भूमिकामा पुरुष रहेको देखिन्छ । यसर्थ लैङ्गिक शक्तिकेन्द्रमा छोरा मोती रहेको छ भने मोतीकी आमा धनमायाको आयस्रोत नभएकोले आर्थिक रूपमा छोराको कमाईमा आश्रय लिएको देखिन्छ र शक्तिकेन्द्रको परिधिमा धनमाया रहेकी छ ।

## ४.४.२ महिला र महिलाबीचको शक्तिसम्बन्ध

कुमारी शोभा उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाका आधारमा महिला र महिलाबीचको शक्तिसम्बन्धको विश्लेषण गर्न सकिन्छ । लैङ्गिक शक्तिसम्बन्धको अध्ययन गर्दा उपन्यासमा उपस्थित नारी पात्रहरूको भूमिकाका आधारमा को कसरी शक्तिकेन्द्रमा रहेको छ र को कसरी शक्तिकेन्द्रको परिधिमा रहेको छ भन्ने कुराको चर्चा गरिएको छ । यहाँ कुमारी घरकी अजी र शोभा, शोभा र मिस्रीबीचको शक्तिसम्बन्ध अध्ययन विश्लेषण गरिएको छ । *कुमारी शोभा* उपन्यासमा कुमारी घरकी अजी र शोभा बीचको शक्तिसम्बन्ध स्थापित भएको छ । कुमारी घरमा कुमारीको हेरचाह गर्ने अजीले कैयन् वर्षदेखि कुमारी देवी अर्थात् द्यौमजु हुने बच्चीहरूलाई हुर्काएर उनीहरूकै सिंगार-पटार गरेर, पूजा गराएर सेवा गर्दै आएकी छ । कुमारी देवी हुने बालिकाले उसको आज्ञा पालना नगरेमा गाली गर्ने गरेको देखिन्छ । उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> गहना उनैले झिकिदिन्थिन्, लुगा उनैले फेरिदिन्थिन्, यताउति गरे भने उनैले हप्काउँछिन्, नुहाई-धुवाई उनैले गराउँथिन्, सिंहासनमा कसरी बस्नु पर्छ, पूजा गरिदा कुन तरहले हातखुट्टा राख्नु पर्छ आदि हरतरहका व्यवहारहरू उनैले सिकाउँथिन । (मल्ल, २०३९ : ४)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक सामाजिक संरचनामा प्राचीन कालदेखि नै काठमाडौँमा नेवार समुदायकी बालिकालाई कुमारी देवीको स्थानमा स्थापित गरेर पूजा आजा गर्ने परम्परा रही आएको छ। कुमारी देवीको हेरचाह गर्नका लागि कुमारी घरमा एउटी अजी (बजै) रहेकी छ। उसले धेरै वर्षदेखि कुमारी देवी हुने बालिकाहरूलाई कुमारी घरको नियममा बस्नु पर्ने बाध्य पारेकी छ। कुमारी घरकी अजीले शोभामाथि कुमारी घरको नियम लादेकी छ। कतै अन्जानमा गल्ती भए पनि गाली गर्ने, हप्काउने गर्छे। अजीले कुमारी घरमा प्रभुत्व जमाएर बसेकी छ। यस कारण पनि अजी (बजै) नै शक्तिकेन्द्रमा रहेकी छ भने कुमारी घरमा शोभाले अजीको आज्ञापालन गरी अन्याय र अत्याचार सहेर बस्न विवश देखिन्छे। यसर्थ शक्तिकेन्द्रको परिधिमा शोभा रहेको कुरा माथिको उद्धरणले पुष्टि गर्छ। कुमारी घरकी अजीले कुमारी शोभामाथि आफ्नो नियम लादेकी छ । यस उपन्यासमा समाख्याताले व्यक्त गरका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> बाहिरका केटाकेटीहरूसँग चोकमा गएर खेल्न निषेध थियो। पवित्रता र शुद्धताको अत्यन्त ख्याल राखिन्थ्यो, जे पायो उही खानदेखिन् लिएर पर्व-पर्वमा निराहार बस्नु पनि विवश हुनु पर्थ्यो। भोग लागे पनि असमयमा जे पायो उही खान मनाही थियो। अजी रिसाएपछि कसैलाइ बाँकी राख्तिनथिन्। (मल्ल, २०३९ : ४)

प्रस्तुत माथिको उद्धरणमा तत्कालीन नेपाली समाज रूढि, परम्परा र धार्मिक संस्कारमा पनि पितृसत्ताको वर्चस्व रहेको छ। महिला भएर महिलामाथि अन्याय र अत्याचार गर्नुले पनि पितृसत्तालाई संरक्षण गरेको देखिन्छ। अजी (बजै)ले कुमारी घरभित्र प्रभुत्व कायम गरेकी छ। उसले शोभामाथि दमन शोषण गरी नैसर्गिक हक अधिकार र स्वतन्त्रताप्रति प्रतिबन्ध लगाएकी छ। शोभाले आफ्ना साथीहरूसँग खेल्न नपाउँनु, भोक लागेका बेलामा जे पायो त्यही खान नपाउँनु र पर्व-पर्वमा निराहार बस्न बाध्य भई मानसिक यातना सहेर बसेकी छ। यसर्थ शक्तिकेन्द्रमा अजी र शक्तिको परिधिमा शोभा रहेको कुरा माथिको तथ्यले पुष्टि गर्दछ। शोभाले गल्ती गरेमा अजीको दुर्वचन सहनु परेको कुरालाई समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> अजी नै उनको आमा जस्तो लागेकी थिइन् उनैसँग उनी डराउँथिन्, उनको सानो कुरा पनि आज्ञा थियो। त्यो पालन नगर्दा उनको दुर्वचनको शिकार हुनु पर्थ्यो। (मल्ल, २०३९ : ५)

प्रस्तुत माथिको उद्धरणमा कुमारी घरमा अजीको प्रभुत्व रहेको देखिन्छ। पितृसत्तात्मक सामाजिक संरचनामा शोभालाई सानै उमेरमा बुबा आमाबाट छुटाएर कुमारी घरमा कुमारी देवीको स्थानमा स्थिापित गरिएको छ। शोभाले अजीलाई नै उसको आमा ठानेकी छ। आफ्नो आमाको जस्तो स्नेह माया पाउँन भने सकेकी छैन। कुमारी घरमा अजीले जे काम लगाउँछिन् त्यो काम शोभाले गरेको देखिन्छ। शोभाले अजीको आज्ञापालन नगर्दा मानसिक हिंसामा परेको देखिन्छ। कुमारी घरभित्र अजीकै प्रभुत्व रहेको पाइन्छ। यसर्थ अजी शक्तिकेन्द्रमा रहेको र शक्तिको परिधिमा शोभा रहेको माथिको तथ्यले पुष्टि गर्दछ।

## ४.५ *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

*श्रीमती शारदा* उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाले तत्कालीन नेपाली समाजमा पितृसत्ताको वर्चस्व रहेको प्रस्ट देख्न सकिन्छ। उपन्यासमा उपस्थित पात्रको भूमिकाको आधारमा शक्तिसम्बन्धको अध्ययन विश्लेषण गरिएको छ। यस उपन्यासमा को कसरी शक्तिको केन्द्रमा रहेको छ र को कसरी शक्तिको परिधिमा रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ। शक्तिसम्बन्धलाई हेर्दा यहाँ महिला र पुरुष र महिला र महिलाबीचको शक्तिसम्बन्धको चर्चा गरिएको छ।

### ४.५.१ महिला र पुरुषबीचको शक्तिसम्बन्ध

*श्रीमती शारदा* उपन्यासमा तत्कालीन नेपाली समाजभित्र पुरुष र महिला पात्रहरूको भूमिकाका आधारमा को कसरी शक्तिको केन्द्रमा रहेको छ र को कसरी शक्तिको परिधिमा रहेको छ भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ। समाजमा महिला र पुरुषबीचको सामाजिक सम्बन्ध स्थापित गरिएको हुन्छ। *श्रीमती शारदा* उपन्यासमा उपस्थित महिला र पुरुष पात्रहरूको भूमिकाका आधारमा अध्ययन विश्लेषण गर्ने क्रममा केशरबहादुर र शारदा र हर्षमान र सुभद्राबीचको शक्तिसम्बन्धको चर्चा गरिएको छ।

*श्रीमती शारदा* उपन्यासमा उपस्थित पात्रहरू पति र पत्नीको भूमिकामा केशरबहादुर र शारदा रहेका छन्। प्रदीप्तमानले आफ्नो साथी केशरबहादुरसँग झगडा गर्छ। उसले केशरबहादुरसँग सिधै बदला लिन नसकेर भट्टीपसलमा रक्सी पिएर केशरबहादुरको घरमा पुग्छ। उसले केशरबहादुरसँग कुनै प्रतिवाद नगरेर कुनै कसुर नगरेकी

उसकी पत्नी शारदालाई सडकमा घिसार्दै अपहरण शैलीमा लगेर एउटा कोठामा थुनेर राख्छ । उसले जबरजस्ती हातपात गर्दा शारदाले हारगुहार गरी चिच्याउन कराउन सकेकी छैन । उपन्यासमा समाख्याताले भनेका कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> उनी सडकमा घिसारिदै आउँदा किन कराउन सकिनन् ? किन कसैसँग हारगुहार गर्न सकिनन् ? किन सडकमा घोप्टिएर मर्न सकिनन् ? कुन डर र त्रासले उनलाई अठ्याएर गुहार माग्न रोक्यो । उनले आफ्नो लोग्नेलाई मद्दतको निमित्त किन पुकार्न सकिनन् । उनको लोग्ने केशरबहादुर त्यस बखत निदाइसक्नु भएको थिएन । उनले कराएर बोलाएको भए जरुर नै तल ओर्लन सक्नुहुन्थ्यो । किन कराउन सकिनन् उनी । (मल्ल, २०५६ : २४)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्तात्मक समाजमा महिलाको अस्मिता र पहिचानमाथि हुने र हुँदै आएको दमन शोषण प्रस्ट रूपमा देख्न सकिन्छ । प्रदीप्तमानले केशरबहादुरसँग बदला लिन नसकेर उसकी पत्नी शारदामाथि जघन्य अपराध गरेको देखिन्छ । शारदाले आफूमाथि प्रदीप्तमानले गरेको शारीरिक तथा मानसिक हिंसाप्रति कुनै प्रतिकार गर्न सकेकी छैन । उसले आफ्नो पति केशरबहादुरको सामाजिक प्रतिष्ठालाई कायम राख्न सङ्घर्षरत देखिन्छे । उसको पति केशरबहादुरले घरबाट श्रीमती हराउँदा पनि खोजी नै नगरी चुपचाप बसेको देखिन्छ । पुरुषप्रधान समाजमा महिलाले परिवारको इज्जतका लागि मानसिक तथा शारीरिक यातना सहेर बस्नु परेको तितो यथार्थलाई प्रस्तुत गरिएको छ । शारदाले आफ्नो पतिसँग हारगुहार पनि माग्न सकेकी छैन भने केशरबहादुरले घरबाटै श्रीमती हराउँदा समेत खोजी नै नगरी बस्नुले पनि तत्कालीन नेपाली समाजमा पुरुषको ज्यादती रहेको देखिन्छ । यसकारण समाजमा महिलालाई पशुतल्य व्यवहार गरेको पाइन्छ । यहाँ केशरबहादुर शक्तिको केन्द्रमा रहेको छ भने शारदा शक्तिको परिधिमा रहेकी छ ।

यस उपन्यासमा पति र पत्नीको भूमिकामा उपस्थित पात्रहरू हर्षमान र सुभद्रा रहेका छन् । हर्षमान राणा सरकारको व्यवस्थामा सुब्बाको जागिरे देखिन्छ । उसले आफ्नी पत्नी सुभद्रासँग छोरा प्रदीप्तमानले आफ्नै साथीकी स्वास्नी भगाएर ल्याएको कुरा थाहा पाउँछ । त्यसपछि उसले पहिले नै थाहा पाएको भए शारदालाई बुहारी अस्वीकार गर्ने कुरा देखिन्छ । हर्षमानले व्यक्त गरेका कुरा तल उद्धरणमा प्रस्तुतमा गरिएको छ :

> त्यसले अर्का कुनै स्वास्नी पाएनछ ? अर्काकी स्वास्नीलाई भगाएर विवाह गरेर ल्याउनु पर्ने ? यो कुरा पहिले नै थाहा पाएको भए मैले बुहारी भनेर स्वीकारै गर्ने थिइनँ। अब तिमीहरूले घरभित्र हुलिसक्यौ। मैले बुहारी भनिसकेँ। अब नस्वीकार्ने कुरा आउँदैन। तैपनि एक्लो छोरालाई नयाँ बुहारी विवाह गराउन नसक्ने भनी जोरीपारीको सामुन्ने मेरो सुब्बाङ्गीको बेइज्जती भएन । (मल्ल २०५६ : ४३)

प्रस्तुत माथिको उद्धरणमा हर्षमानले आफ्नो छोराले साथीको स्वास्नी भगाएर विवाह गरेको कुरा थाहा पाउँछ। उसले सुभद्रालाई छोरा प्रदीप्तमानको गल्ती लुकाएको भन्ने आरोप लगाउँछ। उसले पहिले नै यी सबै कुरा थाहा पाएको भए शारदालाई बुहारी स्वीकार नगर्ने अभिव्यक्ति दिएको छ। उसकी पत्नी सुभद्राले घरमा बुहारी भित्त्याइ सकेपछि बुहारी भनेर स्वीकारेको देखिन्छ। उसले समाजमा आफ्नो एक्लो छोराको विवाह गराउन नसक्ने भनेर आफ्नो बेइज्जत भएको महसुस गरेको छ। पुरुषप्रधान समाजमा पितृसत्ताको वर्चस्व रहे पनि महिलाले थाहै नपाएर पनि निणर्य भूमिका निभाएका हुन्छन्। यहाँ सुभद्राले छोरा प्रदीप्तमानले स्वास्नी भगाएर ल्याएको कुरा आफ्नो लोग्ने हर्षमानलाई थाहै नदिई घर भित्त्याएकी छ। यसर्थ घरपरिवारको निणर्य शक्तिको केन्द्रमा सुभद्रा रहेकी छ भने घरमा बुहारी भित्त्याइ सकेपछि मात्र अर्काकी स्वास्नी भन्ने थाहा पाएर आफ्नो बेइज्जती भएको महशुस गर्ने हर्पमान शक्तिको परिधिमा रहेको छ। हर्षमानले आफ्नो छोरा प्रदीप्तमानलाई जरसाहेबलाई बिन्ति गरेर भए पनि जागीर खुवाउने कुरा गर्छ। उसले छोरालाई आफैले सम्झाउन पनि नसकेर सुभद्रालाई सम्झाउन लगाउँछ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> बुहारीलाई सिका तँ आफैँले। प्रदीप्तको टुपी समाएर तह लगा भनेर। त्यसलाई नचाहिँदो राजनीतिमा लाग्न दिनुहुँदैन। अचेल त छोराको साथसाथै बाउको समेत पजनी हुन बेर छैन। (मल्ल, २०५६ : ४३)

प्रस्तुत माथिको उद्धरणमा हर्षमान राणा शासन कालमा सुब्बाको जागिरे भए पनि घरमा आफ्नो छोरा प्रदीप्तमानलाई राणा सरकारको विरुद्ध राजनीतिमा नलाग्नु भनेर सम्झाउँन समेत सक्तैन। उसले छोरा प्रदीप्तमान राणा सरकारको विरुद्धमा लाग्यो भने जागिर खोसिने डरले सुभद्रालाई सम्झाउन लगाउँछ। पुरुषप्रधान समाजमा पितृसत्ताको

वर्चस्व रहे पनि हर्षमानले सम्पूर्ण जिम्मेवारी आफ्नी श्रीमतीलाई सुम्पेको देखिन्छ। उसले घरपरिवार भित्रको काममा सुभद्राको निणर्यमा चल्नु पर्छ भन्नुले निणर्य भूमिकामा कमजोर देखिन्छ। यसर्थ शक्तिको केन्द्रमा सुभद्रा रहेकी छ भने हर्षमान शक्तिको परिधिमा रहेको छ। पितृसत्ताको वर्चस्वले समाजमा पुरुषको हावी रहेको देखिन्छ।

यस उपन्यासमा स्कुलका अधिकांश मास्टरहरू प्रदीप्तमानको पक्षमा रहेका देखिन्छन्। तर केशरबहादुरले मास्टरहरूको बीच फुट ल्याएर आफ्नो नेतृत्व कायम गर्ने चेष्टाले स्कुलकी शिक्षिका प्रतिमा श्रेष्ठ र प्रदीप्तमानको अनुचित सम्बन्ध रहेको भन्ने आरोप लगाउँछ जुन कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> यस दिन दिउँसो स्कूलको मिटिङमा केशरबहादुरले उसलाई प्रतिमा श्रेष्ठसँग अनुचित सम्बन्ध राखी स्कूलको प्रतिष्ठामा धक्का पुऱ्याएको आरोप लगाउँदै स्कूलले निष्काशनको कारवाही गर्नुपर्छ भन्ने प्रस्ताव पारित गर्न कोशिश गरेको थियो। (मल्ल, २०५६ : २२)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्ताको वर्चस्व रहेको कुरा प्रस्ट देख्न सकिन्छ। केशरबहादुर राणा सरकारको पक्षमा रहेको देखिन्छ। उसले स्कुलका मास्टरहरू आफ्नो पक्षमा भन्दा प्रदीप्तमानको पक्षमा धेरै शिक्षकहरू रहेको देख्छ। केशरबहादुरले मास्टरहरूका बीचमा फुट ल्याएर आफूले नेतृत्व गर्नका लागि प्रदीप्तमानलाई एक्लो पार्न खोजेको देखिन्छ। तर स्कुलकी शिक्षिका प्रतिमा श्रेष्ठलाई प्रदीप्तमानसँगको अनुचित सम्बन्ध छ भनेर महिलाको इज्जतमा धक्का लगाउँने कुचेष्टा गरेको देखिन्छ। केशरबहादुरले यस्तो आरोप लगाएपछि प्रतिमा श्रेष्ठले इनारमा हामफाली आत्महत्याको गर्न प्रयास गरेको देखिन्छ। पुरुषप्रधान समाजमा पुरुषहरूले आफ्नो स्वार्थका लागि महिलालाई मानसिक तथा शारीरिक हिंसा गरी कमजोर बनाई शक्तिको केन्द्रमा पुरुष रहेको छ भने शक्तिको परिधिमा महिला रहेको देखिन्छ।

### ४.५.२ महिला र महिलाबीचको शक्तिसम्बन्ध

*श्रीमती शारदा* उपन्यासमा उपस्थित महिला पात्रहरूको भूमिकाको आधारमा महिला र महिलाबीचको शक्तिसम्बन्ध अध्ययन विश्लेषण गर्न सकिन्छ। पुरुषप्रधान समाजमा पितृसत्ताको वर्चस्व वा पुरुषकै हस्तक्षेपकारी भूमिका देखिनुका साथै महिलाले थाहै नपाएर

पनि पितृसत्ताका कारण महिलाले महिलामाथि दमन र शोषण गरी शक्तिकेन्द्रमा रहेको देखिन्छ भने महिलाबाट दमन, शोषण र हिंसात्मक क्रियाकलाप सहेर महिला कमजोर अवस्थामा रहेको पाइन्छ । यहाँ महिला र महिलाबीचको शक्तिसम्बन्ध अध्ययन गर्ने क्रममा सासु र बुहारीको भूमिकामा सुभद्रा र शारदाबीचको शक्तिसम्बन्धको चर्चा गरिएको छ ।

*श्रीमती शारदा* उपन्यासमा सासु र बुहारीको भूमिकामा पात्रहरू सुभद्रा र शारदाबीचको शक्तिका आधारमा पनि अध्ययन विश्लेषण गर्न सकिन्छ । शक्तिसम्बन्धको अध्ययन गर्दा को कसरी शक्तिको केन्द्रमा रहेको छ भने को कसरी शक्तिको परिधिमा रहेको छ भन्ने कुराको चर्चा गरिएको छ । सुभद्राले आफ्नो छोरा प्रदीप्तमानले भगाएर ल्याएको दुलहीलाई बुहारी मानेर घर भित्त्याएकी छ । शारदाले पनि सुभद्रालाई सासु मानेकी छ । सुभद्रालाई यता उति हेरी उसको सामुन्ने आउँदा उसले शीर अनायास नै झुकाउँछे । सुभद्राले शारदालाई घरमा आफूले नभित्त्याएर छोरीले भित्त्याएको कुराले चिन्ता नगर्नु भनेकी छ भने उसले आफ्नो लोग्ने हर्षमानलाई शारदाको बारेमा जानकारी नदिएको कुरा तल उद्धरणमा प्रस्तुत गरिएको छ :

> तिमीले केही अप्ठेरो मान्न पर्दैन । मेरो छोराले मन पराएर विवाह गरेर ल्याएपछि कुनै बाबुआमाले बुहारीलाई घरभित्र नहुली चूप लागेर बस्न सक्लान् ! आखिर विवाह गरेर ल्याए पनि उसैका निमित्त हो । यसैले तिमीले चिन्ता गर्नुपर्दैन । हाम्रो आफन्त नातागोताहरूले औंला ठड्याए भने त्यसको जवाफ पनि मैले दिन जानेकी छु । लौ तिमी कोठाभित्र नै बस । तिम्रो ससुरासँग भोलि बिहान ढोक गराइदिन लगिदिउँला । (मल्ल, २०५६ : ४०)

प्रस्तुत माथिको उद्धरणमा पितृसत्ताको वर्चस्व रहेको समाजमा पनि महिला शक्तिकेन्द्रमा रहेको देखिन्छ । सुभद्रा घरपरिवारको सम्पूर्ण निणर्य भूमिकामा रहेकी छ । आफ्नो छोरा प्रदीप्तमानले आफ्नै साथी केशरबहादुरकी स्वास्नी शारदालाई भगाएर विवाह गरी घर भित्त्याएको देखिन्छ । आफ्नो छोराले मन पराएर बिहे गरेकी बुहारीलाई घरमा भित्त्याउनु पनि छोराकै निमित्त हो अरू छरछिमेकीको चासोको कुरा होइन भनेकी छ । उसले आफ्ना आफन्त र नातागोताले केही भने पनि त्यसको जवाफ आफैँले दिन सक्छु भनेकी छ । बुहारी शारदालाई कसैले केही भने पनि चिन्ता लिनु पर्दैन र तिम्रो ससुरासँग पनि भोलि ढोग गराइदिन लगिदिन्छु भन्नुले पनि घरपरिवारभित्र सासू सुभद्राको खटनपटन

रहेको कुरा स्पष्ट रूपमा देख्न सकिन्छ । यसर्थ शक्तिको केन्द्रमा सासू सुभद्रा रहेकी छ भने सासुको खटनपटनमा रहेर काम गर्नु पर्ने भएकोले पनि शारदा शक्तिको परिधिमा रहेको कुरा माथिको उद्धरणले पुष्टि गर्छ ।

## ४.६ निष्कर्ष

विजय मल्लका *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासमा उपस्थित पात्रहरूको भूमिकाका आधारमा लैङ्गिक शक्तिसम्बन्धका अध्ययन विश्लेषण गर्दा पितृसत्तात्मक सामाजिक संरचनाका कारण परिवारको शक्तिकेन्द्रमा र शक्तिको परिधिमा महिला र पुरुष दुबै रहेका छन् । *अनुराधा* उपन्यासमा रत्नमानसिंहले अनुराधाको रुचि-अरुचि र स्वीकृति-अस्वीकृतिको कुनै सरोकार राख्दैन । उसले अनुराधाकी आमासँग मिलेर षडयन्त्रपूर्वक पत्नी बनाएको देखिन्छ भने अनुराधाले नचाहँदा नचाहँदै पनि पति स्वीकार्न बाध्य भएकी छ । अनुराधाले बिहेको स्वयंवरको माला चुँडालेर विवाह असफल पारे पनि रत्नमानसिंहले अनुराधाकी आमालाई छोरी अनुराधा घरमा पठाउनु भन्ने धम्कीपूर्ण पत्र लेख्छ । यसर्थ पनि अनुराधा र अनुराधाकी आमा शक्तिको परिधिमा रहेका छन् । अनुराधा र समुन्द्रमानबीचको अनुचित सम्बन्धका कारण समुन्द्रमान विराटनगरमा गएर बस्छ । उसले त्यहाँका महिलालाई वासनापूर्ति साधनका रूपमा प्रयोग गर्छ । केही समय घरमा राख्ने र घोकाएर निकाल्ने जस्ता अमानवीय क्रियाकलाप गरी महिलामाथि दमन शोषण गरी कमजोर अवस्था पुऱ्याएका कारण शक्तिको केन्द्रमा पुरुष रहेका छन् भने महिला शक्तिको परिधिमा रहेका छन् । महिला र महिलाबीचको शक्तिकेन्द्रमा अनुराधाकी आमा रहेकी छ । उसले आफ्नी छोरीहरूको बिहे स्वनिणर्यअनुसार गरेकी छ । घरपरिवारको जिम्वारी र निणार्यक भूमिकामा रहेकी कारण पनि शक्तिकेन्द्रमा छे भने शक्तिकेन्द्रको परिधिमा छोरीहरू रहेका छन् ।

*कुमारी शोभा* उपन्यासमा बाबुकाजीले काकी राजमतीको घरमा जात्रा हेर्न आएका शोभा र उषामाथि दुर्व्यवहार गरी आफ्नो नियम लाद्न खोजेको देखिन्छ । बाबुकाजीको दुर्व्यवहारप्रति उनीहरूले कुनै प्रतिकार समेत गरेको देखिँदैन । यसर्थ शक्तिको केन्द्रमा पुरुष र शक्तिकेन्द्रको परिधिमा महिला रहेका छन् । शारदाले आफ्नो छोरा उपेन्द्रको बिहे शोभासँग गराउँन चाहेकी छैन । उसले घरपरिवारको निणर्य भूमिकामा रहेका कारण पनि शक्तिको केन्द्रमा रहेकी छ । माहिलीको लोग्ने गणेश पनि स्वास्नीको कमाइमा जिवीकोपार्जन गरेको

देखिन्छ । माहिली घरपरिवारको आर्थिक र निणार्यक भूमिकामा उपस्थित भएकी छ । यसर्थ शक्तिको केन्द्रमा माहिली रहेकी छ भने गणेश शक्तिकेन्द्रको परिधिमा रहेको छ । धनमाया पनि आफ्नो लोग्नेको मृत्यु पश्चात छोरा मोतीको कमाइमा आश्रित भएको देखिन्छ ।

यस उपन्यासमा महिला र महिला बिचको शक्तिसम्बन्धलाई केलाउदा मिस्रीले रूढि परम्परा र धार्मिक अन्धविश्वासका कारण शोभालाई कुमारी देवी भइसकेकी महिलाले विवाह गरेमा उसको पहिलो पतिको मृत्यु हुन्छ भनेर मानसिक रूपमा कमजोर वा शक्तिहीन बनाएकी छ । अजीले कुमारी शोभामाथि हप्कीदब्की गरेर आफ्नो आज्ञापालना गराउने शासकको रूपमा प्रभुत्व कायम गरेकी छ । यसर्थ मिस्री र अजी दुबैले शोभामाथि दमन र शोषण गरेका कारण शक्तिकेन्द्रमा रहेका छन् भने शोभा शक्ति केन्द्रको परिधिमा रहेकी छ ।

*श्रीमती शारदा* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचना आर्थिक शक्ति र निणर्य प्रक्रियामा पुरुषको वर्चस्वका कारण महिलामाथि शारीरिक तथा मानसिक हिंसा गरी दमन शोषण गरेको देखिन्छ । केशरबहादुरले प्रदीप्तमानसँग प्रतिमा श्रेष्ठको अनुचित सम्बन्धका कारणले स्कुलको प्रतिष्ठामा आँच पुऱ्याएको भन्ने झुठो आरोप लगाउँछ जुन कुराले प्रतिमा श्रेष्ठलाई इनारमा हाम फालेर आत्म हत्या गर्ने कुरा सोंच्न बाध्य पारेको देखिन्छ । पुरुषप्रधान समाजमा केशरबहादुर शक्तिको केन्द्रमा रहेको छ भने शक्तिको परिधिमा प्रतिमा श्रेष्ठ रहेकी छ । प्रदीप्तमानले केशरबहादुरसँग बदला लिने नियतले केशरबहादुरकी स्वास्नी शारदालाई सडकमा घिसार्दै भट्टीपसलको कोठामा थुनेर राख्छ । पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहेको देखिन्छ । पुरुषले महिलालाई निरीह शक्तिहीन बनाएको पाइन्छ । प्रदीप्तमानकी आमा सुभद्राले आफ्नो लोग्नेलाई छोराले अर्काकी स्वास्नी भगाएर ल्याएको कुरा घरमा भित्त्याउँदा पनि थाहा समेत दिएकी छैन । त्यसैले घरपरिवारको निर्णायक भूमिकामा सुभद्रा रहेकी छ ।

समग्रमा विजय मल्लका उपन्यासमा उपस्थित पात्रहरूको भूमिकामा केही महिला र पुरुष पात्रहरू शक्तिको केन्द्रमा रहेका छन् भने केही महिला र पुरुष पात्रहरू शक्तिको परिधिमा रहेका छन् । यसरी उपन्यासमा शक्तिको केन्द्रमा कहिले पितृसत्ताको प्रतिनिधित्व त कहिले नारी अस्तित्वलाई स्वीकार गर्ने महिला र पुरुष देखिए तापनि अन्तत : लैङ्गिक पक्षधर नै देखिन्छ । यसरी मल्लका उपन्यासमा पुरुष र महिला दुबै शक्तिको केन्द्रमा र परिधिमा रहेका कारण केन्द्रीय शक्ति संरचनाका विरुद्धमा गरिएको सम्बन्धको अभ्यास महत्त्वपूर्ण पक्ष

हो । पितृसत्तात्मक सामाजिक संरचनामा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिकोणले शक्तिको केन्द्रमा पुरुष मात्र नभएर महिला पनि हुन्छन् र शक्तिको परिधिमा महिला मात्र नभएर पुरुष पनि हुन्छन् भन्ने कुरा मल्लका उपन्यासहरूले पुष्टि गरेका छन् ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधप्रबन्धमा विजय मल्लका उपन्यासमा लैङ्गिकता शीर्षकलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधका परिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, सीमाङ्कन, शोधको अध्ययन विधि र यसअन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैंद्धान्तिक आधार र ढाँचा र शोधको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेद विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व प्रस्तुत गरिएको छ । यस लैङ्गिक प्रतिनिधित्व सम्बन्धी सैद्धान्तिक स्वरूपको परिचय प्रस्तुत गरी त्यसकै आधारमा मल्लमा *अनुराधा, कुमारी शोभा र श्रीमती शारदा* उपन्यासमा लैङ्गिक प्रतिनिधित्वको अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासहरूमा महिला तथा पुरुष पात्रहरूको भूमिकाका आधारमा पितृसत्तात्मक सामाजिक संरचना सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक पक्षमा पितृसत्ताले पारेको प्रभावको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडन प्रस्तुत गरिएको छ । यसमा लैङ्गिक उत्पीडन सम्बन्धी सैंद्धान्तिक स्वरुपको परिचय प्रस्तुत गरी त्यसकै आधारमा मल्लका *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक उत्पीडन अध्ययन विश्लेषण गरिएको छ । तत्कालीन पितृसत्तात्मक समाजमा महिला र पुरुषले भोग्नु परेका मानसिक तथा शारीरिक पीडालाई प्रस्तुत गरिएको छ । यस क्रममा आर्थिक शक्ति र सत्ताका आडमा पुरुषद्वारा महिलामाथि, महिलाद्वारा पुरुषमाथि र महिलाद्वारा महिलामाथि गर्ने शारीरिक तथा मानसिक उत्पीडनको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेद विजय मल्लका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध प्रस्तुत गरिएको छ । यसमा शक्तिसम्बन्धी सैद्धान्तिक स्वरूपको परिचय प्रस्तुत गरी मल्लका *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यसमा फ्रान्सेली चिन्तक फुकोका शक्तिसम्बन्धी

मान्यताका आधारमा उपन्यासको विश्लेषण गरिएको छ। पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष नै शक्तिकेन्द्रमा रहेका छन्। आर्थिक, सांस्कृतिक, धार्मिक, निणार्यक प्रक्रिया र सामाजिक संरचनाका आडमा शक्तिकेन्द्रमा महिला तथा पुरुषले प्रभुत्व वा शक्ति प्रदर्शन गरेको हुन्छ भने शक्तिकेन्द्रको परिधिमा रहेका उत्पीडन लिङ्गले आफूमाथि भएको अन्याय र अत्याचार विरुद्धमा प्रतिकार गर्दा शक्तिको निर्माण हुन्छ। त्यसैले केन्द्रीय शक्ति संरचना रुपान्तरित हुन सक्छ भन्ने कुराको अध्ययन गरिएको छ।

## ५.२ निष्कर्ष

विजय मल्लका उपन्यासमा लैङ्गिकता शीर्षक यस शोधप्रबन्धमा प्रस्तुत गरिएका प्राज्ञिक जिज्ञासा मूलक शोध्य प्रश्नहरूको समाधान पाश्चात्य समालोचनामा प्रचलित सांस्कृतिक अध्ययन पद्धतिलाई आधार मानेर गरिएको छ। लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययन पद्धतिकै एक पाटोको रूपमा विकसित सैद्धान्तिक मान्यता भएकाले सांस्कृतिक अध्ययनमा प्रतिनिधित्व, उत्पीडन र शक्तिसम्बन्धलाई सैद्धान्तिक आधार उपयोग गरी प्रस्तुत विश्लेषण गरिएको छ। यसरी विभिन्न सैद्धान्तिक मान्यतालाई आधार बनाई समस्या कथनमा प्रस्तुत गरिएको तीनवटा समस्याको प्राज्ञिक समाधान खोज्दा प्राप्त गरेका कुराहरूलाई निष्कर्षका रूपमा तल प्रस्तुत गरिएको छ।

१. विजय मल्लका उपन्यासमा लैङ्गिक प्रतिनिधित्वको केकस्तो चित्रण गरिएको छ भन्ने प्रश्न यस अध्ययनको पहिलो समस्याको रुपमा रहेको छ। यस समस्याको समाधान शोधप्रबन्धको दोस्रो परिच्छेदमा गरिएको छ। शोध त्यस क्रममा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(क) विजय मल्लका उपन्यासमा महिला र पुरुषको भूमिकाका आधारमा लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गरिएको छ। पितृसत्तात्मक सामाजिक संरचनामा तत्कालीन नेपाली समाजको चित्रण उपन्यासमा प्रमुख तथा सहायक नारी तथा पुरुष पात्रहरूको भूमिकाले विविध प्रकारका प्रतिनिधित्व गरेका छन्। मल्लका तीन वटै उपन्यासमा अस्तित्व बोध गरी विद्रोही नारीको रूपमा, रूढि परम्परा र पितृसत्ता, प्रभुत्वशाली वर्ग, पुँजीवादी सामन्ती वर्ग, पुरानो विचार, मूल्य मान्यता,

धार्मिक अन्धविश्वास, सांस्कृतिक पक्ष, नयाँ विचार सहित लैङ्गिक प्रतिनिधित्व गराइएको छ ।

(ख) विजय मल्लका तीन वटै उपन्यासमा उपस्थित महिला तथा पुरुष पात्रहरूको भूमिकाको आधारलाई हेर्दा एकै किसिमको प्रतिनिधित्व गरेका छैनन् । *अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधाले समाजका नारी आदर्शको पर्खाल नाघेर बाहिर आउन नसक्ने नारी मात्रको नाममा जीवन बाँचिरहेका आमनारी भन्दा पृथक् अर्थात् विद्रोही नारीको प्रतिनिधित्व गरेकी छ। त्यसै गरी *कुमारी शोभा* उपन्यासकी प्रमुख नारी पात्र शोभा र मिस्रीले सांस्कृतिक तथा धार्मिक अन्धविश्वास कारण पितृसत्ताको प्रतिनिधित्व गरेकी छ भने अर्की नारी पात्रको भूमिकामा रहेकी राजमतीले नयाँ विचारको प्रतिनिधित्व गरेकी छ । *श्रीमती शारदा* उपन्यासकी प्रमुख नारी पात्र शारदाले पुरुषप्रधान समाजमा पुरुषले महिलामाथि ज्यादती गरी मानसिक तथा शारीरिक हिंसा गरेका छन् भन्ने महिलाहरूले पुरुषले गरेका अन्याय अत्याचारप्रति प्रतिकार समेत गर्न नसक्ने सीमान्कृत महिलाको प्रतिनिधित्व गरेकी छ भने माहिलीले आर्थिक र निणर्य प्रक्रियाको प्रतिनिधित्व गरेकी छ ।

यी तीन वटै उपन्यासका नारी पात्रहरू अनुराधाकी आमा, अनुराधाकी दिदीहरू, मिस्री, धनमाया, शारदा मोहिनी, अजी आदिले पितृसत्ताको प्रतिनिधित्व गरेका छन् । *अनुराधा* उपन्यासका प्रमुख पुरुष पात्र कोमलमानले प्रभुत्वशाली लिङ्ग *कुमारी शोभा* उपन्यासका प्रभुख पुरुष पात्र उपेन्द्रले शिक्षित तथा बौद्धिक वर्ग र *श्रीमती शारदा* उपन्यासका प्रमुख पुरुष पात्र प्रदीप्तमानले पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्वका साथ पितृसत्ताको प्रतिनिधित्व गरेका छन् । यी तीनै उपन्यासका पुरुष पात्रहरू रत्नमानसिंह, समुन्द्रमान, बाबुकाजी, केशरबहादुर र हर्षमानले पितृसत्ताको प्रतिनिधित्व गरेकाछन् भने गणेश र माहिलाचाले सीमान्तकृत पुरुषको प्रतिनिधित्व गरेका छन् ।

(ग) विजय मल्लका उपन्यासहरू नेपाली समाजको पितृसत्तात्मक चरित्रलाई लैङ्गिक प्रतिनिधित्व गर्न सक्ने सशक्त सन्देशमूलक रहेका छन् । तत्कालीन नेपाली समाज व्यवस्थाले उब्जाएको विभेदका कारण सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक अन्धविश्वास जस्ता समस्यालाई उच्च महत्त्वका साथ सम्बोधन गरका छन् ।

पुरुषप्रधान समाज व्यवस्थाले उब्जाएको विभेदकारी संस्कारका कारण अनुराधा, शोाभा र शारदाले जीवनमा ठूलो सास्ती भोग्नु परेको छ । मल्लका उपन्यासमा पितृसत्ताको वर्चस्वका कारण लैङ्गिक विभेदकारी मूल्यमान्यताका कारण समाजमा महिला मात्र होइन पुरुषले पनि दुःख पाइरहेका छन् । *अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधालाई सशक्त विद्रोही चरित्रको भूमिका प्रस्तुत गरेर समाज सुधार हुने र महिला र पुरुषबीचको असमानता हटाउँनका लागि युगको आवाजलाई सशक्त ढङ्गले घन्काएका छन् । मल्का तीन वटै उपन्यासहरूको नामाकरण पनि नारीकै नामबाट प्रकाशित गर्नुले पनि नारी अस्तित्ववादी जीवन दर्शनप्रति मल्लको समर्थन भाव प्रस्टसित ध्वनित भएको पाइन्छ ।

२ .विजय मल्लका उपन्यासमा लैङ्गिक उत्पीडन के कसरी चित्रण गरिएको छ भन्ने प्रश्न प्रस्तुत अध्ययनको दोस्रो समस्याका रूपमा रहेको छ । यस समस्याको समाधान शोधप्रबन्धको तेस्रो परिच्छेदमा गरिएको छ । त्यस क्रममा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(क) विजय मल्लका उपन्यासमा महिला तथा पुरुष पात्रहरूले पितृसत्तात्मक सामाजिक संचरना कारण लैङ्गिक उत्पीडनमा परेका छन् । तिनै उत्पीडित हुन बाध्य महिला तथा पुरुष मानसिक तथा शारीरिक हिंसाका विरुद्धमा प्रतिकार गरेका छन् । उनीहरूको प्रतिरोध उत्पीडनकारी पितृसत्तात्मक सामाजिक संरचनामा सामन्ती संस्कृतिका विरुद्धमा केन्द्रित छ ।

(ख) पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषले नारीलाई कमजोर, भोग्या र कुनै वस्तु सरह ठानेर निरीह जीवन बाँच्न विवश तुल्याएको यथार्थ चित्रणलाई प्रस्तुत गरिएको छ । लैङ्गिक चेतनाका अभावमा *अनुराधा* उपन्यासकी अनुराधाकी आमा, अनुराधाकी दिदीहरूले पितृसत्ताको आडमा अनुराधामाथि मानसिक हिंसा गरेका छन् भने अनुराधाले उत्पीडनको बोध गरेर प्रतिरोध गरेको देखिन्छ । *कुमारी शोभा* उपन्यासमा पनि लैङ्गिक चेतनाका अभावमा मिश्रीले शोभामाथि धार्मिक अन्धविश्वासका नियम लादेर मानसिक हिंसा गरी उत्पीडनमा पारेकी छ । पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व/शक्तिका आडमा महिलामाथि शारीरिक तथा मानसिक हिंसा गरी उत्पीडनमा पारिएको यथार्थ चित्रण *श्रीमती शारदा* उपन्यास

देख्न सकिन्छ । केशरबहादुरकी श्रीमती शारदाले कुनै कसुर नगरे पनि प्रदीप्तमानले सडकमा घिसार्दै अमानवीय व्यवहारले मानसिक तथा शारीरिक हिंसा गरेर एउटी महिलामाथि जघन्य अपराध गरेको देखिन्छ । यहाँ पुरुष शक्तिको केन्द्रमा रहेको छ भने महिला शक्तिकेन्द्रको परिधिमा रहेको छ । यसर्थ तत्कालीन पुरुषप्रधान समाजमा पुरुष उत्पीडक र महिला उत्पीडित रहेका छन् ।

(ग) विजय मल्लका *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासमा लैङ्गिक चेतनाका अभाव भएका नारी र चेतना भएका नारीहरूलाई उपस्थित गराएर शक्ति र सत्ताको पहुँचमा हुनेहरूले नारीमाथि शारीरिक तथा मानसिक हिंसा गरेर उत्पीडनमा पारेर छन् । नारीले पनि आफ्नो जीवनमा आफ्नो अस्तित्वको स्वतन्त्रताप्रति सचेत बन्दै गएको देखिन्छ । यसरी नारीले आफ्नो अस्तित्व रक्षार्थका विरुद्धमा उत्रन सक्छन् भन्ने सन्देश सम्प्रेषित गरेको पाइन्छ ।

(घ) विजय मल्लका पहिलो उपन्यास *अनुराधा* मा अनुराधाले आफूमाथि भएका लैङ्गिक हिंसाका विरुद्ध प्रतिरोध गरेको देखिन्छ । *कुमारी शोभा* उपन्यासमा पितृसत्तात्मक संरचनाका कारण समलैङ्गिक उत्पीडनमा परेकी शोभाले प्रतिरोध गरेकी छ र *श्रीमती शारदा* उपन्यासकी प्रमुख नारी पात्र शारदाले पुरुषको सत्ता र शक्तिका कारण मानसिक तथा शारीरिक हिंसामा परेर उत्पीडनमा परेकी छ । यसरी नारीले रुढि परम्परा र मूल्यमान्यताका कारण समाजमा चल्दै आएको गलत परिपाटीप्रति नतमस्तक भई अस्तित्वशून्य जीवन रोज्नु हुँदैन भन्ने चेतनाका दृष्टिले मल्लका उपन्यास सशक्त देखिन्छन् ।

३ विजय मल्लका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध केकस्तो देखाइएको छ भन्ने प्रश्न प्रस्तुत अध्ययनको तेस्रो समस्याका रूपमा रहेको छ । यस शोधप्रबन्धको चौथो परिच्छेदमा शोद्य समस्याको समाधानका क्रममा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(क) नेपाली समाज पितृसत्तात्मक सामाजिक संरचनामा निर्माण भएको शक्तिकेन्द्रमा पुरुषको प्रभुत्व रहेको देखिन्छ । मल्लका *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासमा उपस्थित पुरुष पात्रहरू रत्नमानसिंहले अनुराधा र अनुराधाकी

आमामाथि, बाबुकाजीले शोभा र उषामाथि, केशरबहादुर र प्रदीप्तमानले प्रतिमा श्रेष्ठ र शारदामाथि शक्तिप्रदर्शन गरेका छन्। त्यसैले शक्तिको केन्द्रमा पुरुष र शक्तिकेन्द्रको परिधिमा महिला रहेका छन्। यसर्थ पुरुष शक्तिशाली र महिला शक्तिहीन साबित भएका छन्।

(ख) पुरुषप्रधान समाजमा आर्थिक शक्ति र निणर्य प्रक्रियामा पुरुषको प्रभुत्व रहेको देखिन्छ तर मल्लका उपन्यासमा त्यस्तो छैन। *अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधाले षडयन्त्रपूर्वक तय गरिएको विवाहमा स्वयंवरको माला चुँडाएर फ्याँके पनि रत्नमानसिंहको पत्नी बन्न बाध्य भएकी छ। तर अनुराधा चुप लागेर बसेकी छैन। अनुराधाले आफ्नो अस्तित्व र स्वतन्त्रताका लागि विद्रोह गरेकी छ। यसरी लैङ्गिक शक्तिको केन्द्रमा पुरुष मात्र नभएर महिला पनि शक्तिको केन्द्रमा रहेको देखिन्छ। अनुराधाकी आमा पनि शक्तिको केन्द्रमा रहेकी छ। उसले पतिको कुनै पनि स्वीकृति नलिएर आफ्नी छोरीहरूको बिहे गरिदिएकी छ।

*कुमारी शोभा* उपन्यासमा शोभा र उषा कुमारी जात्रा हेर्न गएका बेलामा बाबुकाजीले दुर्व्यवहार गर्छ। उनीहरूले कुनै प्रतिकार गर्न सकेको छैनन्। त्यसले शक्तिकेन्द्रमा पुरुष रहेको छ भने शक्ति केन्द्रको परिधिमा महिला रहेकी छ। *र श्रीमती शारदा* उपन्यासको प्रमुख पुरुषपात्र प्रदीप्तमानले आफ्नै साथी केशरबहादुरकी श्रीमती शारदालाई जबरजस्ती सडकमा घिसारेर भट्टीपसल थुनेर राख्छ। शारदाले आफ्नो घरबाट घिसार्दै सडकमा आउदा पनि हारगुहार गर्न सकेकी छैन। पुरुषप्रधान समाजमा पुरुषले जे गर्दा पनि हुने देखिन्छ। यसरी शक्तिकेन्द्रमा पुरुष रहेका छन् भने शक्ति केन्द्रको परिधिमा महिला रहेका छन्। यस उपन्यासकी अर्की नारी पात्र माइलीले व्यापार व्यवसाय गरी परिवार सहित जिवीकोपार्जन गरी शक्तिकेन्द्रमा महिला रहेकी छ भने उसको लोग्ने गणेश स्वास्नीको भरमा जिवीकोपार्जन गर्ने अशक्त पुरुष भएकै कारण शक्तिकेन्द्रको परिधि रहेको छ। पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्व रहेको अवस्थामा नारीले आफ्ना हक स्वतन्त्रताका लागि विद्रोह गर्नु अस्तित्व प्राप्तिको शक्ति हो।

समग्र रूपमा विजय मल्लका उपन्यासको अध्ययन गर्दा उनका *अनुराधा, कुमारी शोभा* र *श्रीमती शारदा* उपन्यासमा उपस्थित महिला तथा पुरुष पात्रहरूले पितृसत्ता, पुरानो विचार, नयाँ विचार, प्रभुत्वशाली लिङ्ग, उत्पीडित लिङ्ग, उत्पीडक लिङ्ग जस्ता लैङ्गिकताको प्रतिनिधित्व गरेका छन् । उनका उपन्यासमा पितृसत्तात्मक संरचनाका कारण पुरुषले विभिन्न बहानामा महिलामाथि शारीरिक तथा मानसिक हिंसा गरी उत्पीडन सहन बाध्य पारेका छन् भने पुरुषप्रधान समाजमा पुरुषको प्रभुत्व रहे तापनि पुरुष पनि महिलाबाट मानसिक हिंसामा परेका छन् । यहाँ पुरुष मानसिकता बोकेका महिलाद्वारा महिला माथि मानसिक हिंसा गरी उत्पीडनमा पारेको अवस्था पनि रहेको देखिन्छ ।

पितृसत्तात्मक संरचना अनुसार विजय मल्लका उपन्यासमा पुरुषले महिलालाई कमजोर र उपभोग्य वस्तुसरह ठानेर दमन शोषण गरेको छ र त्यहाँ पुरुषहरू शक्तिको केन्द्रमा रहेका छन् अनि महिला शक्तिकेन्द्रको परिधिमा रहेका छन् । *अनुराधा* उपन्यासकी प्रमुख नारी पात्र अनुराधाले आफ्नो अस्तित्व रक्षार्थ विद्रोह गरी शक्तिको केन्द्रमा पुगेकी छ । पुरुषप्रधान समाजमा पुरुषले महिलाको आवाजलाई दबाएर शक्तिको केन्द्रमा पुग्ने गरेको भए तापनि मल्लले *अनुराधा* उपन्यासमा चाहिँ नारीलाई शक्तिको केन्द्रमा पुऱ्याएका छन् ।

विजय मल्लका यी तीन वटै उपन्यासमा लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक उत्पीडन र लैङ्गिक शक्तिसम्बन्धको सन्दर्भलाई प्राथमिकताका साथ अभिव्यक्त गरिएको छ । उनका उपन्यासमा लैङ्गिक रूपमा महिलाको आवाजलाई शक्तिशाली बनाइएको छ । ती उपन्यासभित्र घरेलु हिंसा, दुर्व्यवहार, धार्मिक अन्धविश्वास र लैङ्गिक विभेदकारी सामाजिक समस्या जस्ता विषयलाई उठान गरिएको छ । हाम्रो समाजमा नारीलाई हेर्ने र बुझ्ने दृष्टिकोण पुरानै ढाँचाको रहेको छ । उनका उपन्यासहरूमा नारीहरू शिक्षित होऊन् या अशिक्षित सबै अझसम्म पितृसत्तात्मक बन्धनमा जकडिएर बाँच्न बाध्य भइरहेको अवस्थाप्रति ध्यान आकर्षित गरेको देखिन्छ । यसरी मल्लका उपन्यासमा लैङ्गिक विभेदको चित्रण गर्दै हाम्रो समाजमा जरो गाडेर बसेको पुरातन मूल्यमान्यतालाई भत्काई समाजमा समय अनुकूलको नयाँ मूल्य मान्यताको प्रतिस्थापना गर्नुपर्छ भन्ने सामाजिक सन्देशको सम्प्रेषण गरिएको पाइन्छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, विज्ञान (२०७०). *विजय मल्लका उपन्यासमा नारी समस्या र विद्रोह.* अप्रकाशित दर्शनाचार्य, शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

आचार्य, रामप्रसाद प्रस्तोता (२०५५). "मेरो दुर्बलता त्यसकै उपज हो- विजय मल्ल, फर्केर हेर्दा." *गोरखा पत्र.* (माघ-२, पृ. ख, शनिवारीय ) ।

उप्रेती, सञ्जीव (२०६९).*सिद्धान्तका कुरा* (चौथो संस्क.).काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप.* ललितपुर : साझा प्रकाशन ।

कार्की, शान्ता (२०४४). *उपन्यासकार विजय मल्ल.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविधालय ।

गिरी, अमर (२०७०). "सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा." *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९) पृ. १६-४६ ।

गुरागाई, राधिका (२०७०). *प्रेम पिण्ड नाटकमा लैङ्गिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग त्रि. वि, कीर्तिपुर ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* ललितपुर : साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६८). *विजय मल्लका उपन्यास : सन्दर्भ र विमर्श.* काठमाडौं : विजय मल्ल स्मृति प्रतिष्ठान ।

घर्ती, दुर्गाबहादुर (२०६८)."समालोचना अध्ययन जीवनीगत सन्दर्भमा विजय मल्लका उपन्यास." *प्रज्ञा* (अङ्क-१, पूर्णाङ्क- १०५) काठमाडौं : प्रज्ञा प्रतिष्ठान ।

ढकाल, रजनी (२०७०). *"सांस्कृतिक अध्ययनमा लैङ्गिकता." भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९) पृ. ३२६-३३ ।

नेपाली, चैतन्य (२०७०).*"समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन." भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९) पृ. १४२-६५ ।

पाण्डे, ज्ञानू (२०६६). *विजय मल्ल स्मृतिग्रन्थ.* (सम्पा. चैतन्य प्रधान तथा अन्य). काठमाडौँ : विजय मल्ल स्मृति समाज ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७०). "संस्कृति,सांस्कृतिक अध्ययन र मार्क्सवाद." *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९) पृ. १७३-१९३ ।

पाण्डेय, ताराकान्त (२०७३).*मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, दीपककुमार (२०७१). *रूपमती उपन्यासको लैङ्गिक अध्ययन,* अप्रकाशित शोध प्रबन्ध दर्शनाचार्य तह, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

भट्टराई, रमेशप्रसाद (२०६८). "लैङ्गिक समालोचना." *रत्न बृहत् नेपाली समालोचना.* (सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.) काठमाडौं :रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०)."सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू."*भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्कक, भाग १९ ) पृ. ३३४-४४) ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त* र *नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मल्ल, विजय (२०१८). *अनुराधा.* (दसौं संस्क.)ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजय (२०३९). *कुमारी शोभा.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, विजय (२०५६). *श्रीमती शारदा.* समकालीन साहित्य पत्रिका (वर्ष ९ : अङ्क-४) काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लुइँटेल, लीला (२०६६). "सांस्कृतिक दृष्टिबाट कुमारी शोभा उपन्यासको विश्लेषण". *विजय मल्ल स्मृतिग्रन्थ,* सम्पा. चैतन्य प्रधान तथा अन्य, काठमाडौँ : विजय मल्ल स्मृति समाज ।

सिवाकोटी, रमा (२०६२). *उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

सुवेदी, राजेन्द्र (२०६६). *"केही मनोविश्लेषणका विन्दुहरू : अनुराधा उपन्यासभित्र." कुञ्जिनी,* (वर्ष : १२, अङ्क : ९) नेपाली केन्द्रीय विभाग ।